
असोज - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


| वर्ष २६, अङ्क १२ | २०७४, असोज १६–३१ | पूर्णाङ्क ६०६ |
|---|---|---|


प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री नहकुल सुवेदी** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **कायम मुकायम रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद बस्याल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** सहप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | १ |
| संयुक्त इजलास | २२ |
| इजलास नं. १ | ४ |
| इजलास नं. २ | ४ |
| इजलास नं. ३ | १४ |
| इजलास नं. ४ | ७ |
| इजलास नं. ५ | ५ |
| इजलास नं. ६ | ४ |
| इजलास नं. ७ | १० |
| इजलास नं. ८ | ४ |
| जम्मा | ७५ |

| | |
|---|---|
| इजलास नं. ९ | २ |
| इजलास नं. १० | ४ |
| इजलास नं. ११ | २ |
| इजलास नं. १२ | ४ |
| इजलास नं. १३ | २ |
| इजलास नं. १४ | १ |
| इजलास नं. १५ | २ |
| इजलास नं. १६ | १ |
| इजलास नं. १७ | १ |
| इजलास नं. १८ | १ |
| जम्मा | २० |

**कूल जम्मा** **७५ + २० = ९५**

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७४, असोज – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

---

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१ - २** |
| १. | कर्तव्य ज्यान | रामबहादुर कापड वि. नेपाल सरकार | |
| **संयुक्त इजलास** | | | **२ - १०** |
| २. | लागु औषध गाँजा र खोटा चलन | प्रमाजित सिंह भन्ने रंजित सिंह वि. नेपाल सरकार | |
| ३. | उत्प्रेषण | पदमबहादुर गुरूङ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत | |
| ४. | उत्प्रेषण / परमादेश | जगदीश आचार्य वि. नेपाल सरकार अर्थ मन्त्रालयसमेत | |
| ५. | उत्प्रेषण / परमादेश | रमेशकुमार पाठकसमेत वि. नेपाल सरकार अर्थ मन्त्रालयसमेत | |
| ६. | उत्प्रेषण | दजालाल यादव वि. भूमी सुधार कार्यालयसमेत | |
| ७. | उत्प्रेषण / परमादेश | पवन राय वि. श्रम अदालत, अनामनगरसमेत | |
| ८. | उत्प्रेषण / परमादेश | विष्णु गिरी वि. नेपाल सरकार स्वास्थ्य सेवा विभाग टेकुसमेत | |
| ९. | उत्प्रेषण / परमादेश | जया सत्याल वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत | |
| १०. | कीर्ते जालसाज | फतिलाल चौधरी वि. भिलु साहसमेत | |
| ११. | कीर्ते जालसाजी | फतिलाल चौधरी वि. भिलु साहसमेत | |
| १२. | बन्दी प्रत्यक्षीकरण | प्रीति रमण वि. केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगन्ज, काठमाडौंसमेत | |
| **इजलास नं. १** | | | **१० - १३** |
| १३. | उत्प्रेषण / परमादेश | ऋद्धी विक्रम थापा वि. प्रहरी प्रधान कार्यालय, काठमाडौंसमेत | |
| १४. | उत्प्रेषण / परमादेश | महेन्द्र खड्कासमेत वि. स्थानीय विकास मन्त्रालयसमेत | |
| १५. | उत्प्रेषण / परमादेश | महेन्द्र खड्का वि. जि.वि.स. को कार्यालय, विराटनगरसमेत | |
| १६. | जबर्जस्ती करणी | नेपाल सरकार वि. खिलबहादुर अधिकारी | |
| **इजलास नं. २** | | | **१३ - १५** |
| १७. | मोही नामसारी | श्रीकान्त महरा चमार वि. जगन्नाथ शुक्ल भूमीहार | |
| १८. | कर्तव्य ज्यान र चोरी | नेपाल सरकार वि. गणित राई | |
| **इजलास नं. ३** | | | **१५ - २५** |
| १९. | कर्तव्य ज्यान | कान्छा परियार वि. नेपाल सरकार | |
| २०. | कर्तव्य ज्यान | चिरबिरे सुनार वि. नेपाल सरकार | |
| २१. | जबर्जस्ती करणी | आकाश थापा मगर वि. नेपाल सरकार | |
| २२. | वन पैदावर हानि नोक्सानी एवम् चोरी निकासी | अनिलकुमार पाख्रिन वि. नेपाल सरकार | |

| | | |
|---|---|---|
| २३. | सामूहिक जबर्जस्ती करणी | नेपाल सरकार वि. रविन जि.सी.समेत |
| २४. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. रामचन्द्र राय यादवसमेत |
| २५. | ठगी | नेपाल सरकार वि. पुष्पराज पाण्डेसमेत |
| २६. | जबर्जस्ती करणी | मानबहादुर *(लुहार)* कामी वि. नेपाल सरकार |
| २७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मदन श्रेष्ठ |
| २८. | जबर्जस्ती करणी | नेपाल सरकार वि. भोला अन्सारी |
| २९. | ठगी | काशिराम लोनिया वि. नेपाल सरकार |
| ३०. | कर्तव्य ज्यान | रनबहादुर नेपाली वि. नेपाल सरकार |
| ३१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. लोकेन्द्र राई |
| ३२. | कर्तव्य ज्यान | डोबबहादुर पचभैया वि. नेपाल सरकार |
| **इजलास नं. ४** | | **२५ - २९** |
| ३३. | परमादेश | हरिप्रसाद शर्मा अचार्य वि. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, थापाथली हाल केशरमहल |
| ३४. | निषेधाज्ञा परमादेश | छाँया श्रेष्ठसमेत वि. रीता खड्का |
| ३५. | परमादेश | श्यामकुमार विश्वकर्मासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ३६. | उत्प्रेषण | अशोक जम्दार वि. पुनरावेदन अदालत, विराटनगरसमेत |
| ३७. | उत्प्रेषण / परमादेश | हिरालाल माजी थारू वि. विन्तीलाल चौधरी |
| ३८. | निषेधाज्ञा | डिलबहादुर पौडेल क्षेत्रीसमेत वि. जिल्ला विकास समितिको कार्यालय, पर्वतसमेत |
| ३९. | जालसाज | किशोरकुमार सिंह वि. नितु सिंह वि.सी. |
| **इजलास नं. ५** | | **२९ - ३३** |
| ४०. | परमादेश | पदमबहादुर शाहीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |
| ४१. | उत्प्रेषण / परमादेश | रामलोचन साह, वि. पशु सेवा विभाग, हरिहर भवन, ललितपुरसमेत |
| ४२. | उत्प्रेषण / परमादेश | विष्णु भुसाल वि. श्रम अदालत, अनामनगरसमेत |
| ४३. | उत्प्रेषण / परमादेश | चन्द्र यादव वि. पुनरावेदन अदालत, जनकपुरसमेत |
| ४४. | उत्प्रेषण | अच्युतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |
| **इजलास नं. ६** | | **३३ - ३५** |
| ४५. | उत्प्रेषण / परमादेश | इन्द्र नारायण महर्जन वि. जिल्ला प्रशासन कार्यालय, बबरमहलसमेत |
| ४६. | जबर्जस्ती करणी | नेपाल सरकार वि. विजय अधिकारी |

| | | |
|---|---|---|
| ४७. | नकबजनी चोरी | नेपाल सरकार वि. लक्ष्मीराम थापा |
| ४८. | कर्तव्य ज्यान | मानन्धर वि.क. वि. नेपाल सरकार |
| **इजलास नं. ७** | | **३५ - ४४** |
| ४९. | कर्तव्य ज्यान | उत्तम तामाङ वि. नेपाल सरकार |
| ५०. | अपहरण तथा शरीर बन्धक | हिना खान वि. नेपाल सरकार |
| ५१. | जबर्जस्ती करणी | खडकबहादुर सारू वि. नेपाल सरकार |
| ५२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. करण चौधरी सिंह |
| ५३. | लागु औषध | नेपाल सरकार वि. सुदीप तामाङसमेत |
| ५४. | उत्प्रेषण | अशर्फी यादव वि. शितली देवी यादवसमेत |
| ५५. | उत्प्रेषण | रामजी यादव वि. पुनरावेदन अदालत, बुटवल, रूपन्देहीसमेत |
| ५६. | लागु औषध | नेपाल सरकार वि. अलिहसन हवारीसमेत |
| ५७. | बकसपत्र लिखत बदर दर्ता बदर दर्ता हक कायम | अच्छेलालप्रसाद कुशवाहा वि. भोला कुशवाहासमेत |
| ५८. | कर्तव्य ज्यान | भरत लामा वि. नेपाल सरकार र नेपाल सरकार वि. भरत लामासमेत |
| **इजलास नं. ८** | | **४४ - ४६** |
| ५९. | ठगी | नेपाल सरकार वि. कोमबहादुर गुरूङसमेत |

| | | |
|---|---|---|
| ६०. | वैदेशिक रोजगार ठगी | निमबहादुर सारू वि. नेपाल सरकार |
| ६१. | जबर्जस्ती करणी | नेपाल सरकार वि. खदेरू लोनिया |
| ६२. | लागु औषध (ब्राउन सुगर) | रमेश श्रेष्ठ वि. नेपाल सरकार |
| **इजलास नं. ९** | | **४७ - ४८** |
| ६३. | खिचोला मेटाई हक कायम गरी अंश चलन चलाई दा.खा. नामसारी गराई पाउँ | दर्शन यादवसमेत वि. दलबहादुर यादव |
| ६४. | नक्कली शैक्षिक प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको | राजेन्द्र पासवान वि. नेपाल सरकार |
| **इजलास नं. १०** | | **४८ - ५१** |
| ६५. | कर्तव्य ज्यान | तिलबहादुर बुढाथोकीसमेत वि. नेपाल सरकार |
| ६६. | अंश दर्ता | कृष्णबहादुर श्रेष्ठ वि. कलावती देवी |
| ६७. | जालसाजी | राम नारायण थारूसमेत वि. मिना कठरिया थारूसमेत |
| ६८. | अंश | तुलसी यादव वि. कैची अहिरनी |
| **इजलास नं. ११** | | **५१ - ५२** |
| ६९. | उत्प्रेषण | निरजकुमार यादव वि. त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान डिनको कार्यालयसमेत |

| | | |
|---|---|---|
| **इजलास नं. १२** | | **५२ - ५४** |
| ७०. | उत्प्रेषण | केशवलाल खोसी वि. मनकामना विकास बैंक लिमिटेड |
| ७१. | कर्तव्य ज्यान | धनबहादुर भुजेल वि. नेपाल सरकार |
| ७२. | कर्तव्य ज्यान | निरराज दनुवार राई वि. नेपाल सरकार |
| ७३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. लालमन घर्ती |
| **इजलास नं. १३** | | **५४ - ५६** |
| ७४. | उत्प्रेषण / परमादेश | चन्द्रप्रसाद गनगाईसमेत वि. देवेन्द्रबहादुर बस्नेतसमेत |
| ७५. | प्रतिलिपि अधिकार उल्लङ्घन सम्बन्धी | नेपाल सरकार वि. श्याम श्रेष्ठ |
| **इजलास नं. १४** | | **५६ - ५७** |
| ७६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कुमार लिम्बू |
| **इजलास नं. १५** | | **५७ - ५८** |
| ७७. | उत्प्रेषण / परमादेश | कमला भट्टराई थापा वि. पुनरावेदन अदालत, धनकुटासमेत |
| ७८. | उत्प्रेषण / परमादेश | रामकुमार यादव वि. निर्धन उत्थान बैंक लि. के.का. अनामनगरसमेत |
| **इजलास नं. १६** | | **५८ - ५९** |
| ७९. | उत्प्रेषण | कृष्णप्रसाद सापकोटा वि. नेपाल सरकार, जिल्ला शिक्षा कार्यालय नवलपरासीसमेत |
| **इजलास नं. १७** | | **५९** |
| ८०. | परमादेश | जयराम श्रेष्ठ वि. नेपाल सरकार |
| **इजलास नं. १८** | | **५९ - ६०** |
| ८१. | उत्प्रेषण | लिलादेवी श्रेष्ठ, वि. पुरातत्व विभाग, रामशाहपथ काठमाडौंसमेत |

## पूर्ण इजलास

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे, मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CF-०००३, कर्तव्य ज्यान, *रामबहादुर कापड वि.* नेपाल सरकार

प्रतिवादीलाई जन्मकैदको सजाय ठहर हुने फैसलाउपर चित्त नबुझाई पुनरावेदन दर्ता भइसकेपछि साधकको रोहबाट फैसला भइसकेको भनी पुनरावेदनको रोहबाट इन्साफ नगरिने हो भने संवैधानिकहकको समान प्रयोग गर्न पाउने हकबाट प्रतिवादीलाई वञ्चित गर्न खोजेको देखिन्छ । पुनरावेदन अदालतबाट प्रतिवादीलाई सजाय गर्ने गरेको फैसलाउपर निजले आफ्नो भनाई राख्न नपाएको अवस्थामा सुनुवाइको सिद्धान्तबमोजिम आफूउपरको अभियोगमा कानूनी प्रतिरक्षा गर्न पाउने, आफ्ना कुरा मुद्दा सुन्ने निकायसमक्ष राख्न पाउने, कानून व्यवसायीमार्फत प्रतिरक्षा गर्न पाउने हकबाट वञ्चित हुने हुँदा यस्तो अधिकारबाट कसैलाई वञ्चित गरिने छैन भन्ने प्राकृतिक न्यायको मान्य सिद्धान्तको विपरीत हुन जाने ।

पुनरावेदन परिरहेको अवस्थामा साधकको रोहबाट फैसला भइसकेको भन्ने आधारमा पुनरावेदनको मार्गलाई निस्प्रभावतुल्य बनाउन मिल्ने देखिँदैन । साधकको रोहबाट माथिल्लो अदालतले सुपरीवेक्षकीय अधिकारअन्तर्गत तल्लो अदालतको निर्णय जाँच्नेसम्म हो तर पुनरावेदकीय मार्ग भनेको व्यक्तिको कानूनी अधिकार भएको र सो कानूनी अधिकार प्रयोग गर्दा पुनरावेदन सुन्ने अदालतले पुनरावेदकले उठाएको प्रश्नहरूको समेत निरूपण गरी निर्णय गर्नुपर्ने अवस्था रहन जाने ।

मुलुकी ऐन, अदालती बन्दोबस्तको २१५ नं, न्याय प्रशासन ऐन, २०४८ को दफा १०(३) र न्याय प्रशासन ऐन, २०७३ को दफा १०(३) मा साधक पेस भएको मुद्दामा पुनरावेदन परेमा पुनरावेदनको रोहबाट मुद्दा किनारा गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको देखिन्छ । यस स्थितिमा साधकको रोहबाट इन्साफ जाँच भइसकेको भन्ने अर्थ गरी पुनरावेदनबाट इन्साफ गर्न इन्कार गर्दा पुनरावेदन गर्न पाउने व्यक्तिको सारवान् अधिकार (Substantive Right) मा नै संकुचन लाग्न जाने सम्भावना रहन्छ जो सर्वथा न्यायिक स्वविवेकअनुकूल हुन नसक्ने ।

प्रतिवादीले आफूलाई कसुर ठहर भएउपर मुलुकी ऐन, अदालती बन्दोबस्त महलको १९३ नं. बमोजिम पुनरावेदन दिन पाउने हुँदा निजले फैसला सुनिपाएको वा म्याद पाएको मितिले कानूनका म्यादभित्र पुनरावेदनपत्र दिएको देखिँदा पुनरावेदनको रोहबाट नै निर्णय दिनुपर्ने देखिन आउने ।

शव परीक्षण प्रतिवेदन (Autopsy Report) बाट कुटपिटका घाउचोट रहेको अवस्था नदेखिएको र Cause of death मा the cause of death is Asphyxia (Strangulation) भन्ने उल्लेख भएको देखिन्छ । मौकामा बुझिएका कामेश्वर पाण्डेको कागजबाट यी प्रतिवादी रामबहादुर कापडसमेतले कुटपिट गरिरहेको देखेको भनी लेखाइदिएको व्यहोरालाई शव परीक्षण प्रतिवेदनले समर्थन गरेको पाइँदैन । तसर्थ यी कामेश्वर पाण्डेको यी प्रतिवादी रामबहादुर कापडले कुटपिट गरी रहेको देखेको भन्ने कथनलाई शव परीक्षण प्रतिवेदनले कुटपिटको घाउचोट नरहेको भनी Cause of death मा the cause of death is asphyxia (Strangulation) भनी उल्लेख गरेको तथ्यले खण्डन गरिरहेको अवस्थामा यी प्रतिवादी रामबहादुर कापडको कुटपिटबाटै मृतकको मृत्यु भएको भनी भन्न मिल्ने नदेखिने ।

पेस भएको हाजिरी उतारबाट यी प्रतिवादी रामबहादुर कापड वारदात मिति र समयमा आफ्नो कार्यालयमा पालोपहराको ड्युटी बसेको कुरालाई वादी

पक्षले अन्यथा भन्न सकेको नदेखिँदा एउटै व्यक्तिको एकै समयमा एकभन्दा बढी स्थानमा उपस्थिति हुन सक्ने अवस्थाको अनुमान गर्न नमिल्ने।

उल्लिखित तथ्य र प्रमाणका आधारमा यी प्रतिवादीउपर मौकामा किटानी जाहेर गर्न नसकेको, प्रतिवादी रामबहादुर कापडको कुटपिटबाटै मृत्यु भएको भन्ने तथ्ययुक्तरूपमा पुष्टि हुन सकेको नदेखिएको, वारदात मिति र समयमा यी प्रतिवादी आफ्नो जिल्ला कृषि विकास कार्यालय, जलेश्वरमा ड्युटीमा रहेको समेतका प्रमाणबाट यी प्रतिवादीको कुटपिटको कारणबाट मृतकको मृत्यु भएको भन्ने शङ्कारहित तवरबाट पुष्टि हुन सकेको देखिएन । कार्यालयको हाजिरी रेकर्डबाट प्रतिवादीको अन्यत्र रहेको भन्ने कथन प्रमाणित भइरहेको स्थितिमा यी प्रतिवादीसमेतको कुटपिटबाट मृतकको मृत्यु भएको भन्ने ठोस र तथ्ययुक्त प्रमाणको अभावमा यी प्रतिवादीलाई कर्तव्य ज्यानजस्तो गम्भीर अपराधमा कसुरदार ठहर गर्न मिल्ने नदेखिँदा पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६६।४।२६ मा यी प्रतिवादी रामबहादुर कापडलाई जन्मकैदको सजाय गर्ने गरी भएको फैसला साधकको रोहबाट सदर गरेको यस अदालतको मिति २०६८।३।३१ को फैसला उल्टी भई यी प्रतिवादी रामबहादुर कापडले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: ईश्वरीप्रसाद भण्डारी

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल चैत २४ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७०-CR-१४६५, लागु औषध गाँजा र खोटा चलन, प्रमाजित सिंह भन्ने *रंजित सिंह वि. नेपाल सरकार*

बरामद भएको लागु औषधको मात्रा ३५० किलोग्राम रहेको देखिन्छ । यस अवस्थामा प्रतिवादीलाई घटी सजाय गर्ने ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी दश किलोग्रामदेखि माथिको लागु औषधमा कम्तिमा २ वर्ष कैद हुने व्यवस्थाबमोजिम बरामद भएको ३५० किलोग्राम लागु औषधको मात्रालाई ध्यानमा राखी प्रतिवादी प्रमाजित सिंह भन्ने रंजित सिंहलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) को कसुरमा सोही ऐनको दफा १४(१)(घ)(५) बमोजिम ५ (पाँच) वर्ष कैद र रू. ५०,०००।– (पचास हजार) जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला मनासिब देखिने।

प्रतिवादी प्रमाजित सिंह भन्ने रंजित सिंहका हकमा मुलुकी ऐन, खोटा चलनको महलको १, ८ नं. को कसुरमा सोही महलको ८ नं. बमोजिमको सजायको मागदाबी भएकोमा कसुरदार ठहऱ्याएको हदसम्म सुरू जिल्ला अदालतको फैसला मिलेको देखिए पनि सजायसमेत बोल्नुपर्नेमा सो नबोलेको हदसम्म नमिलेको भनी सोही ८ नं. बमोजिम रू. २४००।– जरिवाना र ६ महिना कैद हुने र बरामदी खोटो मुद्रा जफत हुने ठहऱ्याई कैद सजाय कार्यान्वयनका हकमा मुलुकी ऐन, दण्ड सजायको महलको १० र ४१ नं.बमोजिम ठूलो हदको कैद र जरिवाना हुने व्यवस्था भएबमोजिम निज प्रतिवादीलाई जम्मा ५ वर्ष कैद र रू.५०,०००।- जरिवाना हुने ठहऱ्याएको फैसला मनासिब देखिन आउने।

उपर्युक्त आधार र कारणसमेतबाट सुरू बारा जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादी प्रमाजित सिंह भन्ने रंजित सिंहलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(घ)(५) बमोजिम ५ वर्ष कैद र रू. ५०,०००।– जरिवाना हुने र खोटा चलनको महलको ८ नं.बमोजिम ६ महिना कैद

र रू. २४००।– जरिवाना हुने ठहऱ्याई कैद सजायको कार्यान्वयनका हकमा दण्ड सजायको १० नं. र ४१ नं.बमोजिम ठूलो हदको कैद र जरिवाना हुने व्यवस्था भएबमोजिम निज प्रतिवादीलाई जम्मा ५ वर्ष कैद र रू.५० हजार जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।९।९ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल मङ्सिर १८ गते रोज ६ शुभम्।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-WO-१०५०, उत्प्रेषण, *पदमबहादुर गुरूङ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत*

हालसम्म बेलायतस्थित नेपाली राजदुतावास भवन बिक्री गर्ने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय भई नसकेको अवस्था देखिएको हुँदा अहिले नै सूक्ष्म संवेदी भई उत्प्रेषण वा परमादेशको आदेश जारी गर्नुपर्ने तत्काल आवश्यकता नदेखिएको र अन्यथा निर्णय भएको खण्डमा कानूनी उपचारको लागि मार्ग प्रशस्त हुन सक्ने नै हुनाले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत निवेदन खारेज हुने।

लिजमा प्राप्त सम्पत्ति भएता पनि सम्झौताको सीमाभित्र रहेर लिज अवधिभर भोगको व्यवस्थापन गर्न नसकिने भन्ने हुँदैन । उक्त भवनको नियमित मर्मत सम्भार गर्ने करारीय दायित्व लिज सम्झौताअनुसार नेपाल सरकारको रहेको देखिन्छ । लिज सम्झौताअनुसार भवनको नियमित मर्मत सम्भार गरी लाभदायकरूपमा उपभोग गर्ने प्रयोजनका लागि आवश्यक स्रोत साधन राज्यले बेहोर्नु पर्ने कुरामा विवाद छैन । आफैँले वहन गर्नुपर्ने नियमित मर्मत सम्भारको जिम्मेवारी पूरा नगरेको कारण भवन जिर्ण भएको एवम् मर्मत सम्भारमा एकैपटक ठूलो रकम लाग्ने भनी सोको विकल्पमा सम्पत्ति नै नष्ट गर्ने दृष्टिकोण राख्नु दरिद्र मानसिकतायुक्त भन्नुपर्ने हुन्छ । राजदूतावास राख्नेले सम्बन्धित राष्ट्रले दिएको सुविधाजनक लिज सुविधाको सदुपयोग गर्ने र न्यूनतम सुविधाहरू जुटाउने तर्फ क्रियाशील रहनु आवश्यक एवम् उचित हुन जान्छ । नेपाली राजदुतावास भवन बेलायतको कानूनअनुसार पनि संरक्षित सम्पदाको रूपमा रहेको भन्ने परराष्ट्र मन्त्रालयबाट गठित अध्ययन समितिले औंल्याएको देखिन्छ। यस्तो विश्वकै अत्यन्त महत्त्वपूर्ण स्थानमा रहेको एवम् ऐतिहासिक महत्त्व बोकेको भवनमा नेपालको राजदुतावास सञ्चालन हुनुले राष्ट्रिय प्रतिष्ठा अभिवृद्धिमा सघाउ नै पुऱ्याउने देखिने।

नेपाल र संयुक्त अधिराज्य बेलायतबीच रहेको मैत्रिपूर्ण तथा घनिष्ठ सम्बन्धलाई अन्यथा असर नपर्ने कुरालाई सुनिश्चित गरी भवनको सदुपयोगको पूर्ण सम्भावनाको स्थिति, राजदूतावासको लागि भवनको आवश्यकता, परम्परागत कुटनीतिक सम्बन्धको रूपमा प्राप्त लाभको निरन्तरता र सम्मानजनक व्यवहारको आवश्यकता आदिलाई ध्यानमा राखेर भवनको लागि स्रोत साधनलगायतको चाहिने जो आवश्यक व्यवस्था गर्नु, गराउनु भनी नेपाल सरकारका नाममा निर्देशन जारी हुने।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर अपरेटरः अभिषेक कुमार राय

इति संवत् २०७२ साल पुस १ गते रोज १ शुभम्।

- यसै लगाउको ०६९-WO-१०५४, उत्प्रेषण परमादेश, *तुलसी सिंखडा वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०४४५, उत्प्रेषण / परमादेश, *जगदीश आचार्य वि. नेपाल सरकार अर्थ मन्त्रालयसमेत*

रासनबापत नगदै रकम उपलब्ध गराउँदा कुनै वर्गलाई असर परेको भए असर पर्ने सम्बन्धित वर्गले आफ्नो सरोकार राख्ने नसक्ने भन्ने हुँदैन। तर प्रस्तुत रिट निवेदन सरोकारवाला वर्गको तर्फबाट समेत परेको अवस्था नदेखिँदा प्रस्तुत विषयमा रिट दायर गर्ने हकदैया निवेदकलाई भएको भन्न नमिल्ने।

वस्तुतः रासन उपलब्ध गराउने सार्वजनिक निकायले रासनबापत नगदै रकम वा जिन्सी कुन रूपमा भुक्तान गर्ने भन्ने कुरा सम्बन्धित सरोकारवालाको आवश्यकता, सुविधा एवम्उपर्युक्ततालाई हेरी नीति बनाउने कुरा हो। यस्तो नीतिगतरूपमा प्रशासनिकबाट तौरबाट गरिएका काम एवम् निर्णयउपर अदालतले हस्तक्षेप गरी हेर्न मिल्ने हुँदैन। कुनै एउटा वर्ग वा समूहको स्वार्थमा प्रहरीलाई प्रदान गरिने रासन व्यवस्थापनलाई असाधारण अधिकारको रोहमा हेर्न मिल्ने हुँदैन। त्यसका अतिरिक्त सम्बन्धित प्रहरी संगठनको सिफारिसमा मन्त्रिपरिषद्बाट मिति २०७१।८।४ मा नगदै रकम रासनबापत उपलब्ध गराउने भन्ने निर्णय भएको देखिएको समेत आधारमा प्रहरी संगठनमा रासनबापत नगदै रकम उपलब्ध गराउने उल्लिखित निर्णय एवम् काम कारबाही कानूनविपरीत भएको भन्न मिल्ने नदेखिने।

तसर्थ, उपर्युक्त आधार र कारणसमेतबाट प्रहरी संगठनमा रासनबापत नगदै रकम उपलब्ध गराउने भन्ने मन्त्रिपरिषद्को मिति २०७१।८।४ को निर्णयमा कुनै कानूनी त्रुटि विद्यमान रहेको नदेखिएकाले निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल मङ्सिर १६ गते रोज ४ शुभम्।

४

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०४४६, उत्प्रेषण / परमादेश, *रमेशकुमार पाठकसमेत वि. नेपाल सरकार अर्थ मन्त्रालयसमेत*

वस्तुतः रासन उपलब्ध गराउने सार्वजनिक निकायले रासनबापत नगदै रकम वा जिन्सी कुन रूपमा भुक्तान गर्ने भन्ने कुरा सम्बन्धित सरोकारवालाको आवश्यकता, सुविधा एवम् उपयुक्तानुसारलाई हेरी नीति बनाउने कुरा हो । यस्तो नीतिगत रूपमा प्रशासनिक तौरबाट गरिएका काम एवम् निर्णयउपर अदालतले हस्तक्षेप गरी हेर्न मिल्ने हुँदैन। कुनै एउटा वर्ग वा समूहको स्वार्थमा प्रहरीलाई प्रदत्त गरिने रासन व्यवस्थापनलाई असाधारण अधिकारको रोहमा हेर्न मिल्ने हुँदैन । त्यसका अतिरिक्त सम्बन्धित प्रहरी संगठनको सिफारिसमा मन्त्रिपरिषद्बाट मिति २०७१।८।४ मा नगदै रकम रासनबापत उपलब्ध गराउने भन्ने निर्णय भएको देखिएको समेत आधारमा प्रहरी संगठनमा रासनबापत नगदै रकम उपलब्ध गराउने उल्लिखित निर्णय एवम् काम कारबाही कानून विपरीत भएको भन्न मिल्ने नदेखिने।

तसर्थ, उपर्युक्त आधार र कारणसमेतबाट प्रहरी संगठनमा रासनबापत नगदै रकम उपलब्ध गराउने भन्ने मन्त्रिपरिषद्को मिति २०७१।८।४ को निर्णयमा कुनै कानूनी त्रुटि विद्यमान रहेको नदेखिएकाले निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल मङ्सिर १६ गते रोज ४ शुभम्।

५

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६५-WO-०३४४, उत्प्रेषण, *दजालाल यादव वि. भूमी सुधार कार्यालयसमेत*

विवादित कि.नं. ४९० को जग्गामा मोही नामसारी गरिपाउँ भन्ने र विपक्षी धुथर पासवानलाई मोही कायम गरेको निर्णय बदर गरिपाउँ भन्ने दुवै

मुद्दामा यी निवेदकले दिएको पुनरावेदन हाल पुनरावेदन अदालतमा विचाराधीन रहेको देखिए तापनि फैसला बदरतर्फ पुनरावेदन गरेकै आधारमा विवादित जग्गामा निवेदकको मोही हक स्थापित भइसकेको भन्न मिल्दैन। यसरी विवादित जग्गामा निवेदकको मोही हक स्थापित भई नसकेको अवस्थामा उक्त जग्गा बाँडफाँड गर्ने निर्णयबाट निजको हकमा प्रतिकूल असर परेको भन्न नमिल्ने।

रिट क्षेत्राधिकारबाट संविधान एवम् कानून प्रदत्त हक प्रचलन गराई माग्न आउनेले सर्वप्रथम विवादित विषयमा आफ्नो हक रहेको कुरा पुष्टि गराउन सक्नुपर्छ । हक स्थापित नभएको विषयमा अदालतबाट हकप्रचलन गराउने अवस्था आउँदैन । विवादित कि.नं. ४९० को जग्गामा धुथर पासवान मोही कायम भएको देखिएको हुँदा मोही र जग्गाधनीबीचको आपसी सहमतिबाट जग्गा बाँडफाँड गरी ससिम जग्गा मोहीको नाममा दर्ता हुने भनी भूमिसुधार कार्यालयबाट भएको निर्णयबाट यी निवेदकको हक अधिकारमा कुनै प्रतिकूल असर परेको भन्ने नदेखिँदा उक्त निर्णय बदर गरीपाउँ भन्ने निवेदन दाबीसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार कारणबाट विवादित कि.नं. ४९० को जग्गामा भूमिसम्बन्धी ऐन, २०२१ को कानूनी व्यवस्थाअनुसार हकप्राप्त मोही धुथर पासमान रहेको देखिएको, यी निवेदकको कानूनबमोजिम मोहियानी हक कायम भएको तथ्य स्थापित नभएको अवस्थामा हकदैयाको अभावमा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल माघ ४ गते रोज २ शुभम्।

६

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-०२१३, उत्प्रेषण / परमादेश, *पवन राय वि. श्रम अदालत, अनामनगरसमेत*

मिति २०६८।१।१२ मा श्रम कार्यालयमा भएको छलफलको क्रममा बर्खासीको सूचना दिइएको भन्ने जिकिर रिट निवेदकले लिएको भए पनि सो प्रक्रिया मौखिक प्रकृतिको मात्र भएको देखिएकाले उक्त प्रक्रियालाई सेवाबाट बर्खास्त गरिएको सूचना हो भनी मान्न मिल्ने हुँदैन। श्रम कार्यालयमा भएको छलफलमा मौखिकरूपमा जानकारी दिइएको प्रक्रियाबाट विपक्षी दीपेन्द्रकुमारलाई आफ्नो बर्खासी सम्बन्धमा पर्याप्त सूचनाको अभाव भएको देखिएकाले निजले त्यसैबाट उपचार खोज्न सक्ने अवस्था पनि देखिँदैन । निजले मिति २०६८।१।१७ मा हुलाकमार्फत् अवकासको जानकारी प्राप्त गरेपछि मात्र उक्त सूचना तामेली भई कानूनीरूपमा थाहा पाएको मान्नुपर्ने हुँदा सोही मितिबाट पुनरावेदन गर्ने हदम्याद प्रारम्भ भएको देखिन्छ। विपक्षीले सोही मिति कायम गरी ३५ दिनभित्र श्रम अदालतमा पुनरावेदन गरेको देखिएको र सो अगावै निजले अवकाश पाएको पनि नदेखिँदा हदम्याद नाघी पुनरावेदन दर्ता गरी सो आधारमा विपक्षीलाई पुनर्बहाली दिएको भन्न मिल्ने अवस्था रहेन । सो हदसम्म श्रम अदालतको फैसलालाई अन्यथा भन्ने अवस्था नहने।

श्रम अदालतले पुनरावेदकले दाबी लिएकोभन्दा अघिल्लो मितिदेखिको पारिश्रमिक पाउने ठहऱ्याई फैसला गरेको देखिन्छ। विपक्षी दीपेन्द्रकुमार सिंहको लिखित जवाफमा उक्त मिति २०६७ हुनुपर्नेमा टाइपको भूलले गर्दा २०६८ हुन पुगेको भनी परिश्रम सम्बन्धमा मिति गल्ती भएको कुरा स्वीकार गरेको देखिए पनि निजले मौकामा उक्त टाइपको भूल सच्चाई पाउँ भनी श्रम अदालतमा निवेदन गरेको र सोहीबमोजिम उक्त व्यहोरा सच्चिएको भन्ने देखिएको पनि छैन । यस अवस्थामा २०६८ साल भाद्रदेखि हाजिर हुने दिनसम्मको तलब माग गरेकोमा माग दाबीभन्दा अघिल्लो मितिदेखि तलब सुविधा भराउने ठहऱ्याएको हदसम्म श्रम अदालतको मिति २०६९।३।२८ को

फैसला त्रुटिपूर्ण देखिन आउने।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट विपक्षी दीपेन्द्रकुमार सिंहले व्यवस्थापनबाट सेवाबाट अवकास दिएको निर्णयउपर कानूनको म्यादभित्र श्रम अदालतमा पुनरावेदन दायर गरेको देखिएकाले उक्त पुनरावेदन हदम्यादविहीन भन्न नमिल्ने हुँदा सो पुनरावेदनको रोहमा सुनुवाई गरी विपक्षीले साबिकको पदमा पुनर्बहाली पाउने ठहऱ्याएको हदसम्म श्रम अदालतको मिति २०६९।३।२८ को फैसला कानूनसम्मत देखिएकाले सो बदर गरी रहनुपरेन। तर विपक्षीले पुनरावेदन गर्दा उल्लेख गरेको माग दाबीभन्दा अघिल्लो मितिदेखिको तलब सुविधा भराउने ठहऱ्याएको श्रम अदालतको उक्त फैसला सो हदसम्म त्रुटिपूर्ण देखिएकाले उत्प्रेषणको आदेशले बदर।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल फागुन ४ गते रोज ३ शुभम्।

७

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WO-०६१५, उत्प्रेषण / परमादेश, *विष्णु गिरी वि. नेपाल सरकार स्वास्थ्य सेवा विभाग टेकुसमेत*

निवेदकले आफूलाई गरिएको सरूवा संशोधन गरी साबिकको झाप्रा स्वास्थ्य चौकी जाजरकोटमा नै कामकाज गर्न पाउँ भनी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा मिति २०७१।१०।१८ मा निवेदन दिएको भन्ने कुरा रिट निवेदनसाथ पेस गरेको सो निवेदनको छायाँप्रतिबाट देखिन आउँछ। तर, सो निवेदनमा आफूलाई अन्य सुगम स्थानमा सरूवा गरी पाउन माग गरेको पनि देखिँदैन। आफ्नो बसोबास रहेको गाउँ विकास समितिस्थित कार्यालयमा गरिएको सरूवालाई दुर्गम स्थानमा गरिएको सरूवा मान्न पनि नमिल्ने भएबाट निवेदकको सरूवा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१ को खण्ड (क) र नियम ३१ख को खण्ड (क) विपरीत भएको भन्न नमिल्ने।

निवेदकलाई मिति २०७१।८।२२ र स्वास्थ्य सेवा विभागको मिति २०७१।८।२५ को निर्णयअनुसार सरूवा गरिएको छ। निवेदकलाई गरिएको सो सरूवा नियम ३१क को उपनियम (१) बमोजिमको समय तालिकाअनुसार भएको नदेखिए तापनि निवेदकलाई गरिएको सो सरूवा कार्यान्वयन नर्गनु भनी यस अदालतबाट अन्तरिम आदेश जारी भई निवेदक साबिकको कार्यालयमा नै कार्यरत रहेको १ वर्ष व्यतीत भइसकेको र सरूवाको समय तालिकासमेत समाप्त भइसकेको देखिएको हुँदा उक्त सरूवाको निर्णयबाट निवेदकको कुनै हक अधिकार हनन् भएको देखिन नआउने।

तसर्थ, माथि विवेचित आधार र कारणहरूबाट सि.अ.हे.ब. अधिकृत छैटौं तहमा कार्यरत निवेदकलाई झाप्रास्वास्थ्यचौकीजाजरकोटबाटपजारूउपस्वास्थ्य चौकी, जाजरकोटमा सरूवा गर्ने गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट मिति २०७१।८।२२ र स्वास्थ्य सेवा विभागबाट मिति २०७१।८।२५ मा भएको निर्णयमा कुनै कानूनी त्रुटि विद्यमान रहेको नदेखिनुका साथै सो निर्णयबाट निवेदकको कुनै संवैधानिक एवम् कानूनी हक अधिकारमा आघात पुगेको समेत नदेखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गरी रहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल फागुन ९ गते रोज १ शुभम्।

८

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-WO-०३९५, उत्प्रेषण / परमादेश, *जया सत्याल वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

छात्रवृत्तिमा मनोनयन हुँदा र तत्पश्चात् अध्ययन पूरा गरी उपाधि प्राप्त गर्दा तथा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारित गर्दासमेत कहिले पनि आयुर्वेदको स्नातकोत्तर उपाधिको समकक्षताको मान्यता नपाएको स्पष्ट हुँदाहुँदै तोकिएकोबाहेकको योग्यताको आधारमा तोकिएको योग्यता पुगेको भनी उम्मेदवार बन्न नपाउने स्पष्टै देखिएकोले विपक्षी लोक सेवा आयोगको मिति २०७१।७।२३ को निर्णयलाई गैरकानूनी भन्न नमिल्ने।

नेपाल स्वास्थ्य सेवा, आयुर्वेद जनरल समूह, आयुर्वेद उपसमूह एघारौं तहमा खुल्ला प्रतिस्पर्धाद्वारा पूर्ति हुने पदमा स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम १५ अनुसूची ६ को क्रमसंख्या १८ मा उल्लेख भएअनुरूप मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सा विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको हुनुपर्नेमा निवेदिकाले हासिल गरेको शैक्षिक योग्यता आयुर्वेद चिकित्सामा स्नातकोत्तर भएको नदेखिँदा निवेदिकाको दरखास्त स्वीकृत गर्न नमिल्ने भनी लोक सेवा आयोगबाट मिति २०७१।७।२३ मा भएको निर्णयमा कुनै त्रुटि नदेखिँदा निवेदिकाको मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

स्वास्थ्योपचारमा जनताको पहुँच वृद्धि गर्ने हिसाबले चिकित्सा प्रणालीहरूमा विविधतायुक्त प्रयासहरू हुन वाञ्छनीय देखिन्छ। यस क्षेत्रमा जनशक्ति तयार गर्ने तर कार्यमा उत्प्रेरणा जगाउने गरी संगठन निर्माण नगर्ने, कार्यरत रहेको ठाउँमा वृत्तिविकासको लागि माथिल्लो दरबन्दी पनि सम्बन्धित विषयमा सिर्जना नगरी दिने गर्नाले प्राप्त जनशक्ति पलायन हुने वा तिनको समुचित लाभ लिन नसक्ने परिस्थिति निर्माण गर्नु बुद्धिमानी हुँदैन।

यसतर्फ स्वास्थ मन्त्रालयलगायतको ध्यानाकर्षण हुन जरूरी हुँदा निवेदिकाले जस्तो प्राप्त विशेषज्ञतायुक्त ज्ञानको विधामा समेत वृत्ति विकासको आधार तयार गर्नेतर्फ आवश्यक पहल गर्नु भनी विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७२ साल चैत १० गते रोज ४ शुभम्।

- यसै लगाउको ०७०-WO-०५३७, उत्प्रेषण / परमादेश, *प्रदिप के.सी. वि. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

९

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०२७२, कीर्ते जालसाज, *फतिलाल चौधरी वि. भिलु साहसमेत*

कुनै व्यक्तिको कानूनी हक अधिकारमा आघात पर्न गएको अवस्थामा उपचारका लागि कानूनद्वारा निर्धारित बाटोबाट अदालत प्रवेश गर्नुपर्छ। कानूनले तय गरेको बाटो परित्याग गरी अर्कै बाटो अवलम्बन गरी अदालत प्रवेश गरेको अवस्थामा अदालतले सहयोग गर्न नसक्ने।

तसर्थ माथि विवेचित तथ्य एवम् कानूनी व्यवस्थासमेतको आधारमा अ.बं. ११० नं. विपरीत तामेल भएको म्याद बदरका लागि अ.बं. २०८ नं. मा भएको कानूनी व्यवस्थाअनुसारको बाटो अवलम्बन नगरी कीर्ते जालसाजी मुद्दा दिएको देखिँदा तथ्यमा प्रवेश गरी कीर्ते जालसाज ठहर्ने वा नठहर्ने भनी निर्णय गर्न मिल्ने देखिएन भनी फिराद खारेज हुने ठहर गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६६।८।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७३ साल भाद्र ५ गते रोज २ शुभम्।

१०

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०२७३, कीर्ते जालसाजी, *फतिलाल चौधरी वि. भिलु साहसमेत*

मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको कानूनी व्यवस्थाअनुसार पुनरावेदकको नाममा जारी भएको म्याद तामेल गर्दा अ.बं. ११० नं. को रीत नपुगेको अवस्थामा सो म्याद बदरका लागि मुलुकी ऐन, अ.बं. २०८ नं.अनुसारको बाटो अवलम्बन गर्न सक्ने नै हुन्छ । तर पुनरावेदकले उक्त कानूनी बाटोबाट प्रवेश नगरी सो म्यादलाई बदर गर्नका लागि कीर्ते जालसाजी मुद्दा लिई अदालत प्रवेश गरेको अवस्थाको विद्यमानता रहेको पाइने ।

कुनै व्यक्तिको कानूनी हक अधिकारमा आघात पर्न गएको अवस्थामा उपचारका लागि कानूनद्वारा निर्धारित बाटोबाट अदालत प्रवेश गर्नुपर्छ । कानूनले तय गरेको बाटो परित्याग गरी अर्कै बाटो अवलम्बन गरी अदालत प्रवेश गरेको अवस्थामा अदालतले सहयोग गर्न सक्दैन । प्रस्तुत मुद्दामा पुनरावेदक वादीका नाममा जारी भएको समाह्वान म्याद मुलुकी ऐन, अ.बं. ११० नं. विपरीत तामेल भई पुनरावेदकको हक अधिकारमा आघात परेको भन्ने पुनरावेदन जिकिर रहेको देखिने । मुलुकी ऐन, अ.बं. ११० नं. विपरीत तामेल भएको अवस्थामा सो म्याद बदरका लागि ऐ. अ.बं. २०८ नं.बमोजिम सम्बन्धित जिल्ला अदालतमा निवेदन दिन सक्ने कानूनी बाटो पुनरावेदकलाई रहे भएको नै देखिने ।

तसर्थ माथि विवेचित तथ्य एवम् कानूनी व्यवस्थासमेतको आधारमा अ.बं. ११० नं. विपरीत तामेल भएको म्याद बदरका लागि अ.बं. २०८ नं. मा भएको कानूनी व्यवस्थाअनुसारको बाटो अवलम्बन नगरी कीर्ते जालसाजी मुद्दा दिएको देखिँदा तथ्यमा प्रवेश गरी कीर्ते जालसाज ठहर्ने वा नठहर्ने भनी निर्णय गर्न मिल्ने देखिएन भनी फिराद खारेज हुने ठहर गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६६।८।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: इन्दिरा शर्मा
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७३ साल भाद्र ५ गते रोज २ शुभम् ।

११

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७२-WH-००६५, बन्दीप्रत्यक्षीकरण, *प्रीति रमण वि. केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगन्ज, काठमाडौंसमेत*

विपक्षी निवेदक निमेषपाल रमणले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्रहरू बनाई सोही प्रमाणपत्रहरूको आधारमा अतिरिक्त शैक्षिक योग्यता प्राप्त गरी यस काउन्सिलबाट चिकित्सक दर्ता प्रमाणपत्र लिई आफूलाई चिकित्सक हुँ भनी नक्कली प्रमाणपत्रहरूको आधारमा प्राप्त उपाधिको प्रयोग गरी अस्पताल खोल्ने, सरकारी तथा गैरसरकारी अस्पताल र नर्सिङ होम, स्वास्थ्य क्लिनिकहरूसमेतमा सर्वसाधारणको उपचार गरी मानव स्वास्थ्यजस्तो गम्भीर विषयमा सर्वसाधारणसमेतलाई झुक्याई गफलतामा पारी ठगी गर्ने कार्यमा संलग्न रहेको पाइएकाले निजलाई कानूनबमोजिम कारबाही गरिपाउँ भनी मेडिकल काउन्सिलको जाहेरी पर्न आएको हुँदा विपक्षीलाई कानूनबमोजिम पक्राउ पुर्जी दिई पक्राउ गरी थुनुवा पुर्जीसमेत दिई अदालतको आदेशानुसार हिरासतमा राखी अधिकारप्राप्त निकायबाट आवश्यक अनुसन्धान भइरहेको हुँदा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले आफ्नो क्षेत्राधिकारभित्र रही गरेको कानूनबमोजिमको कार्य सम्पादनलाई अन्यथा भन्न नमिल्ने ।

कानूनबमोजिमबाहेक वा कानूनको उचित प्रक्रिया पूरा नगरी कसैको पनि वैयक्तिक स्वतन्त्रतामा अङ्कुश लगाउन वा अपहरण गर्न पाइँदैन । वैयक्तिक स्वतन्त्रताले कानूनी औचित्यता पुष्टि हुन नसक्ने

प्रकृतिका थुना, गिरफ्तारी तथा गैरकानूनीरूपमा शक्तिको प्रयोग गर्नबाट सुरक्षित राख्दछ । कसैले कसैको वैयक्तिक स्वतन्त्रता सीमित गरेमा वा त्यस्तो स्वतन्त्रताको प्रयोग गर्नबाट वञ्चित गरेमा वा कुनै पनि व्यक्तिलाई गैरकानूनीरूपमा बद्नियत वा प्रवृत्त भावना लिई निजको वैयक्तिक स्वतन्त्रताको अपहरण गरेमा गैरकानूनी बन्दीको अवस्था सिर्जना हुन जाने।

कुनै पनि निकायले आफूलाई प्राप्त अधिकारको प्रयोग गर्दा कानूनले निश्चित गरेको क्षेत्राधिकारभित्र रहेर कानूनले तोकेको प्रक्रिया पूरा गरी गर्नुपर्छ । कानूनले क्षेत्राधिकार नै प्रदान नगरेको विषयमा अधिकार प्रयोग गरी कुनै निकायबाट कुनै व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुन गएको अवस्थामा त्यस्तो कार्यले कानूनी मान्यता प्राप्त गर्न नसक्ने भई त्यस्तो थुना गैरकानूनी थुना हुन जाने।

कानूनको अधीनमा रही स्थापना भएको केन्द्रीय अनुसन्धान ब्यूरोमा प्राधिकारयुक्त निकायबाट पर्न आएको जाहेरीमा उल्लिखित व्यक्तिहरूको सम्बन्धमा केन्द्रीय अनुसन्धान ब्यूरोले अनुसन्धान गर्न सक्ने नै देखिँदा अधिकार नै नभएको निकायबाट निवेदकलाई पक्राउ गरिएको भन्न मिल्ने नदेखिने।

प्रस्तुत मुद्दामा निवेदकलाई अधिकारप्राप्त निकायले पक्राउ गरी राज्य विरूद्धको अपराधमा अनुसन्धानको लागि सक्षम निकायबाट पटकपटक म्याद थप भई अनुसन्धानको सिलसिलामा थुनामा राखिएको भन्ने देखिँदा उल्लिखित नजिर सिद्धान्तसमेतको आधारमा यस्तो थुनालाई गैरकानूनी थुना भन्न मिल्ने नदेखिने।

प्रस्तुत मुद्दामा निवेदकलाई पक्राउ गरिएको र थुनामा राख्न काठमाडौं जिल्ला अदालतबाट म्याद थपसमेत भई कानूनी थुनामा राखिएको कार्यमा चित्त नबुझेको अवस्थामा नियमित र सामान्य मार्गको वैकल्पिक व्यवस्थाको प्रयोग गरी सो सम्बन्धमा उपचार खोज्न जान सक्ने कानूनी मार्ग हुँदाहुँदै सो मार्ग अवलम्बन नगरी रिट क्षेत्रबाट अदालत प्रवेश गरेको देखिँदा सो सम्बन्धमा रिट क्षेत्रबाट तथ्यमा प्रवेश गरी निर्णय दिन मिल्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ साल असाल १३ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-WH-००६६, बन्दीप्रत्यक्षीकरण, *सुनिलकुमार पटेल वि. केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगन्ज, काठमाडौंसमेत*
- ०७२-WH-००६७, बन्दीप्रत्यक्षीकरण, *रामचन्द्र मण्डल वि. केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगन्ज, काठमाडौंसमेत*
- ०७२-WH-००६८, बन्दीप्रत्यक्षीकरण, *श्याम खड्का वि. केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगन्ज, काठमाडौंसमेत*
- ०७२-WH-००६९, बन्दीप्रत्यक्षीकरण, *मञ्जुरूल हकमियाँ वि. केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगन्ज, काठमाडौंसमेत*
- ०७२-WH-००७०, बन्दीप्रत्यक्षीकरण, *सरिता पराजुली घिमिरे वि. केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगन्ज, काठमाडौंसमेत*
- ०७२-WH-००७२, बन्दीप्रत्यक्षीकरण, *विजयकुमार मिश्र वि. केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगन्ज, काठमाडौंसमेत*
- ०७२-WH-००७३, बन्दीप्रत्यक्षीकरण, *महमद अब्बास वि. केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगन्ज, काठमाडौंसमेत*
- ०७२-WH-००७१, बन्दीप्रत्यक्षीकरण, *कुसुम श्रेष्ठ वि. केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगन्ज, काठमाडौंसमेत*

- ०७२-WH-००७४, बन्दीप्रत्यक्षीकरण, *सुमनकुमार सिंह वि. केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगन्ज, काठमाडौंसमेत*

## इजलास नं. १

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६६-WO-१२२१, उत्प्रेषण / परमादेश, *ऋद्धी विक्रम थापा वि. प्रहरी प्रधान कार्यालय, काठमाडौंसमेत*

प्रहरी प्रधान कार्यालयको लिखित जवाफमा यी रिट निवेदक मिति २०६०।७।६ देखि आफूखुशी कार्यालय, छाडी भागी हिँडी खोजतलास गर्दा गराउँदासमेत फेला नपरी गैरहाजिर रहेकोले निजको स्थायी वतन जिल्ला नवलपरासी गा.वि.स. पर्सौनी वडा नं. १ मा प्रहरी कर्मचारी खटिई गई कार्यालयमा हाजिर हुन जानुहोला अन्यथा नोकरीबाट हटाइनेछ भनी म्याद सूचना टाँस गरेको भनी उल्लेख भएको देखिन्छ । उक्त सूचना टाँस भएपछि निवेदक कार्यालयमा हाजिर हुन नआई गैरहाजिर नै रहेबाट निजउपर विभागीय कारबाहीको प्रारम्भ भएको देखिन्छ । निवेदक गैर हाजिर रहेको समयमा मुलुकमा माओवादीको द्वन्द्वसमेतको कारण सुरक्षा चुनौती रहेको देखिन्छ । मुलुकमा शान्ति सुरक्षा कायम राख्ने कार्य प्रहरी संगठनको अहम् विषय भएको र निज निवेदक प्रहरी नायब निरीक्षकजस्तो जिम्मेवार पदमा कार्यरत रहेको र पदबमोजिमको जिम्मेवारी पूरा गर्न नसकेको तथ्यमा पनि विवाद छैन । यसरी देशमा सुरक्षा चुनौती सामना गर्दै शान्ति सुरक्षा कायम राखी सर्वसाधारण जनताको जीउ ज्यानको सुरक्षा गर्नुपर्ने दायित्व भएको प्रहरी नायव निरीक्षक पदको प्रहरी कर्मचारी गैर हाजिर रहेको कार्यबाट निजले आफ्नो पदीय दायित्व र जिम्मेवारी कुशलतापूर्वक सम्पादन गरेको भन्ने देखिन नआउने ।

निवेदकले बिरामी भई काबुबाहिरको परिस्थिति परी ज्यान जाने डरले गैरहाजिर भएको, उपचारको लागि वीरेन्द्र प्रहरी अस्पतालको नाउँमा सिफारिस माग्दा नदिएको र बिदा स्वीकृत नगरेकोले गैर हाजिर भएको हो भनी लिइएको निवेदन जिकिरतर्फ हेर्दा यदि निवेदक कामै नगर्ने गरी सिकिस्त बिरामी परेको भए निजभन्दा माथिल्लो स्तरका कर्मचारीले सिफारिस दिनु नपर्ने कारण निजले निवेदनमा खुलाउन सकेको देखिँदैन । यसका साथै यदि निजको बिदा स्वीकृत नगरेको हो भने उपचार गराउन गइसकेपछि निजले आफ्नो बिदा हुलाकमार्फत पनि कार्यालयमा पठाउन सक्ने अवस्था हुँदा सोसमेत गरेको देखिँदैन । साथै निज जिल्ला प्रहरी कार्यालय, गोरखामा हाजिर भएपछि प्रहरी कमाण्ड पोष्ट हार्मीमा काजमा पठाउन रवान बुझाउन खोज्दा आफूभन्दा माथिल्लो स्तरका प्रहरी निरीक्षकलाई अपशब्द प्रयोग गरेको र सो सम्बन्धमा स्पष्टीकरण सोध्दा सो स्पष्टीकरण नै च्यातेर विभिन्न अनुशासनहीन कार्यसमेत गरेको मिसिलबाट देखिँदा निजलाई प्रहरी सेवाबाट बर्खास्त गर्ने प्रहरी प्रधान कार्यालयको मिति २०६०।८।२६ को निर्णयलाई सदर गरेको नेपाल सरकार गृह मन्त्रालयको मिति २०६६।८।२ को निर्णयलाई सो हदसम्म अन्यथा मान्न नमिल्ने हुँदा उक्त निर्णयबाट यी निवेदकको हक आघातित भएकोले उत्प्रेषणको आदेशले बदर हुनुपर्ने भनी लिइएको निवेदन माग एवम् निवेदकको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने ।

यद्यपि यी निवेदक लामो समयसम्म प्रहरी सेवामा कार्यरत रहेको र निजले गरेको कसुर अत्यन्त गम्भीर खालको नभएकोले निजलाई भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्दा निजको जीवन निर्वाहमा समेत असर पर्न जाने देखिएकोले प्रहरी नियमावली,

२०४९ को नियम ८४ को देहाय (छ) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउन उपयुक्त हुने देखिन्छ । तसर्थ भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरेको हदसम्म उक्त मिति २०६६।८।२ को गृहमन्त्रीको निर्णय बदर हुने ठहर्छ । साथै उक्त मिति २०६६।८।२ को निर्णय निवेदकलाई सेवाबाट अवकास दिने हदसम्म मिलेको देखिँदा सो हदसम्म प्रस्तुत रिट निवेदन खारेज हुने ।

निवेदक ऋद्धी विक्रम थापालाई मिति २०६०।८।२६ मा सेवाबाट अवकाश दिने गरी प्रहरी महानिरीक्षकबाट भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गृहमन्त्रीको मिति २०६६।८।२ को पुनरावेदकीय निर्णयबाट निवेदकको संवैधानिक तथा कानूनी हकमा आघात परेको नदेखिँदा उक्त निर्णयहरू बदर गर्नुपर्ने देखिएन । तथापि उक्त नियर्णयमा उल्लेख भएको भविष्यमा सरकारी नोकरीको निमित समान्यतः “अयोग्य ठहरिने” भन्ने शब्द हटाई निवेदकले लिएका अन्य जिकिरको हकमा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : रामु शर्मा

इति संवत् २०७२ साल फागुन १० गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६७-WO-०७१९, उत्प्रेषण / परमादेश, *महेन्द्र खड्कासमेत वि. स्थानीय विकास मन्त्रालयसमेत*

निवेदकहरूले दाबी गरेका पदहरूमध्ये कतिपयमा निजहरूको पदको कार्य प्रकृति नै फरक देखिन्छ भने कतिपय पदमा कार्य प्रकृति मिले पनि निजहरूको श्रेणी नै नमिलेको देखिन्छ । त्यस्तै कतिपय अवस्थामा निवेदकहरूभन्दा विपक्षीहरूको सेवा अवधि नै बढी देखिएको छ । निवेदकहरूको र बढुवा भएका विपक्षीहरूको सेवाको अवधि र अवस्था फरक रहेकोले विपक्षी पिताम्बर वस्ती, इन्द्रकुमार बुढाथोकी, उपेन्द्र गच्छेदार, कृष्णप्रसाद भट्टराई, वीरेन्द्रकुमार नेयोहाङ र रोमबहादुर राईसमेतलाई बढुवा गर्ने गरी भएको निर्णयबाट यी रिट निवेदकहरूलाई कुनै असर पर्ने देखिँदैन । जिल्ला विकास समिति मोरङको पदपूर्ति समितिले मिति २०६७।१०।१ मा गरेको निर्णयानुसार बढुवा भएका विपक्षीहरूको बढुवा निर्णय कानूनसम्मत नै भएकोले सोअनुसार विपक्षी पिताम्बर वस्तीसमेतले पाएको नियुक्ति बदर गर्ने कुनै आधार देखिएन । उक्त बढुवा निर्णयमा चित्त नबुझ्ने व्यक्तिले स्थानीय विकास मन्त्रालयको सचिवसमक्ष पुनरावेदन गर्ने कानूनी व्यवस्था भए पनि यी निवेदकहरूले सचिवसमक्ष पुनरावेदन नगरी वैकल्पिक उपचारको व्यवस्था नभएको अथवा भए पनि प्रभावकारी नभएको अवस्थामा आकर्षित हुने असाधारण क्षेत्राधिकारमार्फत अदालत प्रवेश गरेको र कानूनबमोजिम भएको बढुवाबाट निवेदकहरूको संविधान एवम् कानूनप्रदत्त हक हनन् भएको मान्न नमिल्ने भएकाले सो बढुवा गर्ने निर्णयलगायतका कामकारबाही उत्प्रेषणको आदेशद्वारा बदर गरी रहन परेन । सो हदसम्म प्रस्तुत रिट निवेदन खारेज हुने ।

निवेदकहरू यति लामो अवधिसम्म जि.वि.स.को कार्यालयमा सेवा गरेको र निजहरू स्थायीसमेत भइसकेको हुँदा निजहरूले बढुवा प्रयोजनको लागि के कति अङ्क प्राप्त गरेको हो सो कुरा विपक्षी जिल्ला विकास समितिको कार्यालयको लिखित जवाफबाट खुल्न सकेको देखिएन । निवेदकहरू के कति अङ्क प्राप्त गरेको हो, सो उल्लेख गरी निवेदकहरूको हकमा कानून तथा नियमले पाउने अङ्कका हकमा जे जो देखिन्छ सम्पूर्ण प्राप्त अङ्कसमेत खुलाई पदोन्नति गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा उचित निर्णय गर्नु भनी विपक्षी जिल्ला विकास समितिको कार्यालय, मोरङको नाममा परमादेश जारी हुने ।

शाखा अधिकृत: रामु शर्मा

इति संवत् २०७२ साल फागुन १० गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६७-WO-११५२, उत्प्रेषण / परमादेश, *महेन्द्र खड्का वि. जि.वि.स. को कार्यालय, विराटनगरसमेत*

कानूनले स्पष्टरूपमा निर्धारण गरेको प्रक्रिया नै पूरा नगरी वैकल्पिक उपचारको व्यवस्था हुँदाहुँदै त्यसको परिणामलाई आफैँले पूर्वानुमान गरी यस अदालतको असाधारण क्षेत्राधिकारमार्फत अदालत प्रवेश गरेकोले निवेदक सफा हात लिई अदालत प्रवेश गरेको नदेखिने।

निवेदक र विपक्षी पीताम्बर वस्तीको सेवाको अवधि र अवस्था फरक रहेकोले विपक्षी पिताम्बर वस्तीलाई बढुवा गर्ने गरी भएको निर्णयबाट यी रिट निवेदकलाई कुनै असर पर्ने देखिँदैन । जिल्ला विकास समिति मोरङको पदपूर्ति समितिले मिति २०६७।१०।१ मा गरेको निर्णयानुसार बढुवा भएका विपक्षी पिताम्बर वस्तीको बढुवा निर्णय कानूनसम्मत नै भएकोले सोअनुसार निजले पाएको नियुक्ति बदर गर्ने कुनै आधार देखिएन। उक्त बढुवा निर्णयमा चित्त नबुझ्ने व्यक्तिले स्थानीय विकास मन्त्रालयको सचिवसमक्ष पुनरावेदन गर्ने कानूनी व्यवस्था भए पनि यी निवेदकले सचिवसमक्ष पुनरावेदन नगरी वैकल्पिक उपचारको व्यवस्था नभएको अथवा भए पनि प्रभावकारी नभएको अवस्थामा आकर्षित हुने असाधारण क्षेत्राधिकारमार्फत अदालत प्रवेश गरेको र कानूनबमोजिम भएको बढुवाबाट निवेदकको संविधान एवम् कानून प्रदत्त हक हनन् भएको मान्न नमिल्ने भएकाले निवेदन मागबमोजिम सो बढुवा गर्ने निर्णयलगायतका काम कारबाही उत्प्रेषणको आदेशद्वारा बदर गरी रहन परेन। सो हदसम्म प्रस्तुत रिट निवेदन खारेज हुने।

निवेदक महेन्द्र खड्का यति लामो अवधिसम्म जि.वि.स.को कार्यालयमा सेवा गरेको र निज स्थायीसमेत भइसकेको हुँदा निजले बढुवा प्रयोजनको लागि के कति अङ्क प्राप्त गरेको हो सो कुरा विपक्षी जिल्ला विकास समितिको कार्यालयको लिखित जवाफबाट खुल्न सकेको देखिएन। निवेदकले के कति अङ्क प्राप्त गरेको हो, सो उल्लेख गरी निवेदकको हकमा कानून तथा नियमले पाउने अङ्कका हकमा जो जो देखिन्छ सम्पूर्ण प्राप्त अङ्कसमेत खुलाई पदोन्नती गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा उचित निर्णय गर्नु भनी विपक्षी जिल्ला विकास समितिको कार्यालय, मोरङको नाममा परमादेश जारी हुने।

शाखा अधिकृत: रामु शर्मा

कम्प्युटरः रामसरण तिमल्सिना

इति संवत् २०७२ साल फागुन १० गते रोज २ शुभम्।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-११८८, जबर्जस्ती करणी, *नेपाल सरकार वि. खिलबहादुर अधिकारी*

वस्तुतः अपराध लुकिछिपी गरिने क्रिया भएकाले सबै अपराधमा देखी जान्ने साक्षी (Eye-witness) पाइँदैन । तर जबर्जस्ती करणीसम्बन्धी अपराधमा प्रत्यक्ष प्रमाणको रूपमा पीडित स्वयम् रहन्छिन् भन्ने सिद्धान्त विकास भएको छ । वारदात भएको होइन भनी जाहेरवाली पीडित महिला स्वयम्ले अदालतमा उपस्थित भई बकपत्र गरेको देखिँदा निजको बकपत्रले बढी प्रमाणिक मूल्य (Evidencial value) पाउने हुन्छ । अतः प्रस्तुत मुद्दाको प्रत्यक्ष प्रमाण पीडित स्वयम्ले प्रतिवादीले आफूलाई जबर्जस्ती करणी गरेको होइन भनी बकपत्र गरेको र त्यस्ता बकपत्र गर्नुपर्ने बाध्यताको सिर्जना भएको कुरा मिसिल संलग्न कुनै कागज प्रमाणबाट नदेखिँदा सो बकपत्रलाई स्वतन्त्रपूर्वक भएको बकपत्रको संज्ञा दिई त्यसलाई बढी प्रमाणिक महत्त्व दिनुपर्ने स्थिति देखिने।

वास्तवमा कुनै स्वाभिमानी नारीले आफूलाई कुनै परपुरूषले जबर्जस्ती करणी गरेको होइन भनी बकपत्र गरेको अवस्थामा अदालतले सो बकपत्रलाई

अस्वीकार गरी प्रमाणको अभावमा करणी भएकै हो भन्न मिल्दैन । उक्त घटनाको देखी जान्ने साक्षीले गरेको बकपत्रलाई अर्को अर्थ निस्कने गरी ठहर गर्न पनि मिल्ने नदेखिने।

प्रतिवादीका विरूद्धमा परेको किटानी जाहेरी दरखास्तबाहेक प्रतिवादीले आरोपित कसुर गरेको भन्ने देखिने तथ्ययुक्त प्रमाण प्रस्तुत मिसिलबाट नदेखिँदा प्रतिवादी खिलबहादुर अधिकारीले आरोपित कसुरबाट सफाइ पाउने देखियो । यसर्थ अभियोग दाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालत, पाटनले गरेको फैसला मिलेको नै देखियो । प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । तसर्थ उल्लिखित तथ्य विवेचित आधार कारणहरूबाट प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।०७।२२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: प्रेम खड्का
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७२ साल मंसिर २३ गते रोज ४ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-०७७९, मोही नामसारी, *श्रीकान्त महरा चमार वि. जगन्नाथ शुक्ल भूमीहार*

वादीले गाउँ विकास समितिको कार्यालय, सिसौट सर्लाहीबाट मिति २०६६।१२।१९ मा लिएको मोही नामसारीसम्बन्धी सिफारिस पत्रमा सटहु महराको शेषपछिका हकदार २ वटा छोराहरू जेठो जनक महरा र कान्छा चन्दर महरा भएकोमा जेठो छोरा जनक महराको मिति २०५९।८।२० मा मृत्यु भएको र निजको पत्नी सुरतीया देवीको पनि निजभन्दा अगावै मृत्यु भएको देखिन्छ । मृतक जनक महराको तीनवटा छोराहरूमा जेठो श्रीकान्त महरा, माहिला श्याम किशोर महरा र कान्छा रामकृत महरा भएको भन्ने उल्लेख भएको देखिन्छ । यसरी मोही मृतक सटहु महराको यी पुनरावेदक वादी श्रीकान्त महरा नाती र चन्दर महरा छोरा नाताका भएको देखिन आउने।

जग्गाधनी विश्वनाथ शुक्लले मेरो जग्गाको साबिकमा मोही सटहु महरा रहेको, निजको मृत्युपश्चात् निजका कान्छा छोरा चन्दर महराले जोतभोग गरी आइरहेको हुँदा निजबाट कुत बुझी निजलाई नै मोही रोजी भरपाई दिँदै आइरहेको छु भनी प्रतिउत्तरमा उल्लेख गरेको पाइन्छ । चन्दर महरा मृतक मोही सटहु महरा बाबुसँग छुट्टि भिन्न बसेको हुँदा निजमा मोहियानी सर्न सक्दैन भनी श्रीकान्तले जिकिर लिएको देखिन्छ। तर बाबु सटहु महरा र चन्दर महरा छुट्टी भिन्न भएको कुनै प्रमाण मिसिल संलग्न रहेको देखिँदैन। जग्गाधनीको प्रतिउत्तर व्यहोराबाट उक्त जग्गा चन्दर महराले जोतभोग गरेको र निजलाई नै मोही पत्याएको भन्ने उल्लेख भएबाट यी पुनरावेदक वादी श्रीकान्त महराको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ माथि विवेचित आधार कारणहरूबाट जिल्ला सर्लाही गा.वि.स. सिसौट वडा नं. ३क कि.नं. ६५५ को जग्गाको जग्गाधनीले पत्याएको मृतक मोहीको एकासगोलको छोरा चन्दर महराको नाउँमा मोही नामसारी हुने ठहऱ्याई पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७०।१।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : शिवहरी पौड्याल
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७३ साल भदौ ३१ गते रोज ६ शुभम् ।
यसै लगाउका निम्न मुद्दाहरूमा लगाउको पनि

यसैअनुसार फैसला भएका छन्:

- ०७०-CI-०७७०, मोही नामसारी, *श्रीकान्त महरा चमार वि. विश्वनाथ शुक्ल भूमीहार*
- ०७०-CI-०७७१, मोही नामसारी, *श्रीकान्त महरा चमार वि. विश्वनाथ शुक्ल भूमीहार*

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०५९७, ०६८-CR-०६१९ र ०६८-CR-०१२२, कर्तव्य ज्यान र चोरी, *नेपाल सरकार वि. गणित राई, गणित राई वि. नेपाल सरकार र नेपाल सरकार वि. भीमराज राईसमेत*

संवेदनशील अङ्ग घाँटीमा पटकपटक प्रहार गरेको कारण मृतकको मृत्यु भएको देखिन्छ । मानव शरीरको यस्तो संवेदनशील अङ्गमै खुकुरी प्रहार गर्दा यसको परिणाम स्वरूप मानिस मर्न सक्छ भन्ने पूर्वज्ञान साधारण समझभित्रको कुरा हो ।

प्रतिवादीहरूले खुकुरीजस्तो जोखिमी हतियारले घाँटी, चिउँडो जस्तो संवेदनशील अङ्गमा पटकपटक प्रहार गरेको र चारचार जनाले घेरा हाली कुटेपछि ज्यान मर्छ भन्ने पूर्वअनुमान गर्नसक्ने अवस्था भएकोले यहाँ Malice तत्त्वको विद्यमानता देखिन आयो । यसरी मृतकलाई मार्ने मनसायले कुटपिट गरेको होइन भन्ने प्रतिवादीहरूको जिकिर स्वीकार योग्य नदेखिने ।

मृतकलाई कुटपिट गरी मारेको कुरामा साबित रहेका प्रतिवादीहरू जाहेरीमा उल्लेख भएको पैसा चोरेको कुरामा इन्कार रहेको देखिन्छ । जाहेरी व्यहोरामा अलैँची बिक्री गरी प्राप्त रू.८०,०००।- साथमा थियो भनी उल्लेख भएको र अदालतसमक्ष भएको जाहेरवालाको बयानमा अलैँची खरिद गर्न उक्त रूपैयाँ साथमा लिई गएको भनी लेखाएको देखिँदा चोरी भएको भन्ने भनाई नै विश्वासयोग्य देखिएन । वादी पक्षबाट वस्तुनिष्ठ प्रमाण पेसगरी चोरी भएको भन्ने तथ्य पुष्टि गर्ने सकेको नदेखिँदा सबुद प्रमाणको अभावमा अभियोग ठहर गर्नु न्यायोचित हुँदैन । तसर्थ, प्रतिवादीहरू गणित राई, भीमराज राई, टेकबहादुर राई, शन्तकुमार राईउपरको चोरीको महलअन्तर्गतको दाबी पुग्न सक्ने नदेखिने ।

प्रतिवादीहरू आरोपित कसुर गरेको कुरामा इन्कार रही सहप्रतिवादीहरू गणित राई, भीमराज राई, टेकबहादुर राई, शन्तकुमार राईउपर पोल गरेको देखिन्छ । अदालतमा समेत कसुर गरेको मा साबित रहेका अन्य सहप्रतिवादीहरूले आफ्नो बयानमा यी प्रतिवादीहरूको संलग्नता रहेको भन्ने सकेको देखिँदैन । प्रतिवादीमध्येको टेकबहादुर राईले मृतकलाई मार्नमा करूणा राईको संलग्नता छैन भनी अदालत,समक्षको बयानमा लेखाई दिएको पाइन्छ । यसरी मिसिल संलग्न प्रमाणबाट प्रतिवादी धनकुमार राई र विमला भन्ने करूणा राईको मृतकलाई मार्ने कार्यमा प्रत्यक्ष संलग्नता रहेको पुष्टि हुन सकेको नदेखिँदा निजहरूलाई सफाई दिने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिने ।

तसर्थ, माथि विवेचित आधार, प्रमाणबाट प्रतिवादी धनकुमार राई र करूणा भन्ने विमला राईलाई अभियोग दाबीबाट सफाइ दिने गरी र प्रतिवादी गणित राई, टेकबहादुर राई, शन्तकुमार राई र भीमराज राईउपरको मुलुकी ऐन, चोरीको १४(३) नं. को अभियोगमा सफाइ दिई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू मोरङ जिल्ला अदालतको मिति २०६७।२।२५ को फैसला सदर गरी सर्वस्वसहित जन्मकैदको सजाय हुने प्रतिवादीको हकमा साधक जाहेर गर्ने गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।२।८ को फैसला मनासिब देखिँदा सदर हुने ।

अलैंची चोरीको विषयमा मृतकले आफ्नो पक्षको समाज ल्याउँछु भनी जाँदै गरेको अवस्थामा

मृतक र प्रतिवादीहरू बीच वादविवाद भई तत्काल उठेको झगडाको परिणामस्वरूप कुटपिट भएको देखिन्छ। प्रतिवादीहरूको अकस्मात् उठेको रिसबाट लाठा ढुङ्गाजस्तो साधारण हतियार वारदातमा प्रयोग भएको अवस्था भए ज्यानसम्बन्धी महलको १४ नं. अनुरूप कैद सजाय वर्ष १० हुन सक्ने पनि हुन्थ्यो । तर, प्रतिवादीहरूले लाठा ढुङ्गा जस्तो साधारण हतियार मात्रको प्रयोग नगरी जोखिमी हतियार खुकुरी प्रहार गरेबाट मृतकको मृत्यु भएको देखिँदा ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुने भएन। तथापि, अ.बं.१८८ नं. अनुरूप सजाय कम गर्दा एउटा आधार बनाउन सकिन्छ। ज्यानसम्बन्धी महलको १४ नं. अनुसारको सजाय १० वर्ष हुने भएको, सो भन्दा केही बढी र बढी भन्दा बढी सजाय सर्वस्वसहित जन्मकैद हुने भएकोले सोभन्दा घटी सजाय गर्दा न्यायको मक्सद पूरा हुने देखिन्छ। तसर्थ, प्रतिवादीहरू गणित राई, टेकबहादुर राई, शन्तकुमार राई, भीमराज राईलाई अ.बं.१८८ नं. को प्रयोग गरी १५ वर्ष कैद सजाय हुने गरी पुनरावेदन अदालतबाट व्यक्त रायसमेत मनासिब देखिएकोले सोही रायअनुसार प्रतिवादीहरूलाई जनही कैद वर्ष १५ का दरले सजाय हुने।

इजलास अधिकृत: सुरेशराज खनाल
कम्प्युटर: अभिषेककुमार राय
इति संवत् २०७३ साल वैशाख २९ गते रोज ४ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-CR-०८८२, कर्तव्य ज्यान, कान्छा परियार *वि. नेपाल सरकार*

मूलत: खुर्पाले चोट लागी भुइँमा लडेकी श्रीमतीलाई अचानोले झट्टि हान्ने वा पटकपटक टाउको जस्तो संवेदनशील अङ्गमा प्रहार गरेबाट मार्ने नियतका हिर्काएको देखिएको एवम् मृतक निरू परियारको मृत्यु यी पुनरावेदक / प्रतिवादीको कर्तव्यबाटै भएको तथ्य स्वीकार गरी मौका तथा अदालतमा प्रतिवादी कान्छा परियारले कसुरमा साबिती भएकोमा निजको बयान शव परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न कागजातबाट समर्थित भएको देखिँदा निज प्रतिवादी कान्छा परियारलाई सुरू काठमाडौं जिल्ला अदालत, तथा पुनरावेदन अदालत, पाटनबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम सजाय हुने ठहऱ्याई भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ प्रतिवादी कान्छा परियारले मार्ने नियतले निजको श्रीमती निरू परियारलाई संवेदनशील अङ्गमा हिर्काई मारेको देखिँदा निज प्रतिवादीलाई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।५।२५ मा अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १ र १३(१) नं. को कसुरमा सोही १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने ठहर गरेकोमा सो फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७१।२।१३ को फैसला मिलेको देखिँदा सदर हुने।

पुनरावेदक / प्रतिवादी र मृतक पति पत्नी रहेकोमा दुवैले रक्सी खाई झगडा गर्ने गरेको देखिए पनि मार्नु पर्ने कारण देखिँदैन । वारदातको दिन झगडा भएकोमा सोही बखत कुटपिट हुँदा मृतकलाई मारेको देखिएको छ । निज प्रतिवादीको र मृतकको बच्चाबच्चीसमेत रहेकामा निज बच्चाहरूको हेरचाह पालन पोषण गर्नुपर्ने अवस्थासमेत देखिएको छ । प्रतिवादीले आफूले कसुर गरेको तथ्य स्वीकार गरी न्यायिक प्रक्रियामा अदालतलाई सहयोग गरेको समेतको परिप्रेक्ष्यमा ऐनबमोजिमको सजाय गर्दा चर्को पर्ने चित्तमा लागेको र अ.वं. १८८ नं.बमोजिम कम सजाय गर्दा पनि कानूनको मकसद पूरा हुने देखिँदा अदालती बन्दोबस्तको १८८ नं.बमोजिम ७ (सात)

वर्ष कैद हुन मनासिब देखिएकोले निज प्रतिवादी कान्छा परियारलाई कैद वर्ष ७ (सात) हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल पुस १३ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-१२९३, कर्तव्य ज्यान, *चिरबिरे सुनार वि. नेपाल सरकार*

प्रतिवादीले दिदी नाता पर्ने मृतक सुमीत्रा वि.क. प्रतिवादीको घरमा पाहुना गएकोमा निजलाई प्रतिवादीले जबर्जस्ती करणी गर्न चाहेको र निजले नमानेपछि पनि मृतक दिदीसँग आफ्नो झगडा भएको तथा निज ज्यादै झगडा गरेपछि आफूलाई ज्यादै रिस उठी घाँटी थिची मारेको भन्ने र मृतकको शरिरमा भएका टोकेको भन्नेसमेतको विभिन्न घाउ चोटपटकहरूबाट घटनाक्रम र प्रतिवादीको व्यवहारहरू फरकफरक भई सोची सम्झी गरेको समेत देखिन्छ भने अर्कोतर्फ दिदी नाता पर्ने मृतकलाई यी प्रतिवादीले जबर्जस्ती करणी गर्न चाहेको व्यवहार प्रकाशमा आउने घटनालाई लुकाउने मनसायसमेतले मृतकलाई मारेको तथा मृतक सुमीत्रा वि.क. को संवेदनशील अङ्ग घाँटी थिची मारेको देखिँदा मार्ने नियत प्रष्ट हुन आउने।

तसर्थ प्रतिवादी धनबहादुर भन्ने चिरविरे सुनुवार वि.क.ले करणी गर्न नदिएको र झगडा गरेको रिसइवी लिई मृतक सुमित्रा वि.क.लाई घाँटी थिची मारेको देखिन आएकोले अभियोग दाबीबमोजिम प्रतिवादी चिरबिरे सुनारलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०६७।१०।१२ मा भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६८।९।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

प्रतिवादी चिरबिरे सुनारले मार्नुपर्ने पुरानो रिसइवी केही देखिँदैन । योजनावद्धरूपमा मारेको पनि देखिँदैन । प्रतिवादी चिरबिरे सुनार र मृतक सुमीत्रा वि.क. दिदी भाई नाता सम्बन्धका देखिएको र सँगै मिली रक्सी खाएको अवस्थाले पुरानो रिसइवी नभएको पुष्टि भएको पाइन्छ। दुवै जना नसाको सुरमा रहेकोमा चिरबिरे सुनारको घरमा निज र मृतकबाहेक कोही नभएको तथा एकै बिस्तारामा रहेको कारण चिरबिरे सुनारले करणी गर्न चाहेकोमा सोही विषयलाई लिएर मृतक र प्रतिवादीबीच झगडा भएको कारण घाटी अठ्याई मारेको देखिएको छ । साथै प्रत्यक्षदर्शीको अभाव रहेको प्रस्तुत घटनामा भएको वास्तविक घटना बताई न्याय निरूपणमा अदालतलाई सहयोग गरेको देखिँदा ऐनबमोजिमको सजाय गर्दा चर्को पर्ने चित्तमा लागेको र अ.बं.१८८ नं.बमोजिम कम सजाय गर्दा पनि कानूनको मकसद पूरा हुने देखिएको निज प्रतिवादी चिरबिरे सुनारलाई अ.वं. १८८ नं.बमोजिम कैद वर्ष १५ पन्ध्र हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल असार २२ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-०४८१, जबर्जस्ती करणी, *आकाश थापा मगर वि. नेपाल सरकार*

अवोध बालिकाले आफूमाथि भएको जबर्जस्ती करणीजस्तो नृशंस एवम् पासविक अपराधको जस्ताको तस्तै घटनाक्रमसमेत खुलाई स्वाभाविकरूपमा अभिव्यक्त गरेको भनाईलाई पीडितको स्वास्थ्य परीक्षणबाट समर्थित गरेको छ। एक निर्दोष बालिकाले आफूमाथि जबर्जस्ती करणी नगरेको भए प्रतिवादीलाई किटान गरी देखाउनु पर्ने कुनै कारण वा परिस्थिति पनि छैन। साथै बालिकाउपर आजीवन

सामाजिक दाग लाग्ने जबर्जस्ती करणी जस्तो जघन्य अपराधमा अवोध बालिकालाई पीडित देखाई स्वयम् पीडित बालिकाको आमाले नै प्रतिवादीउपर जाहेरी दिनुपर्ने अरू कुनै कारणसमेत देखिँदैन । ६ वर्षको नाबालिकामा विचार गर्नेसम्मको शक्ति पनि विकास भई नसकेको हुनाले कसैलाई फसाउनकै लागि वा कसैप्रति रिसइवी लिने भावना नहुने हुदा गलत वा झुठा कुराको उल्लेख गरेको मान्न सकिने अवस्था पनि देखिन नआएकोले प्रमाण ऐन, २०३१ को दफा १० बमोजिम पीडित भएका व्यक्तिले व्यक्त गरेको र अन्य प्रमाणसमेतले समर्थन गरेकोले प्रमाणमा लिन मिल्ने नै देखिने ।

प्रतिवादीले पीडितको यौनाङ्गमा रगेट्दा नाबालिकाको अविकसित योनिको मुखको पछाडीको भागमा च्यातिएको देखिँदा करणी गर्न नपाएको भन्ने देखिएन । उपरोक्तानुसार ६ वर्षकी नाबालिकालाई प्रतिवादी आकाश थापा मगरले जबर्जस्तीको करणीको कार्य नै सम्पन्न गरेको घटित वारदातलाई लिङ्गको पूर्ण प्रवेश नभएको वा वीर्य स्खलन नभएको कारणले मात्र जबर्जस्ती करणीको उद्योग ठहर गर्न नमिल्ने हुँदा जबर्जस्ती करणीको महलको १ नं. विपरीतको जबर्जस्ती करणीकै वारदातको देखिन आएको र पीडित बालिकाको उमेर १० वर्षभन्दा मुनीको देखिन आएकोले जबर्जस्ती करणीको महलको ३ नं.को देहाय १ बमोजिम सजाय हुने देखिँदा कैद वर्ष १०(दश) हुने ठहराई ऐ. १० नं.बमोजिम पीडितले प्रतिवादीबाट रू.५०,०००।- क्षतिपूर्ति भराई लिन पाउने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालत, तथा पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिन आउने ।

तसर्थ विवेचित आधार प्रमाणसमेतबाट प्रतिवादी आकाश थापा मगरले जबर्जस्ती करणीको कसुर गरेको देखिन आएकोले निजलाई अभियोग माग दाबीबमोजिम जबर्जस्ती करणीको महलको १ नं. विपरीतको कसुरमा सोही महलको ३ नं.को देहाय १ बमोजिम कैद वर्ष १०(दश) को सजाय हुने ठहर गरी ऐ. १० नं.बमोजिम पीडितले प्रतिवादीबाट रू. ५००००।- क्षतिपूर्ति भराई लिन पाउने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति२०६९।१।२० को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०/२/२८ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल फागुन १३ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६९-CR-०१८६, वन पैदावर हानि नोक्सानी एवम् चोरी निकासी, *अनिलकुमार पाख्रिन वि. नेपाल सरकार*

वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४) मा पाँच हजार रूपैयाँभन्दा बढीको बिगो भए बिगोको दोब्बर जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था रहेको पाइन्छ । उक्त जरिवाना बिगोको आधारमा दोब्बर हुने भए पनि प्रतिवादीहरू एकभन्दा बढी भएको अवस्थामा हरेक प्रतिवादीहरूलाई जनही बिगोको दोब्बर जरिवाना हुने भन्ने उक्त कानूनी व्यवस्थाको आसय रहेको नदेखिने ।

बिगो कायम गर्दा अलग अलग परिमाणका आधारमा नगरी बरामद भएको समग्र काठको परिमाणको आधारमा कूल परिमाण र बिगो जोड्दा पाँच हजारभन्दा बढी भएको आधारमा उक्त दफा ५०(१)(घ)(४) बमोजिम दोब्बर सजायको मागदाबी लिएपछि कसुर ठहरी सजाय गर्दा सोहीबमोजिम उक्त सजाय सामूहिकरूपमा नै गर्नुपर्ने ।

अतः प्रस्तुत मुद्दामा बिगो रू.१२,४००।- भएको, वन ऐन,२०४९ को दफा २५ को उपदफा १ को खण्ड (घ) को देहाय ४ बमोजिम दोब्बर जरिवाना वा एक वर्ष कैद वा दुवै भन्ने सजायको व्यवस्था गरेको र यस मुद्दामा ३ जना प्रतिवादीहरू देखिएको अवस्थामा

माथि उल्लिखित कानूनी सिद्धान्तबमोजिम सो बिगो तथा जरिवाना भएको रू.२४,८००।- लाई तीनैजना प्रतिवादीहरूबाट बराबरका दरले जरिवाना गर्नुपर्नेमा सो बिगोको जनहीपिच्छे जरिवाना गरेको हदसम्मको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।१।१३ को फैसला नमिलेकोले उल्टी भई प्रतिवादीहरू टिकाराम गोले, सोमलाल गोले र अनिल पाख्रिनलाई जनही रू.८२६६।२६ जरिवाना हुने।

इजलास अधिकृत: महेश खनाल

इति संवत् २०७३ साल भदौ २७ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६९-CR-०८४६, सामूहिक जबर्जस्ती करणी, *नेपाल सरकार वि. रविन जि.सी. समेत*

निज रेखालाई रविनले करणी गरेपछि हामीहरूले पनि पालैपालोसँग करणी गरेका हौं भनी अनिल घर्ती, सन्दीप चौधरी र रविन जि.सी. ले समेत मौकाको बयानमा स्वीकार गरेको देखियो। निजहरूले अदालतमा वारदातको दिन अन्यत्र रहेको भन्ने जिकिर लिएको भए पनि त्यस्तो जिकिर निर्विवाद र तथ्यपरक प्रमाणबाट स्थापित गर्न सकेको नदेखिने।

पीडित रेखा के.सी. ले अदालतमा बकपत्र गर्दा प्रतिवादीहरूले जबर्जस्ती करणी गरेका होइनन् भनी Hostile भई बकपत्र गरेको देखिए पनि निजको उक्त बकपत्र निजकै बाबुको जाहेरी दरखास्तको व्यहोरा तथा अदालतमा भएको बकपत्र, निज पीडितकै मौकाको कागज, नन्दु चौधरीको घटना विवरण कागज तथा पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट खण्डित भई पत्यारलायक देखिन नआउने।

पीडितको मौकाको भनाई अन्य प्रमाणबाट पुष्टि भइरहेको देखिँदा निजले अदालतमा गरेको बकपत्र मात्र प्रतिवादीहरूको निर्दोशिताको आधार बन्न सक्ने अवस्था देखिएन। यसरी मिसिल संलग्न प्रमाण कागजबाट प्रतिवादीहरू रविन जि.सी., अनिल घर्ती, सन्दिप चौधरी र जेलर भन्ने सुभास चौधरीले पीडित परिवर्तित नाम रेखा के.सी. लाई जबर्जस्ती करणी गरेको पुष्टि हुन आएको र निजहरूले सामूहिकरूपमा पालैपालो पीडितलाई जबर्जस्ती करणी गरेको भन्ने तथ्य स्थापित हुन आएको हुँदा पीडितउपर सामूहिकरूपमा जबर्जस्ती करणी भएको मान्नुपर्ने देखिन नआउने।

जबर्जस्ती करणीको ३क मा "महिलालाई सामूहिकरूपमा जबर्जस्ती करणी गर्ने वा गर्भवती, असक्त वा अपाङ्ग महिलालाई जबर्जस्ती करणी गर्नेलाई यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नुपर्छ" भनी स्पष्ट कानूनी व्यवस्था रहेको देखियो। प्रस्तुत वारदातमा यी प्रतिवादीहरू चार जनाले जबर्जस्ती करणी गरेको ठहर गरिसकेपछि उक्त ३क नं. को कानूनी व्यवस्थाबमोजिम सामूहिकरूपमा जबर्जस्ती करणी गरेतर्फ प्रतिवादीहरूलाई थप पाँच वर्ष कैद सजाय गर्नुपर्नेमा सो नगरेको हदसम्मको पुनरावेदन अदालत, तुलसीपुरको फैसला उक्त कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिन आउने।

तसर्थ, उपर्युक्त आधार कारणबाट प्रतिवादीहरूले सामूहिकरूपमा जबर्जस्ती करणी गरेको पुष्टि हुन आएको हुँदा प्रतिवादीहरूलाई थप सजाय नगरेको हदसम्मको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६९।३।१० को फैसला केही उल्टी भई प्रतिवादीहरू रविन जि.सी., अनिल घर्ती, सन्दिप चौधरी र जेलर भन्ने सुभाष चौधरीलाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३क नं.बमोजिम जनही थप ५(पाँच) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: महेश खनाल

इति संवत् २०७३ साल भदौ २७ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६७-CR-११५७, ज्यान मार्ने

उद्योग, *नेपाल सरकार वि. रामचन्द्र राय यादवसमेत*

पीडित ईश्वरीप्रसादलाई गोली प्रहार गरी ज्यान मार्ने उद्योग गरेको कसुरमा यी प्रतिवादी रामचन्द्र रायको संलग्नता देखिन आएकोले निजलाई उक्त कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम सजाय गर्नुपर्नेमा सो नगरी मुद्दा कुटपीटमा परिणत गरी निज प्रतिवादी रामचन्द्र रायसमेतलाई ज्यानमार्ने उद्योगको अभियोग दाबीबाट सफाइ हुने गरी भएको पुनरावेदन अदालतको फैसला मिलेको देखिन नआउने।

प्रतिवादी मनोज राय यादवले अदालतमा उपस्थित भई बयान गर्दा कसुरमा पूर्णरूपमा इन्कार रहेको देखियो। प्रतिवादीहरू राकेश महतो र राजेश चमार अनुसन्धानको क्रममा पक्राउ हुन नसकेका तथा अदालतबाट जारी म्यादमा समेत उपस्थित हुन आएका नदेखिएपनि निज प्रतिवादीहरूको भूमिका उक्त वारदातमा के कस्तो थियो भन्ने तथ्य अनुसन्धानबाट खुल्न सकेको पाइएन । निजहरूउपरको अभियोग दाबी प्रमाणित गर्ने भार प्रमाण ऐन,२०३१ को दफा २५ बमोजिम वादीको हुनेमा त्यस्तो कुनै विश्वसनीय आधार प्रमाण वादी पक्षबाट पेस हुन सकेको छैन। सबुद प्रमाणको अभावमा अनुमानको आधारमा मात्र निज प्रतिवादीहरूलाई कसुरदार ठहर गर्न मिल्ने अवस्था नदेखिँदा निज प्रतिवादीहरूलाई समेत अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्ने नदेखिने।

अतः उपर्युक्त आधार प्रमाणबाट पीडित ईश्वरीप्रसाद उपर गोली प्रहार भएकोमा विवाद नदेखिएको, अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादी रामचन्द्रको साबिती बयान रहेको देखिएको, निजले अदालतमा बयान गर्दा अन्यत्र भएको भन्ने जिकिर लिएको भए पनि सोको प्रमाण प्रतिवादीले पुर्‍याउन सकेको नदेखिएको अवस्थामा बन्दुकजस्तो घातक हतियार प्रयोग भएकोमा मुद्दा कुटपिटतर्फ परिणत गर्ने गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।३।१० को फैसला मिलेको नदेखिँदा उल्टी हुने भई प्रतिवादी रामचन्द्र राय यादवलाई ज्यानमार्ने उद्योग गरेको कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धीको १५ नं.बमोजिम ५ वर्ष कैद हुने ठहर्छ। अन्य प्रतिवादीहरूले ज्यान मार्ने उद्योगको अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको फैसला मिलेकै देखिँदा परिवर्तन गर्नु नपर्ने।

इजलास अधिकृत: महेश खनाल

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७३ साल भदौ २७ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६७-CR-१३३२ र ०६८-CR-०१४८, ठगी, *नेपाल सरकार वि. पुष्पराज पाण्डेसमेत र पुष्पराज पाण्डे वि. नेपाल सरकारसमेत*

जल सम्पदा तथा वातावरण संरक्षण कोष संस्थाका सञ्चालक समितिका पदाधिकारीहरूले लगानी गरेको रकम तथा स्टाफको रूपमा काम गरेबापत पाउने रकमसमेत सो संस्थाका अध्यक्ष पुष्पराज पाण्डे र कोषाध्यक्ष श्रीमती सविता न्यौपानेले २०६२।२।७ मा बुझाउने भनी २०६२।१।७ मा प्रतिवादीहरू पुष्पराज र सवितालाई साक्षी राखी कागज गरेको देखिन्छ। उक्त कागजको व्यहोरा तथा जाहेरवालाहरूले गरेको बकपत्रसमेतबाट सो संस्थाका पदाधिकारीका रूपमा रहेका रत्नप्रसाद श्रेष्ठ, राजाराम विष्ट, रामशरण श्रेष्ठ तथा कर्मचारीका रूपमा रहेका सिर्जना खोखाली, पुन्यकुमारी खरेल, सानुभाइ श्रेष्ठ, मिना भुमीसमेतले आफूहरू ठगिएको महसुस गरी आफूहरूले दिएको रकम असुलीको लागि उक्त कागज गराएको देखिन्छ । सोबमोजिमको रकम तिरे बुझाएको भन्ने प्रतिवादीहरूले दाबी लिएको देखिँदैन। उक्त कागज जबर्जस्ती गराएका हुन् भनी अदालतमा भएको बयानको स.ज. १० मा प्रतिवादीले उल्लेख गरेको भए

पनि सो कागजउपर कहींकतै उजुर गरेको पाइएन । निज प्रतिवादीहरूलाई जबर्जस्ती कागज गराएको भन्ने अन्य कुनै विश्वसनीय आधार प्रमाण प्रतिवादीहरूबाट पेस हुन सकेको नदेखिँदा उक्त कागजलाई अन्यथा भन्न नमिल्ने ।

प्रतिवादीहरूले कागजमा उल्लिखित रकम तिर्ने बुझाउने दायित्वलाई स्वीकार गरी सहीछापसमेत गरिसकेको अवस्थामा प्रतिवादीहरूले मुलुकी ऐन, ठगीको महलले परिभाषा गरेअनुसार ठगीको कसुर गरेको मान्न मिलेन । ठगीतर्फको दाबी नपुग्दैमा प्रतिवादीहरूले स्वीकार गरेको तिर्नु बुझाउनुपर्ने दायित्वबाट उन्मुक्ति पाउने भनी अर्थ गर्न मिल्ने देखिँदैन । मुलुकी ऐन, ठगीको महलको ३ नं. मा *"ठगिनेले ठगी गर्नेलाई पक्री भाखा तमसुक गराइराखेको रहेछ भने साहू असामीसरह हुन्छ"* भन्ने कानूनी व्यवस्था रहेको सन्दर्भमा जाहेरवालाहरूसमेतको दाबीबमोजिमको रकम ठगीको ३ नं. बमोजिम प्रतिवादीहरूबाट जाहेरवालाहरूले दिलाई भराइ पाउने फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

अतः उपर्युक्तबमोजिमको आधार कारणबाट प्रतिवादीहरूलाई ठगीतर्फ सजाय नहुने र जाहेरवालाहरूसमेतको रूपैया ठगीको ३ नं.बमोजिम प्रतिवादीहरूबाट निज जाहेरवालाहरूले साहु आसामीसरह यसै मुद्दाबाट दिलाई भराइ पाउने ठहर्‍याई भएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।८।९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: महेश खनाल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल भदौ २७ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६८-CR-१००९ र ०६८-CR-१२९९, जबर्जस्ती करणी, *मानबहादुर (लुहार) कामी वि. नेपाल सरकार र गुड्डु अन्सारी खाँ वि. नेपाल सरकार*

प्रतिवादीहरूले मौकामा र अदालतसमक्षको बयानमा उक्त समयमा अन्यत्र रहेको भन्ने जिकिर लिएको देखिए पनि सो जिकिर पुष्टि हुने कुनै विश्वासनीय प्रमाण दिन सकेको देखिएन । निजहरू वारदातको दिन राइढुङ्गा भन्ने जङ्गलमा वारदातस्थलकै वरिपरि रहेको भन्ने प्रत्यक्षदर्शीहरूको बकपत्रसमेतबाट देखिएको छ । यसरी यी प्रतिवादीहरू वारदातस्थलमै रहेको प्रमाणित भएको अवस्थामा निजहरूको इन्कारी बयानलाई प्रमाणमा लिन मिल्ने देखिएन । निजहरूले नै पीडितलाई जबर्जस्ती करणी गरेको भन्ने पीडितको बकपत्रसमेतबाट पुष्टि हुन आएकोले उक्त सो वारदातमा यी प्रतिवादीहरूको संलग्नता रहेको मान्नुपर्ने अवस्था देखियो । यसरी परिस्थितिजन्य प्रमाणबाट यी प्रतिवादीहरू आरोपित कसुरमा दोषी देखिन आएको अवस्थामा निजहरूले मौकामा र अदालतमा इन्कारी बयान गरेको आधारमा मात्र फौजदारी दायित्वबाट उन्मुक्ति पाउने अवस्था नहुँदा प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

पीडितलाई जबर्जस्ती करणी गर्ने कार्यमा यी प्रतिवादीहरू गुड्डु अन्सारी खाँ र मानबहादुर कामीसमेतको सँलग्नता रहेको देखियो । निज प्रतिवादीहरूसमेतले पालै पालोसँग जबर्जस्ती करणी गरेको देखिँदा उक्त कार्य सामूहिकरूपमा भएको मान्नुपर्नेसमेत देखियो । मुलुकी ऐन, जबर्जस्ती करणीको ३(४) नं.अनुसार चौध वर्ष वा सो भन्दा बढी उमेरको महिलालाई जबर्जस्ती करणी गर्नेलाई ५ वर्षदेखि ७ वर्षसम्म कैद सजाय हुने व्यवस्था रहेको र ऐ को ३ क नं. मा महिलालाई सामूहिकरूपमा जबर्जस्ती करणी गर्नेलाई थप पाँच वर्ष कैद गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दामा वर्ष १८ की पीडितलाई जबर्जस्ती करणी गरेको कसुरमा प्रतिवादी मानबहादुर कामी र गुड्डु अन्सारी खाँलाई जबर्जस्ती करणीको महलको ३(४) नं.अनुसार जनही ५/५ वर्ष

कैद हुने र ऐ. को ३क नं.बमोजिम थप जनही ५/५ वर्ष कैद हुने गरी भएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६८।९।६ को फैसला मिलेकै देखिँदा सदर हुने।

जबर्जस्ती करणीको कसुरबाट पीडित महिलालाई भराइ दिनुपर्ने क्षतिपूर्तिको दायित्व मूलतः कसुरदारले नै वहन गर्नुपर्ने हुन्छ। यदि क्षतिपूर्ति दिन कसुरदार आर्थिक रूपमा सक्षम नभएको भन्ने आधारमा पीडितले क्षतिपूर्ति नपाउने स्थिति आएमा त्यस्तो अपराध पीडितहरूले क्षतिपूर्ति पाउने हकबाट वञ्चित भई फौजदारी न्याय प्रणालीबाट विमुख हुनसक्ने भएकोले लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १०ग नं मा थप व्यवस्था गरी सम्बन्धित महिला तथा बालबालिका कार्यालयबाट क्षतिपूर्ति स्वरूप उचित रकम पीडितलाई भराइदिने कानूनी व्यवस्था गरी क्षतिपूर्तिको दायित्व राज्यलाई नै सुम्पिएको देखियो।

प्रतिवादी मानबहादुरको केही सम्पत्ति नभएको र प्रतिवादी गुड्डु असारी खाँ भारतीय नागरिक भएकोले क्षतिपूर्ति भराउने अवस्था नभएको भन्ने आधारमा मात्र पीडितले कानूनबमोजिम क्षतिपूर्ति नपाउने भन्न मिल्ने देखिएन । यस्तो अवस्थामा पीडितले सम्बन्धित महिला तथा बालबालिका कार्यालयबाट उचित क्षतिपूर्ति पाउनु पर्ने देखिएकोले तत्काल पीडितमाथि पर्न गएको शारीरिक र मानसिक अवस्था तथा सुविधा र सन्तुलनसमेतलाई समेत दृष्टिगत गरी मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १०गबमोजिम महिला तथा बालबालिका कार्यालय, कञ्चनपुरबाट रू.५०,०००।- (पचास हजार) पीडित सँगिताकुमारी (परिवर्तित नाम) लाई क्षतिपूर्ति उपलब्ध गराइदिने ठहर्ने।

इजलास अधिकृत: महेश खनाल

इति संवत् २०७३ साल भदौ २७ गते रोज २ शुभम्।

९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६७-CR-०५५९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मदन श्रेष्ठ*

प्रतिवादीका साक्षीहरूले मृतक रोगी थिए, कमजोर थिए, रक्सी सेवन गरेका थिए भनी अदालतमा बकपत्र गरेको देखिएको छ। प्रतिवादी मृतकको कारण उत्तेजित भए पनि मासु काट्दै गरेको धारिलो हतियार प्रयोग नगरी हातले थप्पड हानेको देखिएको छ । प्रतिवादीले मृतकलाई मार्ने नै मनसाय राखेको भए वा अत्यधिक रिसको आवेशमा रहेको भए त्यस्तो धारिलो हतियारसमेत प्रयोग गर्न सक्ने स्थिति रहने थियो । वारदातको समग्र परिस्थिति हेर्दा प्रतिवादीले मृतकलाई मार्ने मनसाय राखेको देखिँदैन र मार्नेसम्मको कार्य गरेको भन्ने अवस्थासमेत रहेको छैन। तर पनि मानिस मर्लाजस्तो नठानी सामान्यरूपमै कुटपिट गरेको कारण केही समयपछि मृतकको मृत्यु भएको देखिएको हुँदा प्रतिवादीले ज्यानसम्बन्धीको १४ नंअन्तर्गतको कसुर गरेको मान्न नमिल्ने।

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ६ नं. को देहाय ४ मा “रक्षा शिक्षा गर्नेबाहेक अरू कसैले कसैलाई कुटपिट गर्दा भवितव्य परेकोमा पाँचसय रूपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुन्छ” भन्ने कानूनी व्यवस्था रहेको देखिएको र प्रस्तुत मुद्दामा वारदातको पृष्ठभूमि, प्रकृति तथा परिस्थितिसमेतबाट उक्त वारदात सोही कानूनी व्यवस्थाअन्तर्गतकै देखिन आएकोले सोहीबमोजिम प्रतिवादीलाई सजाय गरेको सुरू तथा पुनरावेदन अदालतको फैसला कानूनसम्मत नै देखियो । उक्त वारदात ज्यानसम्बन्धीको १४ नं.अन्तर्गतको अवस्था नदेखिई भवितव्यबाट भएको देखिन आएकोले त्यसतर्फको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उपर्युक्तबमोजिमको आधार कारणबाट

मृतक जितबहादुर कुमालको मृत्यु भवितव्यबाट भएको देखिन आएकोले प्रतिवादी मदन श्रेष्ठलाई ज्यानसम्बन्धीको ६ नं. को देहाय ४ बमोजिम रू.५००।- जरिवाना र १ (एक) वर्ष कैद हुने गरी अर्घाखाँची जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६६।९।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: महेश खनाल

इति संवत् २०७३ साल भदौ २७ गते रोज २ शुभम्।

१०

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६७-CR-११५५, जबर्जस्ती करणी, *नेपाल सरकार वि. भोला अन्सारी*

परोपकार प्रसुति तथा स्त्रीरोग अस्पतालमा भएको पीडितको शारीरिक परीक्षण रिपोर्टबाट पीडितको स्वास्थ्य सामान्य भई कुनै घाउचोट नदेखिएको, निजको कन्याजाली नच्यातिएको तर कन्याजालीको वरिपरि रातोपनसम्म भएको भन्ने देखियो । उक्त परीक्षण प्रतिवेदनसमेतबाट प्रतिवादीले पीडितको योनिभित्र आफ्नो लिङ्ग छिराई जबर्जस्ती करणी गरेको भन्ने अवस्था देखिएन । पीडितको अवस्था सामान्य रहेको र कन्याजाली नच्यातिएको अवस्थामा प्रतिवादीले जबर्जस्ती करणीको कसुर गरेको भनी किटान गर्नु न्यायसङ्गत नहुने हुँदा त्यसतर्फको वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्ने नदेखिने।

प्रतिवादीको क्रियाकलापबाट जबर्जस्ती करणीको मनसाय रहेको देखिए तापनि पीडित रोएको कारण जबर्जस्ती करणीको कार्य सम्पन्न नगरी छाडेको भन्ने तथ्य स्वयम् पीडितको भनाई तथा प्रतिवादीको अनुसन्धानको क्रममा भएको बयान कागजसमेतबाट खुल्न आएको र मिसिल संलग्न कागज प्रमाणको समग्र विश्लेषणबाट प्रतिवादीले जबर्जस्ती करणीको उद्योग सम्म गरेको देखिएको तथा भारतीय नागरिक यी प्रतिवादीले सुरू तथा पुनरावेदन अदालतबाट भएको फैसलाबमोजिमको सजाय भुक्तान गरी रिहा भइसकेको अवस्था देखिँदा सुरू तथा पुनरावेदन अदालतबाट प्रतिवादीले जबर्जस्ती करणीको उद्योग गरेको ठहर्‍याई सजायसमेत गरेको फैसला परिवर्तन गर्नुपर्ने नदेखिने।

तसर्थ उपर्युक्त आधार कारणबाट प्रतिवादी भोला अन्सारीले जबर्जस्ती करणीको उद्योग गरेको ठहर्‍याई निज प्रतिवादीलाई ५ वर्ष ६ महिना कैद सजाय गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६६।१२।३१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: महेश खनाल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल भदौ २७ गते रोज २ शुभम्।

११

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६६-CR-०४४६ र ०६६-CR-०४४७, ठगी, *काशिराम लोनिया वि. नेपाल सरकार र शिव बालक लोनिया वि. नेपाल सरकार*

जाहेरवाला तथा प्रतिवादीहरू बीचको लेनदेन कारोबार तथा तमसुक लिनुदिनु गरेको भनिएको कार्य तथा जाहेरवालालाई ललाई फकाई तमसुक लिएर गई ठगी गरेको भन्ने कार्य नै विवादित रहेको देखिन्छ। उक्त दाबीको तमसुकमाथि यी जाहेरवालाको निर्विवाद हक स्थापित रहेको वा निजको सम्पत्तिको रूपमा रहेको भन्ने तथ्य नै यकिन हुन सकेको छैन। जाहेरवाला तथा प्रतिवादीहरूबीच भएको भनिएको दाबीको तमसुकको अस्तित्व नै अनुसन्धानबाट देखाउन नसकेको र जाहेरवालाबाट प्रतिवादीहरूले ललाई फकाई झुक्यानमा पारी तमसुक लगी ठगी गरे भनी स्वतन्त्र र विश्वसनीय प्रमाणबाट पुष्टि नभएको अवस्थामा केवल अनुमानको भरमा मात्र प्रतिवादीहरूले ललाईफकाई झुक्यानमा पारी तमसुक लगी ठगी गरेको भनी निष्कर्षमा पुग्न सकिने अवस्थासमेत नरहने।

प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम प्रतिवादीहरूको अभियोग प्रमाणित गर्ने भार वादीको हुनेमा प्रतिवादीहरू उपरको अभियोग पुष्टि हुने त्यस्तो

कुनै विश्वसनीय र स्वतन्त्र प्रमाण वादी पक्षबाट पेस हुन सकेको पाइएन । सबुद प्रमाणको अभावमा ठगीतर्फको अभियोग दाबीबाट प्रतिवादीहरूलाई सफाइ दिनुपर्नेमा अभियोग दाबीबमोजिमको कसुर गरेको ठहऱ्याई सजायसमेत गरेको पुनरावेदन अदालत, नेपालगञ्जको फैसला मिलेको नदेखिने ।

तसर्थ, उपर्युक्त आधार कारणबाट प्रतिवादीहरूले ठगी गरेको भन्ने स्वतन्त्र र विश्वसनीय आधार प्रमाण नरहेको अवस्थामा पनि प्रतिवादीहरू काशीराम लोनिया र शिवबालक लोनियाले ठगीको १ नं.बमोजिमको कसुर गरेको ठहऱ्याई निजहरूलाई सोही महलको ४ नं.बमोजिम कैद दिन ६ र जरिवाना रू. ५०,०००।- (पचास हजार) हुने तथा प्रत्यर्थी प्रतिवादी शिवबालक लोनियाबाट जाहेरवालाले तमसुकको बिगो रू.५०,०००।- (पचास हजार) भरिपाउने ठहऱ्याएको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६६।१।२७ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी शिवबालक लोनिया र काशिराम लोनियाले ठगीतर्फको अभियोग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृत: महेश खनाल

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७३ साल भदौ २६ गते रोज १ शुभम् ।

१२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-१३९९, कर्तव्य ज्यान, *रनबहादुर नेपाली वि. नेपाल सरकार*

पहिलो पटक बाबुलाई कुटपिट गरेकोमा कुटपिट गर्दाका बखतका प्रत्यक्षदर्शीहरूले छुट्टयाई दिएकोमा अरू सुतेपछि कुटपिट गरी मारेको देखिएको, आफैँ झुण्डिएको देखाउन लास रूखमा झुण्डाएको भन्ने प्रतिवादीको मौकाको बयानबाट खुलिरहेको र सो साबिती बयानलाई मिसिल संलग्न लास जाँच मुचुल्का शव परीक्षण प्रतिवेदनसमेतबाट पुष्टि भई पटकपटक वृद्ध बाबुलाई कुटपिट गर्ने, उचाली फाल्ने जस्ता कार्य गरी अन्य सुतेको अवस्थामा कुटपिट गरी मार्ने कार्य गरेको र कसुर लुकाउने कार्यसमेत गरेको हुँदा मार्ने नियतवश मृतकलाई मारेको देखिन आएकोले निज प्रतिवादी रनबहादुर नेपालीलाई ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम कसुर ठहर गरेको पुनरावेदन अदालत, पोखराको फैसला मिलेकै देखिन आउने ।

तसर्थ प्रतिवादी रनबहादुर नेपालीलाई ज्यानसम्बन्धी महलको १४ नं.बमोजिम सजाय गर्ने गरेको सुरू तनहुँ जिल्ला अदालतको मिति २०६८।१।६ को फैसला केही उल्टी गरी प्रतिवादी रनबहादुर नेपालीलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं.अनुसार सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०६८।१०।२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

बाबु र प्रतिवादीको श्रीमती बीच झगडा भएको सोही क्रममा प्रतिवादी रनबहादुर नेपाली घर आएपश्चात् बाबु छोराबीचको सामान्य घरायसी झगडाको कारण कुटपिट भएको र तत्पश्चात् रक्सी खाइआएको अवस्थामा मृतकले झगडा गर्न नछाडेको र पाशविक तवरबाट हत्या गरेको देखिँदैन । प्रतिवादीले मृतकउपर चोट छोडेको भए पनि चोटहरू गम्भीर प्रकृतिको नदेखिएको अवस्थामा मृतकको मृत्यु भएको देखिँदा ऐनबमोजिमको सजाय गर्दा चर्को पर्ने चित्तमा लागेको र कम सजाय गर्दा पनि ऐनको मकसद पूरा हुने देखिँदा अ.बं.१८८ नं.बमोजिम कैद वर्ष १० (दश) हुने ।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७३ साल मंसिर १३ गते रोज २ शुभम् ।

१३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-०४३०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लोकेन्द्र राई*

प्रतिवादीको मृतकसँग पूर्वरिसइवी रहेको तथा वारदात समयमा निज प्रतिवादीको उपस्थितिसम्म रहेको देखिए तापनि ज्यान मार्नलाई बचन दिएको वा मार्नलाई संयोग पारिदिनको लागि मृतकको जिउमा

हात हाली पक्रने समात्ने लगायतका कार्य गरेको भन्ने कुनै सबुद प्रमाणबाट पुष्टि हुन सकेको नदेखिने।

प्रतिवादीले यस तरहसँग मृतकलाई मार्न प्रत्यक्ष भूमिका निर्वाह गरेका हुन् भनी कोही कसैले भन्न सकेको अवस्था देखिएन। प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने कानूनी व्यवस्था रहेको पाइन्छ। तर वादी पक्षबाट सोको पुष्टि हुने कुनै स्वतन्त्र र विश्वसनीय आधार प्रमाण पेस हुन सकेको नहुँदा अनुमानको भरमा निजलाई ज्यानसम्बन्धी महलको १३(४) नं. अन्तर्गतको कसुर गरेको मान्न मिल्ने अवस्था नदेखिँदा निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम नै सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी वारदातस्थलमा उपस्थित भएको तथा मत सल्लाहमा पसेको भन्ने निजले मौकामा गरेको बयान कागज, मृतकको श्रीमतीको कथन तथा अन्य घटना विवरण कागज गर्ने मानिसको भनाइसमेतका परिस्थितिजन्य प्रमाणबाट देखिँदा निजलाई ज्यानसम्बन्धी महलको १७(३) नं.अन्तर्गतको कसुरमा २ वर्ष कैद सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत, राजविराजको फैसला कानूनसम्मत नै देखिने।

तसर्थ, पुनरावेदन अदालत, राजविराजबाट सुरू फैसला उल्टी गरी प्रतिवादी लोकेन्द्र राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं.बमोजिम २ (दुई) वर्ष कैद हुने ठहऱ्याएको मिति २०६७।१०।१२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: महेश खनाल

इति संवत् २०७३ साल भदौ २६ गते रोज १ शुभम्।

१४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-१३२५, कर्तव्य ज्यान, *डोबबहादुर पचभैया वि. नेपाल सरकार*

मृतक आफैँले पासो लगाई मरेको भए यी प्रतिवादीले टोल छिमेकका मानिसलाई हारगुहार गरी मद्दत माग्नुपर्नेमा सो नगरी यी प्रतिवादी मध्यरातमा भागेको देखियो। निज प्रतिवादी निर्दोस रहेका भए उक्त वारदातपश्चात् भाग्नुपर्ने कुनै कारण थिएन। घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्कामा उक्त लासको माथि दलिनमा एक फन्का घुमाई गाँठो नपारी पटुका झुन्डिएको र मृतकको घाँटीमा यु आकारको डाम रहेको देखिँदा पटुकाले पासो लगाइ झुन्डिएको भन्ने नदेखिई बरियाले नै घाँटी कसी मारेको भन्ने प्रतिवादीको अनुसन्धानको बयान कागज व्यहोरालाई थप पुष्टि गरेको छ। जाहेरवाला, प्रतिवादीको आमालगायत अन्य बुझिएका मानिसहरूले अदालतमा समेत आई गरेको बकपत्रबाट पनि उक्त वारदातमा प्रतिवादी नै दोषी रहेको भन्ने देखिन आएको छ। मृतकले आफैँ पटुकाको पासो लगाई आत्महत्या गरेको भन्ने प्रतिवादीको अदालतसमक्ष भएको बयान कुनै प्रमाणबाट समर्थित हुन सकेको नदेखिने।

मिसिल संलग्न कागज प्रमाणहरूबाट प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयान कागजकै व्यहोरा समर्थन भइरहेको देखिएको र उक्त साबिती बयानलाई अन्यथा भनी प्रतिवादीले पुष्टि गर्न सकेको अवस्थासमेत नहुँदा उक्त साबिती बयान प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणमा लिन मिल्ने नै देखियो। यसरी यी प्रतिवादीको मौकाको साबिती बयान तथा अन्य परिस्थितिजन्य प्रमाणबाट उक्त वारदातमा निज प्रतिवादीकै संलग्नता देखिन आएकोले मृतकले आफैँ आत्महत्या गरेको भन्ने पुनरावेदन जिकिर तथा पुनरावेदकतर्फका वैतनिक कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रतिवादीको साबिती बयान कागजलगायत मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि हुन आएको र निज प्रतिवादी डोबबहादुर पचभैया निर्दोष हुन् भन्ने अवस्था नदेखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ को देहाय ३ बमोजिम सर्वश्वसहित जन्मकैद

हुने ठहऱ्याएको सुरू पाल्पा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।९।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादीको श्रीमती अन्य मानिससँग लागेको भन्ने शङ्काको कारण लोग्नेस्वास्नीबीच झगडा हुने गरेको र वारदातको दिन पनि सोही विषयमा भनाभन भएको भन्ने देखिन आएको छ। सोही जरियाबाट नै आवेशमा आई प्रतिवादीले नाम्लोको बरियोले आफ्नै श्रीमतीको घाँटी थिची मारेको भन्ने देखिन आएको छ। उक्त वारदात तत्काल उठेको रिसको कारण आवेशमा घटित भएको देखिएपनि वारदातको प्रकृतिबाट आवेशप्रेरित हत्याको कसुर मान्न सकिने अवस्था नरहेको र वारदात सिर्जित हुनाको कारण र अपराध गरेको अवस्था विचार गर्दा सर्वस्वसहित जन्मकैद गर्दा सजाय अली चर्को पर्नजाने देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, अ.वं. १८८ नं. बमोजिम कैद १२(बाह्र) वर्ष हुन सुरू पाल्पा जिल्ला अदालतबाट व्यक्त भएको राय मनासिब देखिँदा सुरूको राय सदर भई निज प्रतिवादी डोबबहादुर पचभैयालाई मुलुकी ऐन, अ.बं.१८८ नं.बमोजिम १२(बाह्र) वर्ष कैद हुने।

इजलास अधिकृत: महेश खनाल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल भदौ २६ गते रोज १ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७२-CI-००४३, परमादेश, *हरिप्रसाद शर्मा अचार्य वि. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, थापाथली हाल केशरमहल*

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग स्वयम्मा कानूनद्वारा स्थापित एक साधिकार निकाय भएको र उक्त निकायको मूल दायित्व नै सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित विषयमा अनुसन्धान गर्नु रहेको देखिन्छ। यसरी एउटा साधिकार निकायले लिखितरूपमा निवेदकको उजुरीउपरमा जाँचबुझ अधिकृत तोकिई जाँचबुझको कार्य भइरहेको भनी अदालतमा लिखित जवाफ फिराएपछि सो जवाफलाई अविश्वास गर्नुपर्ने कुनै ठोस कारण र अवस्था विद्यमान रहेको नदेखिएको स्थितिमा सो लिखित जवाफको व्यहोरालाई अन्यथा मान्न सकिँदैन। यस स्थितिमा निवेदक / पुनरावेदकको उजुरीउपर छानबिन भएकै छैन भन्ने अनुमान गरी परमादेशको आदेश जारी हुने अवस्था पनि नरहने।

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण नियमावली, २०६६ को नियम ३९ ले समेत सम्पत्ति शुद्धीकरण निवारण ऐन र नियमावलीबमोजिम प्राप्त सूचना गोप्य रहने कानूनी व्यवस्था गरेको देखिएको छ। निज पुनरावेदकले सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना जानकारी प्राप्त गर्ने सम्बन्धमा निजले सम्बन्धित निकायमा के कहिले कुन कानूनबमोजिमको प्रक्रिया पूरा गरी सूचना माग गरेको हो सो सम्बन्धमा समेत स्पष्ट प्रमाणसहित उल्लेख गर्न सकेको पनि देखिँदैन। सम्बन्धित कानूनले गोप्यता कायम रहने व्यवस्था गरेको देखिएको स्थितिमा पुनरावेदकले निरपेक्षरूपमा सूचना पाउने भन्न सकिने स्थिति नरहेको तथा निजले रित पूर्वक सम्बन्धित निकायमा गई सूचना माग्ने प्रक्रियासमेत अवलम्बन गरेको नदेखिएको अवस्थामा यी पुनरावेदकलाई सूचना दिन इन्कार गरेको भनी मान्न सकिने अवस्थासमेत नरहेकोले पुनरावेदन जिकिरबमोजिम परमादेशको आदेश जारी गरिरहनु पर्ने अवस्था देखिएन। तसर्थ पुनरावेदकको निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।१२।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर : रानु पौडेल

इति संवत् २०७३ साल असोज गते ३० रोज १ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७२-CI-००१२, निषेधाज्ञा परमादेश, *छाँया श्रेष्ठसमेत वि. रीता खड्का*

फिराद पर्नुभन्दा अघि नै मिति २०७०।३।२३ मा परेको चेक अनादर ठगीको जाहेरी सम्बन्धमा अनन्तकालसम्म अनुसन्धान तहकिकात नगरी अनिर्णित अवस्थामा राख्ने मनासिबसमेत नहुने भएकोले प्रत्यर्थी निवेदकलाई कानूनबमोजिम बाहेक निजको हराएको चेकको रकम भुक्तानी हुन नसकेको विषयमा गैरकानूनीरूपमा नपक्रनु, पक्रन नलगाउनु, जबर्जस्ती कागज नगराउनु, नियन्त्रणमा नलिनु भनी पुनरावेदन अदालत, पाटनबाट किष्ट बैंकका कर्मचारी राजु के.सी. र पुनम खड्काबाहेकका नाउँमा निषेधाज्ञाको आदेश जारी गर्ने गरी भएको मिति २०७१।८।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७३ साल असोज गते ३० रोज १ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-WO-०७४५, परमादेश, *श्यामकुमार विश्वकर्मासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

ऐनमा सारभूतरूपमा मुख्य कानूनी व्यवस्था उल्लेख हुने र नियमावली ऐनको मर्मअनुरूपको उद्देश्य पूरा गर्ने मनसायले कानूनमा रहेको छिद्रता पूरा गर्नको लागि तर्जुमा गरिने हुँदा ऐनको कार्यान्वयनमा नियमको आवश्यकता महत्त्वपूर्ण मानिन्छ । ऐनले नै नियमावलीको परिकल्पना गरेको अवस्थामा जबसम्म नियमावली तर्जुमा हुँदैन तबसम्म ऐनले पूर्णता प्राप्त गरेको भनी मान्न सकिँदैन। प्रस्तुत जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐनको दफा १६ ले ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले नियमावली बनाउन सक्ने भनी परिकल्पना गरेको देखिँदा उक्त ऐनको उद्देश्य परिपुर्ति हुने गरी नियमावलीको तर्जुमा आवश्यकताको रोहमा महत्त्वपूर्ण देखिन आउने । नियमावलीको अभावमा समाजमा जातीय भेदभाव र छुवाछुतको क्रियाकलाप गर्ने पिडकउपर कानूनी कारबाहीको प्रक्रिया सुरू गर्नमा नै पक्षलाई असहज अवस्था सिर्जना हुने देखिँदा पिडकउपर उजुरी दर्ता भई पीडितले न्याय प्राप्त गर्ने ऐनको बृहत्तर उद्देश्यको परिपूर्तिमा नै अवरोध हुन जाने देखिन्छ। यसर्थ जतीय भेदभाव र छुवाछुतबाट पिडीत नागरिकलाई कानूनी उपचारमा सरलताका लागिसमेत नियमावली तर्जुमाको आवश्यकता महत्त्वपूर्ण रहेको देखिने।

जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी ऐन, तर्जुमा भएको पाँच वर्षको अवधि व्यतित भइसकेको अवस्थामा पनि नेपाल सरकारका तर्फबाट नियमावली तर्जुमा नभएको कार्यलाई अनुचित विलम्ब नै मान्नुपर्ने।

ऐन निर्माण भएको लामो समयसम्म पनि नेपाल सरकारका तर्फबाट नियमावली तर्जुमा गर्न लागीरहेको भनी जवाफ मात्र पेस भएको तर नियमावली तर्जुमाको लागि सार्थक प्रयास भएको नदेखिएको अवस्थामा नियमावली तर्जुमाको लागि सरकार प्रयत्नशिल रहेको भनी मान्न सकिएन । यसरी ऐनको कार्यान्वयनको लागि ऐनले नै महसुस गरेको महत्त्वपूर्ण कानूनी व्यवस्था नियमावलीको तर्जुमा लामो समयसम्म नहुँदा ऐनको सहज कार्यान्वयन र ऐन, प्रयोग गर्न खोज्ने जातीय भेदभाव र छुवाछुतबाट पीडित नेपाली नागरिकलाई पर्न जाने असुविधासमेतलाई विचार गर्दा निवेदकको माग दाबीबमोजिमको आदेश जारी हुने।

तसर्थ माथि विवेचित आधार र कारण तथा नियम तर्जुमाको आवश्यकताको रोहमा गरिएको विश्लेषणबाट जातीय भेदभाव र छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ को सहज कार्यान्वयनको लागि तत्काल नियमावलीको तर्जुमा हुनु आवश्यक रहेको देखिँदा ऐनको प्रस्तावनाले परिलक्षित गरेको उदेश्यअनुरूपका विषयसमेत समावेश हुने गरी प्रस्तुत आदेशको जानकारी प्राप्त भएको मितिले तीन महिनाभित्र जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) नियमावली तर्जुमा गर्नु भनी नेपाल सरकार,

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: चन्द्रप्रकाश तिवारी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल जेठ २६ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-WO-०९५६, उत्प्रेषण, *अशोक जम्दार वि. पुनरावेदन अदालत, विराटनगरसमेत*

लेनदेन मुद्दाका प्रतिवादीहरूको नाम दर्ता र हकभोगमा रहेका जग्गाहरू मोरङ जिल्लाअन्तर्गत कटहरी गा.वि.स. र विराटनगरमा छँदाछँदै प्रतिवादी नै नभएका यी व्यक्ति अशोक जम्दारको जायजेथा र जग्गाजमीनबाट मुद्दाका वादी अशोक मण्डलले आफ्नो लेना रकमबापत बिगोमा कारबाही चलाउन पाउने होइन। वादीको लेना रकम प्रतिवादीको सम्पत्तिबाटै उठ्न सक्दछ भने अन्य व्यक्तिको सम्पत्तिमा वादीले दावा गर्न नपाउने।

अतः लेनदेन मुद्दाका प्रतिवादीहरू परशुराम जम्दार र अशोककुमार जम्दारको नाम दर्ताका जग्गाजमिन भएको अवस्थामा वादीको लेना रकम असुलउपर हुने अवस्था रहेको देखिएकोले रिट निवेदकको नाम दर्तामा अंशबापत प्राप्त गरेको कि.नं. ३७२२ समेतको जग्गाबाट विपक्षी अशोक मण्डलको बिगोमा कारबाही चलाउने गरी पुनरावेदन अदालत, मोरङले मिति २०७१।३।१२ मा गरेको आदेश उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। रिट निवेदकको जग्गाबाट अशोक मण्डलको लेना रकमबापत बिगोमा कारबाही नचलाउनु र रिट निवेदकको जग्गाहरू फुकुवा गरिदिनु भनी मोरङ जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल फागुन ६ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CI-०५१९, उत्प्रेषण / परमादेश, *हिरालाल माजी थारू वि. विन्तीलाल चौधरी*

निवेदकले दा.खा. दर्ता गरी दर्ता स्रेस्तासमेत प्राप्त गरेको र रोक्का नभएका जग्गाका सम्बन्धमा रोक्का नहुनुपर्ने भनी फुकुवातर्फ निवेदन गरेको अवस्थामा कानूनबमोजिम बुझ्नु पर्ने कुराहरू बुझी त्यसतर्फ कारबाही गरी किनारा गरी दिनुपर्ने मालपोत कार्यालयको काम कर्तव्य रहेकोमा त्यस तर्फ केही नगरिएको र मालपोत कार्यालयको लिखित जवाफबाट पनि निवेदकले दिएको उक्त निवेदनमा कुनै कारबाही गरेको भन्ने अवस्था नदेखिएको स्थितिमा नागरिक अधिकार ऐन, २०१२ को दफा ६(६) ले आफूले प्राप्त गरेको सम्पत्ति भोग बिक्री व्यवहार गर्न पाउने सम्पत्तिसम्बन्धी अधिकार रहेकोमा त्यस्ता सम्पत्तिका सम्बन्धमा पर्न आएका निवेदनउपर कारबाही गरी यकिन गर्नुपर्ने कुराहरू यकिन गरी निकासा दिनुपर्ने दायित्व विपक्षी मालपोत कार्यालयमा निहित रहेको देखिने।

उत्प्रेषणको आदेश कानूनविपरीत निर्णय भएको अवस्थामा नागरिकको हक अधिकार रक्षाको लागि जारी हुनेमा विपक्षी मालपोत कार्यालय, विराटनगरको लिखित जवाफबाट निवेदकका जग्गा दा.खा. कारबाहीमा रहेको भन्ने देखिन आयो। तत्सम्बन्धमा मा.पो.का. विराटनगरबाट कुनै निर्णय भएको अवस्था नहुँदा र निवेदकले पनि दाबीका जग्गा सम्बन्धमा उक्त कार्यालयबाट कुनै निर्णय भएको देखाउन नसकेको स्थितिमा र कानूनविपरीतको निर्णय भए गरेको नदेखिँदा उत्प्रेषणको आदेश जारी गर्नुपर्ने देखिएन। आफूसमक्ष पर्न आएको निवेदनमा कानूनबमोजिम निकासा दिनुपर्ने सम्बन्धित मालपोत कार्यालयको कर्तव्य रहेकोमा सो नगरेकोले मालपोत कार्यालय, विराटनगरको नाममा परमादेशको आदेश जारी हुने ठहऱ्याएको फैसला मिलेको नै देखिने।

अतः उल्लिखित तथ्य एवम् मिसिल संलग्न कागजातहरूबाट निवेदकले मालपोत कार्यालय, मोरङमा निजले मिति २०५८।१२।२८ मा प्राप्त गरेको चलन पुर्जीबमोजिमको जग्गा रोक्का गर्न मिल्ने होइन, उक्त पुर्जीबमोजिमको जग्गा बिक्री गर्न पाउने गरी आदेश गरिपाउँ भनी दिएको निवेदनमा मालपोत कार्यालय, मोरङबाट कुनै निर्णय भएको भन्ने अवस्था नदेखिएकोले उत्प्रेषणको आदेश जारी गर्न मिलेन । प्रस्तुत मुद्दाको निवेदकले दा.खा. पुर्जीबमोजिमको जग्गाहरू भोग बिक्री वितरण गर्न गराउन परमादेश जारी हुन माग गरेकोमा निजले मालपोत कार्यालयमा दिएको सो निवेदनमा कुनै कारबाही नगरेको भन्ने कुरा मालपोत कार्यालयको लिखित जवाफबाट समेत देखिन आएकोले प्रस्तुत निवेदन साथ संलग्न भएको मिति २०७०।३।११ को निवेदनको प्रतिलिपिसँग सम्बन्धित रहेको निवेदनका विषयमा कानूनबमोजिम कारबाही किनारा गरी दिनु भनी विपक्षी मालपोत कार्यालय, मोरङ विराटनगरका नाउँमा परमादेशको आदेश जारी हुने ठहऱ्याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०७०।१२।१७ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल चैत ४ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CI-०३३४, निषेधाज्ञा, *डिलबहादुर पौडेल क्षेत्रीसमेत वि. जिल्ला विकास समितिको कार्यालय, पर्वतसमेत*

सार्वजनिक हित र सरोकारको सन्दर्भमा यदाकदा व्यक्तिको सम्पत्तिसम्बन्धी हकमा कानूनबमोजिम असर पुऱ्याउने अवस्थाहरू पनि आउँछन्। ग्रामीण क्षेत्रभित्र सडक बनाउने, मर्मत सम्भार गर्ने कार्य ग्रामिण क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरूकै सार्वजनिक हितको लागि भएको हुन्छ। कसैप्रति पूर्वाग्रह राखेर वा समान अवस्थाका व्यक्तिहरूबीच भेदभावपूर्ण मापदण्ड अपनाएर कार्य गरियो भने निश्चय नै त्यस प्रकारका कार्यले कानूनी मान्यता पाउन नसक्ने।

पुनरावेदन पत्रमा पुनरावेदकहरूले पहिला भएको फैसला यो कानून र प्रमाणको आधारमा मिलेको छैन, हाम्रो निवेदन दाबीबमोजिम निषेधाज्ञा जारी गरिपाउँ भनी पुनरावेदन गर्नुपर्नेमा नयाँ विषय समावेश गरी पुनरावेदन गरेको देखियो । निवेदनमा नभएको व्यहोरालाई निवेदकहरूले पुनरावेदनपत्रमा नयाँ विषयको रूपमा उल्लेख गर्न नपाउनुको साथै मुआब्जा र क्षतिपूर्तिको रकम निषेधाज्ञाको निवेदनबाट माग गर्न पाउने होइन। यसका अलावा पहिला नै तयार भइसकेको बाटोलाई हाल बाटो खन्ने आशङ्का भएको भनी तथ्य ढाँटी अदालत प्रवेश गर्ने निवेदकहरू सफा हात लिई अदालत प्रवेश गरेको समेत देखिन आउन ।सडक निर्माणको कार्य सम्पन्न भइसकेको अवस्थामा निवेदकहरूले सडक खन्न लागेको आशङ्का देखाई निवेदन गरेकोमा सो निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, बागलुङको फैसला मिलेको नै देखिने।

अतः मिसिल संलग्न कागजातहरूबाट निवेदन दाबीको जग्गामा मोटर बाटो निर्माण भई यातायातका साधन सञ्चालन भइरहेको भन्ने अदालतबाट भएको नक्सा मुचुल्का र सर्जमिन व्यहोराबाट देखिँदा निर्माण सम्पन्न भइसकेको कामको सम्बन्धमा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ भनी पुनरावेदन अदालत, बागलुङबाट मिति २०७१।०३।२४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल चैत ४ गते रोज ५ शुभम्।

७

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री मीरा खड्का,** ०७१-CR-००५६१, ०७१-CR-१६२९ जालसाज, *किशोरकुमार सिंह वि. नितु सिंह वि.सी., लालबहादुर कसाईको वि. नितु सिंह वि.सी.*

फिरादमा किशोर कुमारले उल्लेख गरेको घटनाक्रमसमेतबाट २०६६ सालमा बिवाह भएको केही समय पछि नै वादी र प्रतिवादीहरू बीच दाम्पत्य जीवनमा सौहार्दपूर्ण सम्बन्ध नरहेको भन्ने कुरामा विवाद भएन। यही परिस्थितिको बीच मिति २०६९।३।१९ मा विवादित अंश बुझेको भरपाई पारित भएको र त्यसको ८ दिन पछि नै मिति २०६९।३।२७ मा सम्बन्ध विच्छेदमा प्रतिवादीमध्येका किशोरकुमारले फिराद गरेबाट असल मनसायबाट विवादित अंशबन्डाको लिखत कागज भएको रहेछ भनी मान्न नसकिने।

विवादित कि.नं. ९२३ को जग्गा निकास नभएको घरबास बनाउन नमिल्ने जग्गा हो भनी फिरादमा उल्लेख भएको समेतबाट मिति २०६९।३।१९ मा भएको लिखत वादीको हक मेट्ने कार्य भएको रहेनछ र प्रतिवादीहरूको उक्त कार्य कपटपूर्ण मनसायबाट भएको रहेनछ भन्न सकिने अवस्था देखिएन। समग्र मिसिलको अध्ययनबाट सो कार्य वादीको हक मेट्ने उद्देश्यबाट भएको र सो कार्य दाम्पत्य सम्बन्धमा समस्या आएपछि हतार हतार गरिएको, अंश मुद्दा नदिएसम्म गुपचुप राखिएको र वादीका पति किशोरकुमारको प्रतिउत्तरबाट नखुलाई अन्य प्रतिवादीहरूबाट खुलाइएको समेतबाट अंश मार्ने कपटपूर्ण मनसाय राखी उक्त कार्य गरेको देखिने।

विवादित मिति २०६९।०३।१९ को अंश भरपाई प्रतिवादीमध्येको लालबहादुर र किशोरकुमार बीच भएको देखियो। अन्य प्रतिवादी बेलीकुमारी कसाई र चन्द्रप्रकाश सिंहको सो कार्यमा कुनै सहभागिता देखिँदैन। निजहरू कारणी वा साक्षी बसेको समेत नदेखिएको अवस्थामा निजहरू अंशियार हुन् भन्ने मात्र आधारमा निजहरूले जालसाजपूर्ण कार्य गरेको भन्न मिल्दैन। निजहरूबाहेक लालबहादुर कसाई र किशोरकुमारले वादीको अंश हक मार्नको लागि उक्त कार्य मिति २०६९।३।१९ को अंश भरपाई खडा गरेको देखिँदा वादीको फिराद दाबीबमोजिम जालसाज गरेको ठहऱ्याई पुनरावेदन अदालत, तुलसीपुरले प्रतिवादीहरू लालबहादुर कसाई र किशोरकुमार सिंहलाई जरिवाना गर्ने गरेको फैसला मिलेको नै देखिने।

अतः उल्लिखित तथ्य एवम् मिसिल संलग्न कागजातहरूबाट वादीको अंश हक मार्ने नियतले मिति २०६९।३।१९ मा खडा गरेको अंश बुझेको भरपाईमा प्रतिवादीहरू लालबहादुर कसाई र किशोरकुमार सिंहको कार्यलाई जालसाज ठहर गरी निजहरूलाई रू. १,२५,०००।– दामासाहीले जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत, तुलसीपुरले मिति २०७१।३।२ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल असोज ५ गते रोज ४ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७२-WO-०७१७, परमादेश, *पदमबहादुर शाहीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

खडेरी र अनावृष्टीको कारण खाद्य सङ्कट भएका हुम्ला, मुगु, कालिकोट र डोल्पा जिल्लाहरूमा खाद्यान्न वितरण गर्न र उक्त क्षेत्रमा खाद्यान्न वितरण गर्दा र ढुवानी गर्दा लाग्ने रकम नेपाल खाद्य संस्थानलाई निकासाको लागि रिट निवेदकले यस अदालतमा रिट दायर गर्नुपूर्व नै माननीय आपूर्ति मन्त्रीको मिति २०७२।१२।८ को निर्णयबमोजिम अर्थ मन्त्रालयसँग अनुरोध गरी सो मन्त्रालयबाट समेत खाद्य सङ्कट समाधानको लागि ढुवानी गरेको परिमाणको प्रगतीको अनुपातमा निकासा दिने गरी सहमती प्राप्त भएको देखिन्छ। माननीय आपूर्ति मन्त्रीको मिति २०७२।१२।३० को निर्णयबमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) बाट निर्णय हुन आपूर्ति मन्त्रालयबाट प्रस्ताव तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस भई अर्थ मन्त्रालयबाट रकमसमेत निकासा भई खाद्यान्न ढुवानी तथा वितरण कार्य

भइरहेको हुँदा निवेदकको माग सम्बोधन भइसकेको देखिँदा मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था देखिन नआएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

नेपालको संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक प्रत्याभूत गरेको पाइन्छ। सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सफल कार्यान्वयनका लागि जीवनलाई आवश्यक पर्ने अत्यन्तै महत्त्वपूर्ण वस्तु खाद्यान्न भएकोमा दुईमत हुन सक्दैन । खाद्यान्न र त्यसमा पनि गुणस्तरीय खाद्यान्नको अभावमा स्वस्थ रही बाँच्न सक्ने अवस्थाको परिकल्पना पनि गर्न सकिँदैन । त्यसैले होला हाम्रो संविधानको धारा ४४ ले गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने र गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिले क्षतिपूर्ति पाउन सक्नेसमेतको हक प्रत्याभूत गरेको देखिन्छ। त्यसैगरी आर्थिक रूपले विपन्नलाई सामाजिक सुरक्षाको हक हुने व्यवस्था पनि नेपालको संविधानको धारा ४३ ले गरेको पाइन्छ । संविधान निर्माताहरूले यी र यस्ता अधिकारहरूको व्यवस्था प्रदर्शनको लागि मात्र गरेको होलान् भन्न र सम्झन मिल्दैन। नागरिकको रक्षा गर्ने राज्यको दायित्ववोध गराई ती कर्तव्य परिपालन गर्ने कार्य पनि राज्यकै भएको भनीउपरोक्त संवैधानिक प्रावधानहरूको व्यवस्था गरिएको पाइन्छ। मुलुकको जुनसुकै भागमा बसोबास गर्ने नागरिकलाई भोकभोकै मर्नबाट बचाउन गुणस्तरीय खाद्यान्न सहजरूपमा उपलब्ध गराउन लोककल्याणकारी राज्यको संवैधानिक दायित्व हुने हुँदा त्यसतर्फ सदैव सचेत रही खाद्यान्नको कमी हुन नदिनको लागी जो चाहिने आवश्यक प्रबन्ध गरी गराई दायित्वको पूर्ति प्रभावकारी तवरले गर्नु गराउनु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत: यमप्रसाद बास्कोटा

इति संवत् २०७३ साल जेठ ११ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-WO-०५३२, उत्प्रेषण / परमादेश, *रामलोचन साह, वि. पशु सेवा विभाग, हरिहर भवन, ललितपुरसमेत*

दरबन्दी खाली नभएको नुवाकोट कार्यालयमा सरूवा भएको भन्ने निवदेन जिकिर पनि सतही देखिन्छ । निवेदकलाई २०७२।५।२५ मा सरूवा गरिएकोमा त्यसको ४ महिना ११ दिनपछि २०७२।१०।५ मा निवेदक हाजिर हुन जानु भएको भन्ने विपक्षीको लिखितजवाफ देखिन्छ। जनताको सेवासँग सम्बन्धित कार्यालयमा एकदिन पनि जनशक्तिको अभाव हुँदा स्वास्थ्य सेवा प्रभावित हुने हुँदा निवेदक अनुपस्थित रहेको अवधिमा बाध्यतावश दरबन्दी पूर्ति गर्नुपरेको र निवेदक हाजिर हुन गएपछि २०७२।१०।७ मा नै त्यहाँ कार्यरत नवराज रेग्मीलाई सरूवा गरी रमाना दिएको भन्ने विपक्षीहरूको लिखितजवाफबाट देखिन्छ। यसलाई निवेदकले आजको पेसीमा उपस्थित भई खण्डन गर्नुभएको देखिएन। यस अवस्थामा काम गर्न नपाएको र दरबन्दी नभएको ठाउँमा सरूवा भएको निवेदकको जिकिर भरपर्दो देखिन आउँदैन । बरू त्यत्रो विलम्ब गरी रमाना दिएको प्रत्यर्थी नेपालगञ्ज कार्यालयको काम कारबाहीलाई ऐनसम्मत मान्न मिल्दैन यो परिवर्तित अवस्थामा रिट निवदेनमा उल्लिखित तथ्य र कानूनको सान्दर्भिकता र रिट निवेदनको आधारसमेत समाप्त भएबाट रिट निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिल्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: यमप्रसाद बास्कोटा

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल साउन १८ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०७२-WO-०५४२, उत्प्रेषण / परमादेश, *विष्णु भुसाल वि. श्रम अदालत, अनामनगरसमेत*

दशजनाभन्दा बढी नेपाली कामदार प्रयोग गरी यावत् फाइदा लिने तर कामदारहरूलाई श्रम ऐन, २०४८ बमोजिमको सुविधा दिनु पर्ला र आफ्नो मनपर्दो

गर्न नपाइएला भनी करारमा मात्र अस्थायी नियुक्ति गरी ऐनलाई निरर्थक बनाउने काम यी प्रतिष्ठानबाट भएको जो कोहीले पनि सहजै थाहा पाउन सक्छ । दफा ७ ले कुनै कम्पनि, प्रतिष्ठान, संस्था वा संघले जस्तो सुकै कामको लागि पनि कामदार कर्मचारी नियुक्त गर्ने व्यवस्था गरेको नभई प्रतिष्ठानको स्थायी प्रकृतिको कामबाहेकको काममा मात्र कर्मचारी नियुक्तिको करार गर्न पाउने भनी गरेको विशेष व्यवस्थालाई न्यायकर्ताले ध्यान दिनु आवश्यक छ । कम्पनि कानूनमा पर्दा पछाडि हेर्ने व्यवस्था भए झैं यस्ता काम कारोबारमा पनि पर्दा पछाडि हेर्ने प्रयास गरी यथार्थ पत्ता लगाउनु र सही न्याय सम्पादन हुनुपर्छ ।

करारमा विवादको समाधान नेपाल कानूनबमोजिम गर्नुपर्ने भनी उल्लेख भएको व्यहोराले श्रम ऐन, २०४८ नै जनाउने भन्ने प्रत्यर्थी श्रम अदालतको तर्क कानूनसम्मत देखिँदैन । उक्त करारको समग्र अध्ययनबाट त्यसमा उल्लेख भएको नेपाल कानून श्रम ऐन, २०४८ नभई करार ऐन, २०५६ समेत भएको भन्ने प्रशस्त आधार देखिन्छ । किनभने करार लिखत सोझै व्यक्तिको स्वायत्ततासँग सम्बन्धित लिखत मानिन्छ । कुनै करार कानून विरूद्ध नभएसम्म अदालतले यसको आदर गर्छ र गर्नैपर्ने ।

आफ्नो हकहितको लागि सम्बन्धित व्यक्ति जागरूक हुनु आवश्यक छ । प्रत्यर्थी सतीशचन्द्र पढेलेखेका शिक्षित व्यक्ति भई अधिकृत पदमा नियुक्ति पाएको हुनुहुन्छ । निवेदक कम्पनिले निजलाई अवकाश दिनुभन्दा पहिले नै निवेदक कम्पनि श्रम ऐन, २०४८ अन्तर्गतको प्रतिष्ठान हो, आर्थिक बाध्यतासमेतका कारणले सौदाबाजी गर्ने समान शक्ति (equality of bargaining power) को अभावले गर्दा उक्त करार भएको र आफू श्रम ऐन, २०४८ अन्तर्गतको वर्गीकरणभित्रको पदको स्थायी प्रकृतिको कर्मचारी भई स्थायी कर्मचारीसरह नै काम गरीआएको र भएको करार एउटा देखावा भई श्रम ऐन, छल्ने दुष्प्रयास मात्र भएकोले छानबिन गरी करारको आवरण हटाई स्थायी कर्मचारी कायम गरिपाउँ वा परीक्षणकाल समाप्त भएकोले दफा ४(२) बमोजिम स्वतः स्थायी भएको जिकिर लिई निजले व्यवस्थापन वा श्रम अदालत, आदिमा वा करारबमोजिमको मध्यस्थसमक्ष उपचार पाउनको लागि कुनै पहल गरेको देखिँदैन । त्यतिमात्र नभई दफा ४(२) को २४० दिनको अवधि व्यतीत भएपछि पनि करार माथि करार गरी आफू सो दफा ७ बमोजिमको करार कर्मचारी भएको कुरालाई व्यहारबाट समेत स्वीकार गरी बस्नुभएको देखिने ।

निवेदक उद्यमले श्रम ऐन, २०४८ को दफा ३ बमोजिम प्रतिष्ठानलाई आवश्यक कामदार कर्मचारीको पदको वर्गीकरण खुलाई श्रम कार्यालयमा पठाएको र त्यसमा श्रम कार्यालयले कुनै कारबाही गरेको दुवै अवस्थाका रीत पुगेको देखिँदैन प्रत्यर्थी सतीशचन्द्रको परीक्षणकाल समाप्त भएपछि निवेदक उद्यमले निजलाई स्थायी नियुक्ति गरी श्रम कार्यालयलाई जानकारी दिने दफा ४ को अवस्था पूरा गरेको रीत पुगेको देखिँदैन । ती सबमा यी प्रत्यर्थीहरू तथा सम्बन्धित श्रम कार्यालयसमेत मौन रहेको अवस्थामा करारको अवधि भुक्तान भएपछि सो नवीकरण नभएपछि मात्र दफा ३ र ४ (२) को कुरा उठाई प्रत्यर्थी सतीशचन्द्रले उपचार खोजेको र श्रम अदालतले दिएको समेतको व्यवहार माथि उल्लिखित नजिरहरू विपरीत देखिन आउँछ । त्यसमाथि निवेदक परियोजना आफैँ एउटा सानो र अस्थायी प्रकृतिको परियोजना देखिन्छ । माथि उल्लिखित नि.नं. ८८९२ को रिट आदेशमा बहुराष्ट्रिय कम्पनिमा कार्यरत कर्मचारीको आचरण, व्यवहार, सेवा वा कामप्रति रोजगारदाता कम्पनिको विश्वास नै रहेन भने सो कामको गुणस्तर, उत्पादकत्व र कम्पनिको Goodwill नै संकटापन्न स्थितिमा पुग्दछ । दुवैबीच Loss of Trust or Lack of Confidence हुनुले कम्पनिको समष्टिगत सञ्चालन, सेवा र गुणस्तरमा विपरीत असर पार्ने गर्दछ भनी तिक्तता बढ्दा सेवामा पुनर्स्थापना गर्नु दुवैको हितमा नहुने भनी व्यक्त विचार बडो व्यावहारिक र परिणाममुखी (result oriented) विचार बुझिन्छ । यस्तोमा पुनर्स्थापनाभन्दा क्षतिपूर्तिको उपचार उपयुक्त हुने ।

उल्लिखित कारणहरूबाट श्रम अदालत, काठमाडौंले प्रत्यर्थी सतीशचन्द्रलाई सेवाबाट हटाएको निवेदक प्रतिष्ठानको निर्णय बदर गरेको समेतको मिति २०७२।९।१७ को फैसला उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृत: यमप्रसाद बास्कोटा

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल साउन १८ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७२-WO-००६२, उत्प्रेषण / परमादेश, *चन्द्र यादव वि. पुनरावेदन अदालत, जनकपुरसमेत*

विपक्षी धनुषा जिल्ला अदालतको लिखित जवाफमा सहदेव यादवको हकभोगको चार भागको एक भाग घर घडेरी जग्गा मिति २०७२।४।३१ मा दोस्रो पटक भएको डाँक लिलाममा हरि यादवले सकार गरी लिएको र सोउपर मुलुकी ऐन, दण्ड सजायको महलको ६१ नं. को म्यादमा कसैको उजुर नपरी वादीको बिगो भरिभराउको कार्य सम्पन्न भएको भन्ने उल्लेख भएको देखिन्छ। लेनदेन मुद्दाका ऋणी सहदेव यादवको अंश भागभन्दा बढी जग्गा लिलामी प्रक्रियामा गएको भन्ने निवेदकहरूको दाबी नरहेको, सहदेव यादवकै अंश भागमा पर्ने जग्गाबाट नै बिगोको कारबाही चलाइएको भन्ने कुरामा निवेदकहरूसमेत सहमतै रहेको र मिसिल संलग्न जायजात तायदात मुचुल्का पञ्चकीर्ते मूल्याङ्कन, लिलामी सूचनालगायतका प्रक्रियाहरू कानूनबमोजिम भएको नै भएको देखिएको अवस्थामा उक्त प्रक्रिया तत्काल बदर गर्नुपर्ने अवस्था देखिएको छैन । जहाँसम्म अंश हकको जग्गाको तर्फ यकिन नभएसम्म बिगोको कारबाही स्थगित हुनुपर्ने भन्ने निवेदन दाबी छ । सो सम्बन्धमा विचार गर्दा विपक्षी सहदेव यादवसमेतका अंश मुद्दाका वादी प्रतिवादीहरूले अंश मुद्दाबाट हक प्राप्त भएको जग्गा वादी प्रतिवादीहरूले अनन्तकालसम्म आ-आफ्नो अंश भाग छुट्याई नलिएको कारण त्यसरी अंश छुट्याउने समयसम्म साहुको ऋण नतिरेबापत भरिपाउने बिगोको कारबाही पनि स्थगित गरी राख्ने कानून र न्यायको दृष्टिकोणबाट समेत उचित र मनासिब नदेखिएकाले निवेदन दाबी मनासिब देखिन नआउने।

अतः उल्लिखित तथ्य र विवेचनाबाट लेनदेन मुद्दाका वादी रामनन्दन यादवले प्रतिवादी सहदेव यादवबाट भरी पाउने ठहरेको बिगोबापत निजको अंश भागको जग्गा नै लिलामी प्रक्रियामा गएको देखिएको उक्त लिलामी प्रक्रियाका कारबाहीमा कुनै कानूनी त्रुटि रहेको नदेखिएको र किसुनदेव यादव यी निवेदकद्वय मखन यादव तथा चन्द्रदेव यादव र विपक्षीमध्येका सहदेव यादवसमेत ४ जनाका संयुक्त हकभोगमा रहेको जग्गाको ४ भागको १ भागमा ऋणी सहदेव यादवको भागसम्म लिलाम गर्ने काम कारबाहीबाट रिट निवेदकहरूको संविधान प्रदत्त सम्पत्तिसम्बन्धी हकमा आघात परेको नदेखिएकाले निवेदन मागदाबीअनुसार रिट जारी गर्नु परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: यमप्रसाद बास्कोटा

इति संवत् २०७३ साल भदौ १७ गते रोज ६ शुभम्।

५

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री सारदाप्रसाद घिमिरे,** ०७२-WO-०१२५, उत्प्रेषण, *अच्युतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

रक्छेरको कार्य दण्डनीय र बदरभागीसमेत हुने कानूनी व्यवस्था रहे भएको अवस्थामा कानूनको कार्यान्वयनका लागि पहल नगरी निवेदक जस्तो विद्वान्‌बाट प्रस्तुत रिट निवेदन दर्ता हुनु एक निरर्थक अभ्यास भई यसबाट यस अदालत र प्रत्यर्थीहरूको समयको व्यर्थ व्यय भएको मान्नुपर्छ । निवेदकको निवेदन मागलाई मानिसको हत्या भइरहेकोले त्यसलाई यस अदालतले अवैध घोषित गरी हत्या नगर्नु नगराउनु भनी परमादेश जारी गरिपाउँ भन्ने मागसरह मान्नुपर्छ। हत्यालाई त कानूनले नै अवैध र दण्डनीय बनाइसक्यो । सवाल त्यसलाई पटकपटक गैरकानूनी भन्ने होइन कि त्यसमा उजुर गर्ने र उपचार लिने हुने।

उल्लिखित कारणहरूले निवेदकको रिट निवेदनलाई स्वीकार गर्न यो इजलास असमर्थ भएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । निवेदकले उठाएको कुरीतिसमेतका क्रियाकलापलाई कसुरको रूपमा व्यवस्था गर्नको लागि नयाँ कानूनको मसौदाको तर्जुमा भएको र निवेदकको मागलाई नेपाल सरकार मन्त्रिपरिषद्ले सिद्धान्ततः स्वीकार गरेको र पीडितहरूको राहत आदि कार्यको लागि विभिन्न कार्यहरू भइरहेको भनी लिखित जवाफमा उल्लेख भएका कुराहरूलाई शीघ्र कार्यान्वयन गरी पालन गर्न गराउनसमेतका लागि नेपाल सरकारका नाममा निर्देशनात्मक आदेशसम्म जारी हुने ।

इजलास अधिकृत: यमप्रसाद बास्कोटा

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल भदौ १६ गते रोज ५ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-CI-१९१६, उत्प्रेषण / परमादेश, *इन्द्र नारायण महर्जन वि. जिल्ला प्रशासन कार्यालय, बबरमहलसमेत*

मुलत: रिट सिद्धान्तले हकदैयालाई संकुचित गर्न सक्छ । तथापी सार्वजनिक सरोकार र निजी सरोकार गरी दुवै प्रकारको हकदैयामा व्यक्तिको सार्थक सम्बन्ध र तात्त्विक असर जस्ता विषय जोडिएको हुनुपर्छ । यद्यपि सार्वजनिक सरोकारको विषयमा जोसुकैले पनि रिट क्षेत्रमा प्रवेश गर्न पाउने स्थापित मान्यतालाई हाम्रो न्यायप्रणालीले पनि मानी आएको छ । तर निजी सरोकारका विषयमा आफ्नो हक अधिकारको हनन् भएको कुराको प्रमाणिकता र माग गरेको उपचार प्राप्त गर्ने हक रहेको अवस्थाको वस्तुनिष्ट आधार प्रमाण निवेदकले देखाउनै पर्ने ।

आफ्नो हक भोग नभएको जग्गामा घरटहरा निर्माण गर्ने हकसमेत निवेदकलाई नभएकोले त्यस्तो घर टहरा कानूनबमोजिम अधिकारप्राप्त निकायले भत्काउन वा खाली गराउन सक्ने नै हुन्छ । आफ्नो हक अधिकारको सिर्जना नभएको अवस्थामा निवेदकलाई रिट क्षेत्राधिकारमा प्रवेश गर्ने हकदैया नै रहेको देखिँदैन । आफ्नो हकभोग नै नभएको अर्काको जग्गा मिची बनाइएका घर टहरा भत्काई जग्गा खाली गराउने सम्बन्धित जिल्ला प्रशासन कार्यालयको आदेशको विषयमा यी निवेदकलाई रिट क्षेत्रमा प्रवेश गर्ने हकदैया नै रहेको देखिएन । तसर्थ रिट निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७२।१०।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असोज २ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-११५३, जबर्जस्ती करणी, *नेपाल सरकार वि. विजय अधिकारी*

दमौली अस्पतालबाट भई आएको स्वास्थ्य परीक्षण एवम् चिकित्सक प्रतिवेदनमा पीडिताको देब्रे गालामा निलडाम र पुठ्ठामा घर्षण (Allergic rashes) चिह्न रहेको भन्ने उल्लेख भएको छ साथै जबर्जस्ती करणी भएको भनी यकिनसाथ भन्न नसकिने भन्ने चिकित्सकको राय रहेको देखिन्छ । यसैगरी प्रतिवादी स्वयम्ले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा पीडिताले गरेको मौकाको कागज र अदालतमा गरेको बकपत्रको व्यहोरासँग मिल्ने गरी घटनाक्रमलाई सबिस्तार उल्लेख गरी "पीडिताकी आमा आएकीले भागेको" भन्दै उनी "आइनपुगेकी भए यौन सम्पर्क गर्ने थिएँ सायद" भनी उल्लेख गरेको तर अदालतमा बयान गर्दा सो साबितीलाई इन्कार गरी आफू पुजाको क्रममा अन्यत्र रहेको भनी Plea of Alibi को जिकिर लिएका छन् । घटनाप्रकृति मुचुल्कामा उल्लेख भएको घटनास्थलमा रहेका स-साना मकैका बोट तथा घाँसहरू मडारिएको भन्ने व्यहोरासमेत उल्लेख भएको देखिन्छ । उल्लिखित सङ्कलित सबुद प्रमाण

र बयान कागजसमेतका व्यहोराको विवेचना गर्दा प्रस्तुत वारदातमा जबर्जस्ती करणीको क्रिया पूरा भई नसकेको अवस्था एकातिर विद्यमान छ भने अर्को तर्फ पीडिताको योनाङ्गको भित्रिभाग मात्र हैन, बाह्य भाग र योनिको मुखभागमा पनि कुनैप्रकारको घाउचोट, नीलडाम र घर्षणहरू देखिएका छैनन् । पीडिताको योनिमा पीडकको लिङ्ग बलपूर्वक पसेको वा घुसेको भए कलिलो उमेरकी पीडिताको योनाङ्गमा रातोपन निलडाम लगायतका घर्षणका केही चिह्नहरू देखिनु पर्ने थियो तर प्रस्तुत वारदातमा सोबमोजिम केही रहेको भएको देखिँदैन । यस्तोमा करणी भएको भन्न मिलेन । तसर्थ प्रस्तुत वारदातमा सङ्कलित तथ्य प्रमाण एवम् पीडितको स्वास्थ्य एवम् भौतिक परीक्षण र विशेषज्ञको रायसमेतबाट जबर्जस्ती करणीको कसुर स्थापित हुन सक्ने परिस्थिति नभई जबर्जस्ती करणी उद्योगको वारदात घटीत भएको देखिँदा निजलाई जबर्जस्ती करणीको उद्योग गरेको ठहऱ्याएको पुनरावेदन अदालत, पोखराको फैसला सो हदसम्म मिलेकै देखिने ।

तसर्थ सुरु तनहुँ जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादी विजय अधिकारीले पीडितलाई जबर्जस्ती करणीको उद्योगसम्म गरेको ठहर गरेको र हाडनातातर्फ सजाय नगरी पीडितलाई क्षतिपूर्तिसमेत भराउनु नपर्ने गरी भएको पुनरावेदन अदालत, पोखराको मिति २०७०।६।१३ फैसला मनासिब नै देखिँदा सदर हुने ठहर्छ । प्रस्तुत वारदातलाई जबर्जस्ती करणीको १ नं. को कसुर कायम गरी प्रतिवादीलाई जबर्जस्ती करणी र हाडनाता करणीतर्फ समेत सजाय गरी पीडितलाई क्षतिपूर्तिसमेत भराईपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असोज २ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CR-०२५८, नकबजनी चोरी, *नेपाल सरकार वि. लक्षीराम थापा*

प्रहरीमा कागज गर्ने घटना विवरण एवम् वस्तुस्थिति मुचुल्काका मानिसहरूले समेत प्रस्तुत वारदातमा यी प्रतिवादी लक्षीराम थापाको संलग्नता रहेको प्रत्यक्ष देखेको भन्न सकेको पाइँदैन । स्वयम् जाहेरवालाले पनि वारदातका दिन निज पसल अगाडि रहेको भने पनि चोरी यिनैले गरेको भन्ने तथ्य पुष्टि गर्न सकेको पाइँदैन । वारदात स्वीकार गर्ने अर्का प्रतिवादी तुलाराम थापाले चोरी आफू र प्रेम बडैलाले गरेको भनी स्वीकार गरी यिनको संलग्नतालाई नकारेका छन् । प्रस्तुत वारदातको प्रकृति हेर्दा रातको समयमा भएको चोरीमा संलग्न रही वारदात स्वीकार गर्ने प्रतिवादी तुलाराम थापा नै सो वारदातका एकमात्र चश्मदिद गवाहसमेत रहेको र निजले यी प्रतिवादी लक्षीराम थापाको संलग्नता नरहेको भन्नु एवम् अन्य चश्मदिद गवाहको अनुपस्थिति रहनु एवम् निजले पोलेका प्रेम बडैला प्रतिवादी नै नबनाइएका कारण निज उपस्थित नभएको समेतका परिवेशबाट पनि उक्त चोरीमा यिनको संलग्नता देखिएन । यसका अलावा यति ठूलो परिमाणको चोरीको बिगो रहेको प्रस्तुत वारदातमा यी प्रतिवादी लक्षीराम थापाबाट चोरीको केही पनि बिगो बरामद हुन नसकेको अवस्थामा प्रतिवादीहरू सँगै गएको, दाजुभाई भएको र वारदातका दिन पसलअगाडि देखिएकोजस्ता परिस्थितिले मात्र नकवजनी चोरीजस्तो सँगिन अपराधमा दोषी करार गर्न नसकिने ।

कुनै पनि फौजदारी अभियोगमा कसुर प्रमाणित गर्ने भार वादी पक्षको रहने प्रमाण ऐन, २०३१ को दफा २५ को कानूनी प्रावधानले वस्तुनिष्ठ ठोस एवम् भरपर्दो प्रमाणको प्रस्तुतीलाई मात्र स्वीकार गर्छ । प्रत्यक्ष प्रमाणको प्रस्तुतीले वारदात स्थापित गर्न र दोषी करार गर्न सघाउ पुग्ने हुन्छ । तर परिस्थितिजन्य र सुनिजान्ने प्रमाण तब मात्र स्वीकार्य हुन्छ जब सो प्रमाणलाई ठोस र भरपर्दो हो भनी विश्वास गर्ने आधार प्रस्तुत हुन्छ । प्रत्यक्ष प्रमाणको तुलनामा अन्य प्रमाण गौण हुने प्रमाण कानूनको सैद्धान्तिक मान्यताका

आधारमा पनि प्रस्तुत वारदातमा यी प्रतिवादी लक्षीराम थापाको कसुर स्थापित गर्ने भरपर्दो प्रमाण वादी पक्षले गुजार्न नसकेको र प्रतिवादीले साक्षी उपस्थित गराउन नसकेको, किटानी जाहेरी परेको भन्ने जस्ता पुनरावेदन जिकिरले मात्र निजउपरको अभियोग प्रमाणित गर्न नसक्ने भई निजलाई दोषी करार गर्न नमिल्ने हुँदा सुरूको फैसला उल्टि गरी प्रतिवादी लक्षीराम थापालाई सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत, दिपायलको मिति २०७१।१।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

इति संवत् २०७३ साल असोज २ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७०-CR-०१८४, कर्तव्य ज्यान, *मानन्धर वि.क. वि. नेपाल सरकार*

आत्मरक्षाको जिकिर आफूउपर आक्रमणको निश्चितता, त्यो आक्रमणलाई बिफल बनाउन कुनै उपाय नभएको र उपाय भए पनि आक्रमणको शक्तिका कारण रोक्न नसक्ने अवस्था परी तत्कालीन खतरा र जोखिमीबाट बच्न शक्तिको प्रयोग भएको अवस्था प्रमाणित गर्नु अनिवार्य हुने।

निज तिलक थापाले आफूलाई प्रहार गर्न चक्कु निकाल्न लागेको देखेका यी प्रतिवादीले आफू तथा आक्रमणकारी भनिएका निज तिलक थापासँगै रहेका अन्य साथीहरूसँग हार गुहार माग्नुपर्नेमा त्यसो गरेको पनि देखिँदैन भने मृतकको हातबाट चक्कु खोस्न सक्नेले उक्त चक्कु खोसीसकेपछि त्यही चक्कुले आक्रमण गर्नुको साटो आफ्नो कब्जामा आएको चक्कु आक्रमणकारीको पहुँचभन्दा टाढा फालेर आफु सुरक्षित हुने बाटो रोज्न सकिनेमा सो पनि गरेको नदेखिएको एवं सो आक्रमणबाट बच्न आफू त्यहाँबाट भागी जानसमेत सक्नेमा त्यस प्रकारको आक्रमण रोक्नका लागि कुनै उपाय अपनाएको समेत मिसिल प्रमाणबाट नदेखिने।

चक्कुको प्रहार संवेदनशील अङ्ग घाँटीमै गरी मृत्यु हुन गएको अवस्थामा आत्मरक्षाका लागि प्रहार गरेको चक्कुको चोटबाट मृतकको मृत्यु हुन गएकाले सजायबाट उन्मुक्ति पाउनु पर्छ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर तथा निजका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदक र मर्ने निज तिलक थापाबीच प्रस्तुत वारदातपूर्व कुनै रिसइवी रहेको देखिँदैन। मेलामा गई रक्सी सेवन गरेर बाटोमा सामान्य विषयमा भएको विवादको कारण मार्ने कुनै पूर्वयोजना वा तयारी नभई रातको समय तत्कालको असमझदारीको कारण भनाभन भई घटना घटेको, निज तिलक थापाकै चक्कु खोसी आक्रमण भएको समेतका परिप्रेक्ष्यमा यी पुनरावेदकलाई हुने ठहरेको सर्वस्वसहितको जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिन आएबाट अदालती बन्दोबस्तको महलको १८८ नं.बमोजिम १० वर्ष कैद हुने गरी लगाइएको राय मनासिब देखिन आउने।

तसर्थ पुनरावेदक प्रतिवादी मानन्धर वि.क.लाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ को देहाय १ नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई प्रतिवादीलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं.बमोजिम १० (दश) वर्ष कैद हुने ठहऱ्याएको दाङ जिल्ला अदालतको फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत, तुलसीपुरको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ मंसिर १७ गते रोज ६ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-०७२८, कर्तव्य ज्यान,

*उत्तम तामाङ वि. नेपाल सरकार*

मृतक निरबहादुर भन्ने पोटबहादुर घिमिरेको शरीरको भागहरूमध्ये छातीमा २ से.मी. लम्वाई,१ से.मी. चौडाई भएको काटेको प्वाल, बायाँ हातको काखीमुनि काटेको प्वाल, दाहिने खुट्टामा काटिएको, निधारमा दरफरिएको भन्नेसमेत व्यहोराको लास जाँच मुचुल्का र मृतकको मृत्युको कारण मुटुसमेतमा लागेको चोट हो भन्ने व्यहोराको पोस्टमार्टम प्रतिवेदनसमेतबाट मृतक निरबहादुर भन्ने पोटबहादुर घिमिरेको मृत्यु प्रतिवादी राकेश भन्ने उत्तम तामाङको कर्तव्यबाट नै भएको पुष्टि हुन आउने।

सार्वजनिक तथा खुल्ला ठाउँमा भएको वारदातमा प्रतिवादीले आफूले ज्यान बचाउन के कस्तो कार्य गरेको, सो कार्य गर्दा पनि आफ्नो ज्यान बच्न नसक्ने अवस्था रहेको हो र मृतकले यी प्रतिवादीको ज्यानै लिनेसम्मको के कस्तो कार्य गरेको कारणबाट आफ्नो ज्यान बचाउनका लागि मृतकउपर छुरा प्रहार गर्न परेको हो सो अवस्था र परिस्थिति देखाउन सकेको मिसिल संलग्न प्रमाणहरूबाट नदेखिने।

प्रतिवादी राकेश भन्ने उत्तम तामाङले अदालतसमक्ष गरेको आफ्नो बयानको स.ज.नं. ८ मा मृतक निरबहादुर भन्ने पोटबहादुर घिमिरेसँग समय समयमा विवाद परेकाले निज र आफ्नो पूर्वरिसइवी भएको जनाउँदै स.ज.नं. ९ मा मृतक पोटबहादुरले होटलबाट ताउ लिई आई मलाई टाउकोमा हानेपछि आफूले पाखुरामा लुकाई ल्याएको छुराले निजको छातीमा र दोस्रो पटक कोखामा प्रहार गरेपछि निज बेहोस भई भुइँमा लडेकोले अब मर्छ भनी भागी गएको हुँ भनी कसुरमा साबितीसमेत भइरहेको देखिन्छ । निज प्रतिवादीले मृतकले आफूलाई टाउकोमा ताउले हानेको भनी दाबी लिए पनि सो पुष्टि नभएको र दुषित मनसायका साथ पूर्वतयारी गरी छुरी जस्तो धारीलो हतियार बोकी वारदातस्थलमा गएको र मृतकलाई फोन गरी बोलाई मृतकको मुटु तथा फोक्सोजस्तो संवेदनशील अङ्गमा प्रहार गरेको र सोही चोटको कारण मृतकको मृत्यु भएको भन्ने पुष्टि भइरहेको अवस्थामा प्रतिवादीले लिएको आत्मरक्षाको जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित तथ्य, आधार र प्रमाणहरूसमेतबाट प्रतिवादी राकेश भन्ने उत्तम तामाङले आत्मरक्षाको लागि मृतक निरबहादुर भन्ने पोटबहादुर घिमिरेलाई छुरी प्रहार गरेको नभई दुराशयपूर्ण भावले पूर्वतयारीकासाथ धारिलो हतियार छुरी प्रहार गरेको र सोही चोटको कारणबाट मृतक निरबहादुर भन्ने पोटबहादुर घिमिरेको मृत्यु भएको देखिँदा निज प्रतिवादी राकेश भन्ने उत्तम तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१)बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको सुरू सुनसरी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६९।१०।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल भदौ २९ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-१२१५, ०७१-CR-१०३२, अपहरण तथा शरीर बन्धक, *हिना खान वि. नेपाल सरकार, फिरोज खानसमेत वि. नेपाल सरकार*

मुख्य प्रतिवादी फिरोज खानले आफ्नो बयानको स.ज.नं. ५ मा चारै जनाको सरसल्लाहमा बालिकालाई अपहरण गरेको हो भनी अदालतमा समेत कसुरमा साबित रही सबैलाई पोल गरेको, प्रतिवादी हिना खानले अनुसन्धानका सिलसिलामा भएको बयानलाई स.ज.नं. ४ मा स्वीकार गरेको र स.ज.नं. ५ मा अपहरणपश्चात् बच्चासहित आफूसमेत गाडीमा चढी भारतमा आएको व्यहोरासमेत स्वीकार गरेको देखिन्छ । प्रतिवादीहरू जमिरूल खान, रियाजुल हसनसमेतले आफूसहित अन्य दुईले कसुर गरेको स्वीकार गरी प्रतिवादी हिना खानको संलग्नता नरहेको भनी अदालतमा बयान गरे तापनि हिना खानले बच्चा बोकी गाडीमा बसेको भनी स्वीकार गरेको

देखिन्छ । पीडित बालिका मोनी मिश्रका पिता जाहेरवाला मणीकान्त मिश्रको आर्थिक अवस्था राम्ररी बुझेका र निजबाट फिरौती रकम असुल गर्न निजकी २ वर्षे छोरी मोनी मिश्रलाई अपहरण गर्ने योजना बनाई भारतबाट गाडी लिई प्रतिवादी हिना खानसमेत सोही गाडीमा आई वारदातस्थल नजिक होटेलमा खान बसेको र अन्य प्रतिवादीहरूले बालिका अपहरण गरी ल्याएपछि निज हिना खानले आफ्नो साथमा राखी गाडीबाट उत्रिई रिक्सामा भारत गौरीफन्टा सम्म गएको मिसिल संलग्न प्रमाणहरूबाट देखिँदा निज प्रतिवादी हिना खानको उक्त अपराधको वारदातमा संलग्न नरहेको भन्न नमिल्ने।

प्रतिवादी फिरोज खान, जमिरूल हसन खान, रियाजुल हसन खानसमेतको हकमा निज प्रतिवादीहरूले निजहरूलाई कसुर ठहर गरी सजाय गर्ने गरेको सुरू कैलाली जिल्ला अदालतको मिति २०६७।११।२५ को फैसलालाई चित्त बुझाई निजहरूले पुनरावेदन अदालतमा पुनरावेदनसमेत नगरी बसेको र पुनरावेदन अदालत, दिपायलबाट निजहरूको हकमा फैसलासमेत गरेको नदेखिएबाट पुनरावेदन अदालतको मिति २०६८।९।२६ को फैसला उल्टी गरी सफाइ पाउँ भन्ने पुनरावेदन जिकिरतर्फ तथ्यमा प्रवेश गरी विचार गरिरहन पर्ने नहुँदा प्रतिवादी फिरोज खान, जमिरूल हसन खान, रियाजुल हसन खानसमेतको पुनरावेदन मुलुकी ऐन, अ.बं. १८० नं. बमोजिम खारेज हुने।

अतः माथि विवेचित तथ्य, आधार र प्रमाणहरूसमेतबाट प्रतिवादी हिना खानको हकमा निजले अनुसन्धानको क्रममा बयान गर्दा अपराधमा पूर्णरूपमा साबिती रहेकी, मौकामा बयान गर्दा अन्य प्रतिवादीहरूले पनि यिनलाई समेत पोल गरी बयान गरेका र प्रतिवादी रियाजुल खानले अदालतमा बयान गर्दासमेत यी प्रतिवादी हिना खान अपहरणमा संलग्न रहेको भन्दै बयान गर्नुका साथै मौकामा कागज गर्ने व्यक्तिहरूसमेतले हिना खानसमेतको संलग्नता रहेको भनी लेखाई सोहीअनुसारको बकपत्र पनि गरी दिएको तथा निजहरूले उल्लेख गरेअनुसारको घटनाक्रम प्रमाण तथा आधारबाट यी प्रतिवादी हिना खानको उक्त २ वर्षे बालिका मोनी मिश्रको अपहरणमा पूर्ण संलग्नता तथा सहयोग रहेको पुष्टि हुन आएकोले निज प्रतिवादी हिना खानलाई आरोपित कसुर गरेको ठहऱ्याई मुलुकी ऐन, अपहरण तथा शरीर बन्धकको १ नं. विरूद्धको कसुरमा ऐ. ३ नं.बमोजिम १२ वर्ष कैद, संगठितरूपमा २ वर्षकी नाबालिकालाई अपहरण गरेकाले ऐ. ७ नं. बमोजिम २ वर्ष र ऐ. ९ नं.बमोजिम २ वर्ष थप कैद गरी जम्मा कैद १६ वर्ष र १,५०,०००।– जरिवाना गरी प्रतिवादीहरूबाट जनही रू. ५००।– पीडितलाई क्षतिपूर्तिसमेत भराउने गरी कैलाली जिल्ला अदालतबाट मिति २०६७।११।२५ मा भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, दिपायलबाट मिति २०६८।९।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल भदौ २९ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-१३२७, जबर्जस्ती करणी, *खडकबहादुर सारू वि. नेपाल सरकार*

सुस्त मनस्थितिकी प्रतिकार गर्न नसक्ने अवस्थाकी पीडित "ब" कुमारीलाई निजको ईच्छा बेगर करणी गरेको तथ्यमा "ह" बहादुरको किटानी जाहेरी, मौकामा निज प्रतिवादी आरोपित कसुरमा साबिती रही अदालतमा समेत करणी गर्न खोज्दा निज हाँसेकी रबाहिरबाट मानिसहरू आएपछि म उठी भागेको हो भनी गरेको बयान, पीडित "ब" कुमारीको स्वास्थ्य जाँच प्रतिवेदनमा Hymen is not intact भनी उल्लेख भएको, पीडितले आफूलाई मुख थुनी करणी गरेको भनी अदालतमा बकपत्र गर्दासमेत टाउको हल्लाई इसाराले हो भनी संकेत गरेकी र प्रत्यक्षदर्शी टोप कुमारी गाहालगायत वस्तुस्थिति मुचुल्काका मानिसहरूको बकपत्रसमेतबाट निज प्रतिवादी खडगबहादुर सारूले

आरोपित कसुर गरेको नै देखिँदा योनिमा वीर्य स्खलन नभएकै आधारमा मात्र करणीको उद्योग गरेको मान्न मिल्ने नदेखिने।

अतः उल्लिखित आधार, प्रमाणहरूसमेतबाट प्रतिवादीको मौकाको बयान राजीखुशीबाट भएको थिएन भनी प्रतिवादीले कुनै मनासिब कारण खुलाउन र प्रमाणित गर्नसमेत सकेको नदेखिँदा निज प्रतिवादी खडकबहादुर सारूले पीडित 'ब' कुमारीलाई जबर्जस्ती करणी गरेको कसुरमा मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३(५) नं.बमोजिम ५ वर्ष र सोही महलको ३क ले थप ५ वर्ष गरी जम्मा १०(दश) वर्ष कैद सजाय हुने र सोही महलको १० नं.बमोजिम प्रतिवादीबाट पीडितले क्षतिपूर्तिबापत रू.१०,०००।– भराई लिन पाउने गरी भएको सुरू पाल्पा जिल्ला अदालतको मिति २०६८।३।१४ को फैसला सदर गरेको मिति २०६८।९।२० को पुनरावेदन अदालत, बुटवलको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल भदौ २९ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-००२५, ०७०-CR-००२५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. करण चौधरी सिंह, अर्जुन चौधरी सिंह वि. नेपाल सरकार*

प्रतिवादीका सहोदर भाई करण चौधरी सिंहले आफ्नो बयानको स.ज.नं. ८ मा मिति २०६७।१०।२३ गते विहानको समयमा दाजु अर्जुन चौधरी र भाउजू शेरा भन्ने शारदा चौधरी बीच झगडा भएको र दाजुले मलाई भित्र पस्न दिएन, बाहिर नै बसेँ। पछि हेर्दा भाउजूलाई कुटपिट गरी मारी सकेको रहेछ। मैले होहल्ला गर्न लाग्दा मलाई समेत हिर्कायो। दाजु अर्जुन चौधरीले कर्तव्य गरी मारी खाडल खनी पुर्दै गर्दा स्थानीय मानिसले देखेका हुन्। दाजु एक्लैले घाँटी कसी कुटपिट गरी मारेको हो, मैले केही गरिन भनी अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान। मृतकको मृत्युको कारण Due to hanging नभई Due to strangulation भनी उल्लेख भएको लास जाँच प्रतिवेदन रिपोर्ट, प्रतिवादी अर्जुन चौधरीले आफ्नै श्रीमती शेरा भन्ने शारदा चौधरीलाई कर्तव्य गरी मारी करेसाबारीमा गाडेको अवस्थामा लास फेला परेको हो भनी राजाराम चौधरी, शारू खातुन, पुष्पा घिसिङ र लिला राजवंशीले गरेको एकै मिलानको कागज तथा गणेश मेचेसमेतले लेखाई दिएको वस्तुस्थिति मुचुल्का। निज प्रतिवादी मौकामा कसुरमा सविती रही अदालतमा इन्कार रहेता पनि उक्त इन्कारीलाई पुष्टि गर्न नसकेको र सो साबितीलाई नै अन्य मिसिल सलग्न प्रमाणहरूले समेत समर्थन गरिरहेको देखिँदा उक्त साबितीलाई अन्यथा भन्न मिलेन। यसरी घटनाको स्वरूप, प्रकृति एवम् वारदात पश्चात्को प्रतिवादी अर्जुन चौधरी सिंहको मृतकको लास दबाउने छिपाउने जस्ता आचरण र व्यवहारसमेतबाट यी प्रतिवादी अर्जुन चौधरीको कर्तव्यबाट नै मृतक शारदा चौधरीको मृत्यु हुन गएको देखिँदा मृतक आफैँ झुण्डी मरेको भन्ने जिकिरसँग सहमत हुन नसकिने।

अब वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा प्रतिवादी करण चौधरी आरोपित कसुरमा सुरुदेखि नै इन्कार रही उक्त वारदातमा निज प्रतिवादीका दाजु अर्जुन चौधरी एक्लैले घटाएको हो भनी अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानलाई समर्थन हुने गरी स.ज.नं. ६ मा निजको दाजु भाउजूबीच बच्चा (भतिजा) लाई दुध खुवाउने विषयमा विवाद भएको र दाजु अर्जुनले एक थप्पड कुटेको मिल्दैन। मैले भाउजूलाई कुटपिट गरी कर्तव्य गरी मारेको होइन। दाजु एक्लैले घर नजिकैको खाल्डोमा पुरेको हो, मैले दाजुलाई केही सहयोग गरेको छैन भनी अदालतमा समेत आरोपित कसुरमा ईन्कार रही बयान गरेको देखिन्छ। साथै अर्का प्रतिवादी अर्जुन चौधरीको मौकाको बयानमा समेत यी प्रतिवादी करण चौधरीउपर कर्तव्यमा संरिक सामेल रहेको भनी पोल गर्न सकेको देखिँदैन भने प्रतिवादी करण चौधरी सिंह र अर्जुन चौधरी सिंहका बीच मृतक शारदा देवी चौधरीलाई

कर्तव्य गरी मार्ने मराउने कुरामा पूर्वमत सल्लाह वा मिलोमतो केही पनि रहे भएको समेत मिसिल संलग्न प्रमाणहरूबाट नदेखिने।

वारदातपूर्व वा वारदात मौकामा निजको कुनै आपराधिक मनसाय वा अपराध घटाउनमा कुनै किसिमको भूमीका रहेको नभई निज प्रतिवादी अर्जुन चौधरी एकैजना मात्र जिम्मेवार रहेभएको तथ्य मुख्य अभियुक्त अर्जुन चौधरीको मौकाको बयान एवम् निजले वारदात घटना सम्बन्धमा सुरू अदालतसमक्ष गरेको बयानमा समेत खाल्डोमा म एक्लैले लासलाई तानेर लगी गाडी दिएको हो भनी प्रष्टरूपमा देखिइरहेको र यी प्रतिवादी आरोपित कसुरमा सरिक भएकै थिए भनी भन्न मान्न सकिने सम्मको प्रत्यक्षदर्शी प्रमाणसमेतको अभाव रहेको अवस्थामा निज नाबालक प्रतिवादी करण चौधरी सिंहलाई निजको आपराधिक मनसाय र क्रियाबेगर नै परिवारको सदस्यका रूपमा वारदातस्थल घरमा रहे भएको कारणले मात्र कसुरदार मान्न नसकिदा निज प्रतिवादी करण चौधरी सिंहका हकमा अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित आधार, कारण र प्रमाणहरूसमेतबाट प्रतिवादी अर्जुन चौधरी सिंहलाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र अर्का प्रतिवादी करण चौधरीले अभियोग माग दाबीको आरोपित कसुरबाट सफाइ पाउने भनी सुरू झापा जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, इलामबाट मिति २०६९।११।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गीता श्रेष्ठ

इति संवत् २०७३ साल भदौ २९ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-०८००, लागु औषध, *नेपाल सरकार वि. सुदीप तामाङसमेत*

प्रस्तुत मुद्दामा प्रतिवादीहरू सुदीप तामाङ, सुनिल नगरकोटी र ममता भन्ने मेरिना तिवारीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ) र (च) विपरीतको कसुर अपराधमा निज प्रतिवादीहरूमध्ये सुनिल नगरकोटी र सुदीप तामाङउपर ऐ. ऐनको दफा १४(१) को (छ)(१) बमोजिम सजाय हुन र प्रतिवादी मेरिना तिवारीलाई सोही ऐनको दफा १४(१)को (छ)(२) बमोजिम सजाय मागदाबी रहेकोमा मेरिना तिवारीलाई ऐ. ऐनको दफा १४(१)(छ)(१) बमोजिम ५ (पाँच) वर्ष कैद र रू.१०(दश) हजार जरिवाना हुने, ऐ.ऐनको दफा १४(१)(ङ) बमोजिम प्रतिवादी सुदीप तामाङलाई १ वर्ष कैद र प्रतिवादी सुनिल नगरकोटीलाई ६ महिना कैद हुने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई पुनरावेदन अदालत, पाटनले सदर गरेको अवस्थामा निजहरूको हकमा पुनरावेदनको रोहमा नेपाल सरकारको पुनरावेदन लाग्न सक्ने देखिन आएन। तसर्थ प्रस्तुत मुद्दामा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) बमोजिम दोहोऱ्याई हेर्न निवेदन दिनुपर्नेमा पुनरावेदनको रोहमा दर्ता गरेको देखिँदा तथ्यभित्र प्रवेश गर्नुपर्ने नभई मुलुकी ऐन, अ.बं. १८० नं. बमोजिम खारेज हुने।

इजलास अधिकृत : गीता श्रेष्ठ

इति संवत् २०७३ साल भदौ २९  गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का,** ०७१-WO-०१८४, उत्प्रेषण, *अशर्फी यादव वि. शितली देवी यादवसमेत*

सप्तरी जिल्ला अदालतबाट मिति २०७०।१२।२१ मा भएको आदेश र पुनरावेदन अदालत, राजविराजबाट मिति २०७१।३।५ मा भएको आदेश कानूनसम्मत भए नभएको सम्बन्धमा बिचार गर्दा, मुलुकी ऐन, अदालती बन्दोबस्तको ६२(३) नं. मा "मुद्दाका म्याद तारीखमा हाजिर हुनुपर्ने व्यक्ति मरी वा बौलाहा वा बेपत्ता भई म्याद तारिख गुज्रेमा मरी वा बौलाहा वा बेपत्ता भएको बाटाका म्यादबाहेक पैंतीस

दिनभित्र निजको दैयादारले म्याद तारीख थामी मुद्दा सकार गर्न अड्डामा हाजिर भई निवेदनपत्र दिएमा म्याद तारीख थामी दिई मुद्दा सकार गराई दिनु पर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उल्लिखित कानूनी व्यवस्थाअनुसार म्याद तारिखमा हाजिर हुनुपर्ने व्यक्ति मरी वा बौलाहा वा बेपत्ता भई म्याद तारीख गुज्रेको अवस्थामा सम्बन्धित हकवालाले मुद्दा सकार गर्न ३५ दिनभित्र निवेदन गर्नुपर्ने देखिन्छ । प्रस्तुत विवादमा भने सप्तरी जिल्ला अदालतमा चलेको ६९-CP-१९११ को मुद्दामा वादी बुची यादव स्वयम् तारिखमा रहेको नभई निजको दैयादारको रूपमा रहेकी श्रीमती शितलीदेवी यादव तारिखमा रहँदाको अवस्थामा मिति २०७०।३।२० मा बुची यादवको मृत्यु भएको र बुची यादवको मृत्युपश्चात् पनि शितलीदेवी यादवले तारेख नगुजारी निरन्तर तारेखमा रहेको देखिन्छ । निज शितलादेवी यादवले मृत्यु दर्ता प्रमाणपत्र प्राप्त गरेपछि मिति २०७०।९।१६ मा मुद्दा सकार गरिपाउँ भनी दिएको निवेदनमा आदेश भई मुद्दा सकार गरेको समेत देखिन्छ। यसरी प्रस्तुत विवादमा मुद्दा सकार गर्ने व्यक्ति नै मर्नेको वारेस भई नियमित तारेखमा रहेको देखिँदा मुद्दा सुनुवाइको सिलसिलमा निरन्तर तारेखमा रहेको दैयादारलाई मुद्दा सकार गर्न नमिल्ने भन्नु न्यायोचित नहुने।

तसर्थ माथि विवेचना गरिएबमोजिम मुद्दा सकार गर्ने व्यक्ति मृतकको वारेस भई लगातार तारेखमा बसेको देखिँदा सप्तरी जिल्ला अदालतबाट मिति २०७०।१२।२१ मा भएको आदेशलाई सदर गरेको पुनरावेदन अदालत, राजविराजबाट मिति २०७१।३।५ मा भएको आदेशलाई न्यायको रोहमा अन्यथा भन्न मिल्ने अवस्था नदेखिँदा निवेदन माग दाबीअनुसारको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

इति संवत् २७३ साल पुस १७ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का,** ०७१-WO-०३४३, उत्प्रेषण, *रामजी यादव वि. पुनरावेदन अदालत, बुटवल, रूपन्देहीसमेत*

विपक्षी वादीले मिति २०६९।९।१७ को तारेख गुजारेकोमा कानूनले थाम्न थमाउन पाउने म्याद समाप्त भएको मितिले ६ महिनाभित्र अर्थात् मिति २०७०।५।३ मा तामेलीबाट जगाई पाउँ भनी दिएको निवेदन कानूनले निर्धारण गरेको म्यादभन्दा बाहिर गई गएको निवेदनउपर तामेलीबाट जगाई कारबाही अघि बढाएको भनी भन्न मिल्ने देखिँदैन । तह-तह अदालतबाट भएको फैसला तथा आदेशको औचित्यमा प्रवेश गरी पुनरावेदन सुनेको जस्तो गरी रिट क्षेत्राधिकारअन्तर्गत प्रमाण बुझ्ने, प्रमाणको मूल्याङ्कन गर्ने गर्नु उचित र रिटसम्बन्धी अवधारणाअनुकूल हुने नदेखिने।

पुनरावेदन अदालत, बुटवलबाट मिति २०६१।३।१९ मा भएको आदेश कानूनको प्रत्यक्ष त्रुटि देखिन नआएकोले बदर गरिरहन परेन । साथै फैसलाबमोजिम वादीले भरी पाउने बिगो कोर्ट फी निवेदक रामजी यादवले मिति २०७१।८।१७ मा नवलपरासी जिल्ला अदालतमा दाखिल गरिसकेको देखिँदा प्रस्तुत रिट निवेदनको औचित्यसमेत समाप्त भएको देखिने।

तसर्थ वादीले भरी पाउने ठहरेको बिगोबापतको रकम दिलाई पाउँ भनी दिएको निवेदन तामेलीमा रही पुनः तामेलीबाट जगाई कारबाही गर्ने गरी नवलपरासी जिल्ला अदालतका तहसीलदारबाट भएको आदेश बदर गरेको नवलपरासी जिल्ला अदालतबाट मिति २०७०।१२।१३ मा भएको आदेश बदर हुने गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०७१।३।१९ मा भएको आदेश मिलेकै देखिँदा बदर गरिपाउँ भनी परेको रिट निवेदन माग दाबीअनुसार रिट जारी हुन सक्दैन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

इति संवत् २०७३ साल पुस १७ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का,** ०७०-CR-०८८५, लागु औषध, *नेपाल*

*सरकार वि. अलिहसन हवारीसमेत*

प्रतिवादी बच्चु साहको हकमा विचार गर्दा, निजले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ),(ङ) र (च) को कसुरमा सोही ऐनको दफा १४ को उपदफा (१) को खण्ड (झ) बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा, प्रतिवादी बच्चु साहले लागु औषध ओसारपसार गरेको वा बिक्री वितरणको लागि बोकी हिँडेको भन्ने मिसिल संलग्न बरामदी मुचुल्का, प्रतिवेदकहरूको बकपत्र तथा निजको बयानबाट देखिँदैन । कुनै पनि फौजदारी मुद्दामा प्रचलित कानूनबमोजिम अनुसन्धान पक्षले वस्तुनिष्ठ रूपमा कसुर वा वारदातको विषयमा अनुसन्धान गरी सङ्कलित प्रमाणका आधारमा कसैकाउपर कुनै अभियोग लगाउने र त्यस्तो मुद्दा हेर्ने अधिकारप्राप्त अदालत वा निकायले पनि पेस भएका प्रमाणहरूको शङ्कारहित तवरले परीक्षण गरी मूल्याङ्कन गर्दा ठहरेबमोजिमको निर्णय गर्नुपर्ने हाम्रो फौजदारी न्याय प्रणालीको प्रमुख विशेषता मिल्दैन । अदालतले प्राप्त प्रमाणहरूको परीक्षण एवम् मूल्याङ्कन गरी ती प्रमाणहरूले ठहरेबमोजिम मात्र न्याय निरूपण गर्नुपर्ने हुन्छ । प्रतिवादी बच्चु साहले बरामद भएको झोला दिएको भन्ने सहप्रतिवादी सन्तोषकुमार पौडेलले गरेको बयानबाहेक अन्य कुनै ठोस सबूत वादी पक्षले गुजार्न सकेको नदेखिने।

प्रतिवादी बच्चु साहले अदालतसमक्षको बयानको सवाल ९ को जवाफमा सन्तोषकुमार पौडेलले आफूलाई दुधको बाँकी पैसा लिन आउ भनेकोले निजको घरमा गएको अवस्थामा प्रहरीले पक्राउ गरेको भनी बयान गरेबाट निजको र प्रतिवादी सन्तोषकुमार पौडेलको बीचमा व्यापारिक कारोबार हुने गरेको तथ्य पुष्टि हुन आएको छ । प्रतिवादी सन्तोषकुमार पौडेलले अदालतसमक्ष बयान गर्दा प्रतिवादी बच्चु साहले घरको सामान पठाएको भनी बयान गरेकोले प्रतिवादी बच्चु साहले सहप्रतिवादी सन्तोषकुमार पौडेललाई सहयोगसम्म गरी मतियारको कार्य गरेको पुष्टि हुन आएको देखिने।

तसर्थ प्रतिवादी बच्चु साह मुख्य कारोबारकर्ता नभई मुख्य कारोबारकर्ता सन्तोषकुमार पौडेललाई सहयोग गरी आरोपित कसुरको मतियारको कार्य गरेको देखिँदा निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम १ वर्ष ६ महिना कैद र रू. ७५,०००। (पचहत्तर हजार रुपैयाँ) जारिवाना गर्ने गरेको काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।२।१६ मा भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।३।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

अर्का प्रतिवादी अलिहसन हवारीको हकमा विचार गर्दा, निज प्रतिवादी अनुसन्धान अधिकारीसमक्षको बयानमा साबित भई बयान गरे तापनि अदालतसमक्षको बयानमा कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। प्रतिवादी सन्तोषकुमार पौडेलले अदालतसमक्ष बयान गर्दा प्रतिवादी अलीहसन हवारीको सम्बन्धमा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दाको अवस्थामा निजको नाम आफूले लेखाएको होइन भनी बयान गरेको देखिन्छ । निज उक्त वारदातमा संलग्न भई कसुर गरेको भन्ने कुनै ठोस र स्वतन्त्र प्रमाणले पुष्टि हुन सकेको पनि पाइँदैन । निजको उक्त कसुरमा संलग्न भएको प्रतिवेदक तथा साक्षीहरूसमेतले बकपत्र गर्दासमेत खुलाउन सकेको पाइँदैन । निजको साथबाट लागु औषध बरामद हुन सकेको पनि नदेखिने।

प्रतिवादी अलिहसन हवारीलाई अभियोग दाबीबाट सफाइ हुने र प्रतिवादी बच्चु साहलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम १ वर्ष ६ महिना कैद र रू.७५,०००।- (पचहत्तर हजार रुपैयाँ) जरिवाना गर्ने गरेको काठमाडौं जिल्ला अदालतबाट मिति २०६९/२/१६ मा भएको फैसला प्रतिवादी अलिहसन हवारीको हकमा सम्म केही उल्टी गरी निजले सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।३।२५ मा भएको फैसला

मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: जगतबहादुर पौडेल
कम्प्युटर: देवीमाया खतिवडा (देबिना)
इति संवत् २०७३ साल पुस २० गते रोज ४ शुभम्।

९

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CI-०६८३, बकसपत्र लिखत बदर दर्ता बदर दर्ता हक कायम, *अच्छेलालप्रसाद कुशवाहा वि. भोला कुशवाहासमेत*

वादीको फिराद मुलुकी ऐन, दान बकसको १ नं.अन्तर्गतको परेको हुँदा अंशबन्डाको १९(१) नं. आकर्षित हुदैन भनी विपक्षी वादीका विद्वान् कानून व्यवसायीको बहस जिकिर छ त्यसतर्फ विचार गर्दा उक्त दानबकसको १ नं. मा आफ्नो हक पुग्ने सम्पत्ति दान वा बकस गरी दिन हुन्छ । सोबमोजिम दान वा बकस गरिदिँदा हकवालालाई बकस भनी र अरूलाई दान वा बकस जुन व्यहोराले दिएपनि हुन्छ। आफूखुश गर्न पाउनेबाहेक अरूमा अंशियार र हक पुग्नेहरूको मन्जुरीको लिखत नलिई वा साक्षी नराखी दान बकस गरिदिन हुँदैन भन्ने कानूनी व्यवस्था रहे भएबाट उक्त नं. मा अंशियार र हक पुग्नेहरूको मन्जुरीको लिखत नलिई दानबकस गर्न नमिल्ने भन्ने भए तापनि नाबालकलाई साक्षी राख्नुपर्ने र मन्जुरी लिनुपर्ने भन्ने कानूनी व्स्था नै नभएबाट कसको मन्जुरी लिनुपर्ने भन्ने सम्बन्धमा मुलुकी ऐन, अंशबन्डाको १९(१) नं. नै आकर्षित हुने।

अतः मिति २०६६।६।२ को र.नं. ७२५/२ बाट पारित हालैको बकसपत्रमा उल्लिखित कि.नं. २३५० को ज.वि. ०-६-० मध्येको दक्षिणतर्फबाट ५ खण्डको ४ खण्ड र ऐ. कि.नं. ४ को ज.वि. ०-०-१३-१२ मध्ये दक्षिण-पश्चिम कुनाको ज.वि. ०-०-३$^{1}/_{2}$ मा भएको घरसमेतबाट दक्षिण तर्फको ५ खण्डको ४ खण्डको लिखत सत्यनारायण महतोले भाई अच्छेलाल कुशवाहालाई हालैको बकसपत्र पारित गरिदिएको हुदा उक्त लिखतबाट ५ भागको ४ भाग लिखत बदर गरिपाउँ भन्ने वादीको मुख्य दाबी रहेको प्रस्तुत मुद्दामा उक्त लिखतबाट वादीहरूमध्ये नाबालक भोला कुशवाहाको उमेर १३ वर्ष, सुरेखाकुमारीको उमेर ११ वर्ष र आशाकुमारीको उमेर ७ वर्ष लेखिएको देखिँदा निजहरूको हकमा समेत वादी दाबीबमोजिम ५ भागको ४ भाग लिखत बदर हुने भन्ने बारा जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।१।२ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई वादी दाबीबमोजिम ५ भागको १ भागको लिखत बदर हुने।
इजलास अधिकृत: कोशलेश्वर झवाली
कम्प्युटरः मन्जिता ढुंगाना
इति संवत् २०७३ साल पुस ७ गते रोज ५ शुभम्।

१०

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CR-०६३० र ०७१-CR-०८११, कर्तव्य ज्यान, *भरत लामा वि. नेपाल सरकार र नेपाल सरकार वि. भरत लामासमेत*

जाहेरीमा यी प्रतिवादी झानु लामाले मृतकलाई समाती राखेको भनेको, मौकामा बुझिएका व्यक्तिहरूले झानु लामासमेतको कुटपिटमा संलग्नता रहेको भनी लेखाएको र प्रतिवादीहरूको बयानबाट समेत मृतकको वारदातस्थलमा उपस्थिति रहेको देखिएको अवस्थामा निजलाई सफाई दिएको मिलेको छैन भनी वादी नेपाल सरकारले पुनरावेदन जिकिर लिए पनि निजको संलग्नता सम्बन्धमा शङ्कारहित प्रमाणबाट पुष्टि गराउन सकेको छैन । जाहेरी सुनेको आधारमा मात्र दिएकोले जाहेरीको व्यहोरा सत्य नै हो भनी भन्न सकिँदैन । साथै अन्य मौकामा कागज गर्नेले झानु लामाको समेत संलग्नतामा मृतकलाई कुटपिट गरेको भनी लेखाए पनि यी प्रतिवादीको कस्तो संलग्नता रहेको थियो वा निजले के गरी मृतकलाई चोट पुऱ्याए भनी उल्लेख गर्न सकेको देखिँदैन। यस्तै वारदातस्थलमा हुने सबैको वारदातमा संलग्नता रहेको हुन्छ नै भन्न सकिँदैन र विना कुनै आधार प्रमाण त्यस्तो अनुमान गरी कसैलाई दोषी ठहर गर्नसमेत मिल्ने नदेखिने।

सहप्रतिवादी तथा स्वयम् यी प्रतिवादीले वारदातस्थलमा झानु लामासमेत उपस्थित रहेको

भनेबाट वारदातस्थलमा निजको उपस्थिति रहेको देखिए पनि निजले उपस्थित भई कुनै कसुरजन्य कार्य गरेको भने खुल्न नआई बरू झगडा छुट्याउन खोजेको भन्ने खुल्न आएको छ । यसरी यी प्रतिवादी ज्ञानु लामाको संलग्नता रहेको भन्ने कुरा निसन्देह प्रमाणित हुन नसकेकोले निजको कसुरमा संलग्नता रहेको देखिएकोले सफाइ पाउनुपर्ने होइन भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिँदैन । निजलाई सफाइ दिने गरी भएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको नै देखिन आउने।

मृतकलाई मार्न प्रतिवादीहरूले कुनै रिसइबी राखी योजना बनाई तयार भई आएको देखिँदैन। त्यस्तै लुकी चोरी हानेको, कुनै घातक हतियार प्रहार गरेको र मृतकलाई खोज्दै गई कुटपिट गरेको पनि पाइएको छैन । यस्तो अवस्था नदेखिएबाट यी प्रतिवादीहरूमा मृतकलाई मार्नेसम्मको पूर्वरिसइबी तथा मनसाय रहेको भन्न मिल्दैन । त्यसैले प्रतिवादीहरूबाट भएको कसुरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.अनुसारको कर्तव्य ज्यानको कसुर मान्न नमिल्ने।

मृतक रातको समयमा मादक पदार्थ सेवन गरी खुकुरीसमेत बोकी आफ्नै घरमा आई गालीगलौज गर्न लागेको र सम्झाउँदा पनि नमानेकोले प्रतिवादीहरूले आवेशमा आई प्रहार गरेको देखिएको छ । यसमा प्रतिवादीहरूले लुकी चोरी हानेको र पूर्वतयारी गरी मार्न आएको पनि देखिँदैन । साथै कुनै घातक हतियारले समेत प्रहार र मार्छु नै भनी मृतकको संवेदनशील अङ्ग ताकी ताकी प्रहार गरेको पनि पाइएको छैन । मृतककै कार्य कारणबाट तत्काल उठेको रिस तथा आवेशलाई प्रतिवादीहरूले नियन्त्रण गर्न नसकी लात मुक्काले कुटपिट गरेको र नजिक रहेको ढुङ्गासमेत प्रहार गरेकोमा पेटमा लाग्न गएको पाइएको छ । यसप्रकार हुन गएको कसुरलाई उपर्युक्त कानूनी व्यवस्थासमेतका आधारमा आवेशप्रेरित हत्याको कोटीमा नै राख्नुपर्ने।

वादी नेपाल सरकारले आफ्नै घरमा यी प्रतिवादीहरूले सामूहिकरूपमा कुटपिट गरी हत्या गरेको देखिएको प्रस्तुत वारदातमा प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १३(३) नं.अनुसार नै सजाय हुनुपर्छ भने पनि उक्त नं.अनुसार सजाय हुने कसुर ठहर्न आवश्यक रहने मनसाय तत्त्व यी प्रतिवादीमा रहेको भन्ने कुनै प्रमाण नेपाल सरकारले पेस गर्न सकेको देखिँदैन। मृतक आफैँ वारदातस्थलमा आई प्रतिवादीहरूसँग निहुँ खोज्दा प्रतिवादीहरूले प्रहार गरेको मिसिलबाट देखिन आउने वारदात हुँदाको परिस्थितिले पनि प्रतिवादीले मार्ने मनसाय लिई सोअनुरूप तयारीसमेत गरी मृतकलाई कुटपिट गरी मारेको भन्ने पुष्टि हुँदैन। तसर्थ सुरू र पुनरावेदन अदालतबाट प्रतिवादीहरू भरत लामा र सुनिल लामाले आवेशप्रेरित हत्याको कसुर गरेको भनी निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं.अनुसार सजाय गरेको फैसलालाई अन्यथा भन्न नसकिने।

प्रस्तुत वारदात भवितव्य ज्यानको कसुरअन्तर्गत पर्दछ भनी लिएको प्रतिवादी भरत लामाको पुनरावेदन जिकिरतर्फ हेर्दा यी प्रतिवादीहरूले आवेशमा आई मृतकलाई कुटपिट गरेको पाइएको छ । ज्यानसम्बन्धी महलको ५ नं.को कानूनी व्यवस्थानुसार भवितव्य हुनको लागि कुनै कार्य सावधानीपूर्वक गर्दागर्दै परिणामको पूर्व जानकारी नहुन सक्ने परिस्थितिमा अकस्मात केही भई मानिसलाई लागी मानिस मर्न गएको अवस्था देखिनुपर्नेमा प्रस्तुत वारदातमा त्यस्तो अवस्था देखिएको छैन। यसमा अन्य कुनै काम गर्दा प्रतिवादीलाई अप्रत्याशितरूपमा लाग्न गएको नभई यी प्रतिवादीसमेतले मृतकलाई नै लात मुक्का र ढुङ्गासमेतले प्रहार गरेको पाइएको छ। आवेशमा आई रातको समयमा रक्सीसमेत सेवन गरेको मानिसलाई कुटेको कार्यमा कुनै सावधानी अपनाएको थियो होला भन्न सकिँदैन र त्यसलाई परिणामको पूर्व जानकारी नरहने अवस्था थियो भनेर पनि भन्न मिल्दैन । त्यसैले प्रतिवादी भरत लामाको पुनरावेदन जिकिरअनुसार प्रस्तुत वारदातलाई भवितव्य ज्यानको कसुर मान्न मिल्ने देखिन नआउने।

प्रतिवादी सुनिल लामालाई नेपाल सरकारको पुनरावेदन जिकिरअनुसार ज्यानसम्बन्धी महलको

१३(३) नं. अनुसार सजाय हुन्छ वा निजलाई सुरू तथा पुनरावेदनको फैसलाअनुसार ऐ.को १४ नं.अनुसार सजाय हुन्छ ? भन्ने चौथो प्रश्नका सम्बन्धमा विचार गर्दा, यी मृतक राति रक्सी खाई प्रतिवादीहरूको घरमा गई झगडा गालीगलौज गरेको कारणबाट आवेशमा आई प्रतिवादीहरू भरत लामा र सुनिल लामाले कुटपिट गरेको कारणबाट मृत्यु भएको तथ्यमाथि विवेचना भइसकेको छ। सो भएबाट यी प्रतिवादी सुनिल लामाले पनि आवेशप्रेरित हत्या गरेको नै पुष्टि हुन आएकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

अतः उल्लिखित आधार कारणबाट यी पुनरावेदक प्रतिवादी भरत लामा र प्रतिवादी सुनिल लामालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं.को कसुरमा सोही नं.बमोजिम १० वर्ष कैद र प्रतिवादी ज्ञानु लामाले आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याई सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०६९।०५।१० मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७१/०४/१७ मा भएको फैसला मनासिब नै देखिँदा सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा
कम्प्युटर : सिजन रेग्मी
इति संवत् २०७३ साल असोज ४ गते रोज ३ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री केदारप्रसाद चालिसे,** ०६९-CR-०४५५, ठगी, *नेपाल सरकार वि. कोमबहादुर गुरूङसमेत*

प्रतिवादीहरूले आरोपित कसुरमा इन्कारी रही जाहेरवालाहरूसँग आफूहरूले विदेश पठाई दिन भनी रकम लिएको होइन भनी बयान गरे तापनि पदमसिंह थापाले जाहेरवालाहरूसँग रकम लिएको तथ्यलाई स्वीकार गरेको पाइन्छ । जाहेरवाला सन्तबहादुर खड्का, दीपक शर्मा, टिकाराम पुरी र सुरेन्द्र अर्यालले पदम सिंह थापाले आफूहरूबाट रूपैयाँ लिएको भनी बकपत्र गरेको देखिन्छ । उपस्थित प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारी र अदालतमा गरेको बयान, जाहेरवालाहरूको जाहेरी र बकपत्रसमेतबाट जाहेरवालाहरू सन्तबहादुर खड्का, दीपक शर्मा, सुरेन्द्र अर्याल, टिकाराम पुरीबाट निजहरूलाई रोजगारीको लागि विदेश बेल्जियम पठाउने प्रयोजनको लागि भनी प्रतिवादीहरू कमल भन्ने कोमबहादुर गुरूङ, नवराज खनाल, राजकुमार गुरूङ संलग्न भई निजहरूको मिलेमतोमा जाहेरवालाहरूबाट रकम उठाई पदम सिंह थापालाई दिएको देखिन आउने।

प्रतिवादीहरू कमल भन्ने कोमबहादुर गुरूङ, नवराज खनाल र राजकुमार गुरूङले जाहेरवालाहरूबाट रकम उठाई पदम सिंह थापालाई दिने कार्य गरेको देखिएकोले निज प्रतिवादीहरूको उल्लिखित कार्य सोही मुलुकी ऐन, ठगीको ५ नं.बमोजिमको कसुर देखिन आयो । तसर्थ निज प्रतिवादीहरूलाई सोही नं. आकर्षित मतियारमा सजाय गरेको पुनरावेदन अदालतको फैसला कानूनसम्मत देखिने।

प्रतिवादीहरू मैतसिंह तामाङ, दावाकुमार लामा (तामाङ), रामबहादुर मोक्तान (तामाङ) विरूद्ध किटानी जाहेरी र बकपत्र नदेखिएको, अन्य प्रतिवादीहरूले यी प्रतिवादीहरूलाई पोल गरी बयान गरेको नदेखिएकोले निजहरूले जाहेरवालाहरूलाई ठगी गरेको प्रमाणित हुन नआएकोले निजहरूको हकमा अभियोग दाबी नपुग्ने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला मनासिब देखिने।

पुनरावेदन अदालतले जाहेरीलाई समर्थन गरी बकपत्र गर्ने जाहेरवालाहरूको बिगोसम्म कायम गरी अन्य बकपत्र गर्न नआउने जाहेरवालाको जाहेरीलाई प्रमाणमा ग्रहण गरेको देखिँदैन । जाहेरी दिएकै भरमा माग कसुर कायम गर्न मिल्ने देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार अभियोग दाबीलाई पुष्टि गर्ने भरपर्दो प्रमाण वादी पक्षले गुजार्नु पर्दछ । तसर्थ

जाहेरी दरखास्तको भरमा निज जाहेरवालाहरूको समेत रकम ठगी भएको भन्ने मिल्ने देखिँदैन । तसर्थ प्रतिवादी कमल भन्ने कोमबहादुर गुरूङ, नवराज खनाल र राजकुमार गुरूङलाई ठगीको १ नं. को कसुरमा सोही महलको ४ नं. ले रू.२,८६,०००।– जरिवाना र जनही १ वर्ष कैद हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।२।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल चैत ९ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६९-CR-०६४३, वैदेशिक रोजगार ठगी, *निमबहादुर सारू वि. नेपाल सरकार*

जाहेरवालाबाट प्रतिवादीले रकम लिएको तथ्यमा विवाद देखिँदैन । मिति २०६७।४।२३ को प्रतिवादीले गरी दिएको लिखतको फोटोकपी साथै राखी प्रतिवादीले वैदेशिक रोजगारको लागि अमेरिका पठाई दिन भनी पटकपटक गरी रू.४,७१,०००।– रकम लिई विदेश नपठाएको र रकम पनि फिर्ता नगरेको व्यहोरा उल्लेख गरी जाहेरवालाको जाहेरी परेको देखिन्छ । सो जाहेरी व्यहोरालाई पुष्टि गरी जाहेरवालाले न्यायाधिकरणसमक्ष बकपत्र गरेको समेत देखिन्छ । जाहेरी दरखास्त साँचो मिल्दैन । सो साथ पेस भएको मिति २०६७।४।२३ को कागज व्यहोरा र सहीछाप मेरै हो भनी जाहेरी व्यहोरा र लिखतलाई स्वीकार गरी प्रतिवादीले न्यायाधिकरण बयान गरेको देखिन्छ । म आफैँले जाहेरवालाको रकम लिई मासेको नभई सन्दीप गुरूङकै सल्लाहमा निजको साथी मान गुरूङलाई बैंक र हुन्डीमार्फत भारत पठाएको हो भनी प्रतिवादीले जिकिर लिए तापनि सो कुरालाई पुष्टि गर्न निज प्रतिवादीले कुनै साक्षी प्रमाण गुजार्न सकेको देखिँदैन । मिसिल संलग्न जाहेरी र सोलाई पुष्टि गर्दै गरेको बकपत्र तथा जाहेरवालाले पेस गरेको लिखतबाट यी प्रतिवादीले जाहेरवालालाई विदेश अमेरिका पठाई दिन भनी रकम लिई विदेश नपठाएको र जाहेरवालाको फिर्ता गर्नुपर्ने रकम फिर्ता पनि गरेको देखिँदैन । वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० मा इजाजतपत्र नलिई कसैले पनि वैदेशिक रोजगारको व्यवसाय सञ्चालन गर्न पाउने छैन भन्ने कानूनी व्यवस्था गरेको देखिन्छ । यी पुनरावेदक प्रतिवादीले उल्लिखित कानूनी व्यवस्थाविपरीतको कार्य गरेको देखिएकोले निजलाई कसुरदार ठहऱ्याई भएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मनासिब देखिने ।

तसर्थ अभियोगपत्रमा उल्लेख भएबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० को विपरीतको कार्य निज प्रतिवादीले गरेको देखिएकोले सोही कसुरमा ऐ. ऐनको दफा ४३ बमोजिम जाहेरवालालाई विदेश पठाई नसकेको देखिएकोले रू.१,५०,०००।– जरिवाना र १ वर्ष ६ महिना कैद सजायसमेत हुने र जाहेरवालाको बाँकी बिगो रू.३,७३,०००।- र सोको ५० प्रतिशतले हुन आउने हर्जानासमेत कूल रू.५,५९,५००।– प्रतिवादीबाट जाहेरवालाले भराई पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।६।२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल चैत ९ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६८-CR-००३२, जबर्जस्ती करणी, *नेपाल सरकार वि. खदेरू लोनिया*

पीडित स्वयम्को बकपत्र व्यहोराबाट प्रतिवादीले पीडितलाई करणी गर्दा डर, त्रास, धाक देखाई वा करकाप, अनुचित प्रभाव, झुक्यानमा पारी वा जोरजुलुम गरी करणी गरेको देखिँदैन । पीडितको जिउमा करणी गर्न दिन इन्कार गरी प्रतिकार गर्दा देखिने प्रतिकारका सामान्य चिह्न जस्तोकी कोतरिएको

घाउ चोट, कपडा च्यातिएको अवस्था योनाङ्गमा देखिने संघर्षका चिह्न आदि रहे भएको भन्ने पीडितको शारीरिक जाँच प्रतिवेदनबाट नदेखिएकोले पीडितको मन्जुरीबेगर बल प्रयोग गरी करणी भएको अवस्था देखिँदैन । पीडित होस ठेगानमा नभएको अवस्थामा करणी गरेको भन्ने अभियोजन पक्षको दाबी छैन । निज शारीरिकरूपमा अशक्त वा अपाङ्ग भएको भन्ने पनि देखिँदैन । पीडितको उमेर २१ वर्ष र प्रतिवादीको उमेर ६३ वर्ष भन्ने देखिन्छ । यस हिसाबबाट पीडित जवान र प्रतिवादी वृद्ध अवस्थाका व्यक्ति रहे भएकोले जबर्जस्ती करणीको वारदात भएको भनी भन्न सकिने अवस्था र परिस्थिति देखिँदैन । अपहरण गरी वा शरीर बन्धक राखी मञ्जुरी लिएको भन्ने अवस्था पनि छैन । पीडित र प्रतिवादी च्याउ टिप्न भनी सँगै जंगलमा गएको र साँझ घर फर्की आएको देखिन्छ । पीडितले करणी गरेको कुरा निजको बहिनीलाई भनेको र त्यसपछि बाबु आमाले थाहा पाएपछि मात्र जाहेरी परेको देखिने ।

अतः विवेचित तथ्य आधार र प्रमाणहरूबाट उमेर पुगेको जवान केटीले करणी हुँदाका बखत कुनै प्रकारको प्रतिकार गरेको मिसिल संलग्न कुनै तथ्य प्रमाणबाट नदेखिएको यस अवस्थामा केवल मौखिकरूपमा करणी गर्न दिन इन्कार गरेको भन्नेसम्मको आधारमा मात्र प्रतिवादीले जबर्जस्ती करणीको १ नं. बमोजिमको कसुर गरेको भन्न मिल्ने नदेखिँदा यस अदालतबाट निस्सा प्रदान गर्दा लिएका आधारसँग यो इजलास सहमत हुन सकेन । तसर्थ प्रतिवादी खदेरू लोनियालाई आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०६७।८।१२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: आनन्दराज पन्त

इति संवत् २०७३ साल चैत ९ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री केदारप्रसाद चालिसे,** ०७२-CR-१०२७, लागु औषध (ब्राउन सुगर), *रमेश श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादीको साथबाट २८ ग्राम लागु औषध बरामद भएको बरामदी मुचुल्का रहेछ । सो मुचुल्का निजको रोहबरमा खडा भई निजले सहीछापसमेत गरेको देखिन्छ । सोही व्यहोरालाई समर्थन हुने गरी निज प्रतिवादीले मौकामा बयानमा आफूले ३५ ग्राम लागु औषध ब्राउन सुगर हेटौंडाबाट खरिद गरी ल्याएको, सोमध्ये ४ ग्राम रू.१०,०००।- मा विष्णु थापा मगरलाई बिक्री गरेको, ३ ग्राम आफूले सेवन गरेको बाँकी २८ ग्राम बरामद भएको भनी बरामदी मुचुल्काको तथ्यसँग मेल खाने गरी बयान गरेको देखियो । बरामदी मुचुल्काको व्यहोरा र प्रहरी प्रतिवेदनको व्यहोरालाई समर्थन हुने गरी प्रहरी नायव निरीक्षक रामबहादुर थापाले अदालतमा बकपत्र गरी दिएको अवस्था रहेछ । बरामद भौतिक वस्तुमा हेरोइन पाइएको भन्ने केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको प्रतिवेदनबाट देखियो । निजसँगबाट बरामदी लागु औषधको परिमाणलाई समेत दृष्टिगत गर्दा निजले केवल सेवन प्रयोजनका लागि मात्र सो परिमाणको लागु औषध लिई राखेको भन्ने निष्कर्षमा पुग्न सकिने अवस्था नरहने ।

तसर्थ उल्लिखित तथ्य र आधार कारणबाट पुनरावेदक प्रतिवादी लागु औषधको सेवनकर्ता मात्र हुन् भन्ने पुष्टि हुन नआएकोले निज प्रतिवादी रमेश श्रेष्ठले अभियोग दाबी अनुरूप कसुर गरेको ठहर गरी निजलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को १४(१) (छ) (२) बमोजिम कैद तथा जरिवाना गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला मनासिब देखिन आयो । अतः प्रतिवादी रमेश श्रेष्ठलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ (घ) (ङ) (च) को कसुरमा सोही ऐनको दफा १४(१) को (छ) (२)बमोजिम १० वर्ष कैद र रू. ७५,०००।- जरिवानासमेत हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, पोखराको मिति २०७२।४।१७ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: आनन्दराज पन्त

इति संवत् २०७४ साल वैशाख २८ गते रोज ५ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६९-CI-०८२२, खिचोला मेटाई हक कायम गरी अंश चलन चलाई दा.खा. नामसारी गराई पाउँ, *दर्शन यादवसमेत वि. दलबहादुर यादव*

वादीले आफूले पाउने अंश हकलाई कानूनबमोजिम नै अंश मुद्दाबाट समेत स्थापित गरी सम्पत्तिमा भोग गरेको भन्ने कुरा स्वयम् प्रतिवादीहरूले स्वीकार गरी सकेपछि त्यसमा खिचोला मेटाई चलन चलाई आफ्नो नाउँमा दा.खा. नामसारी गर्न वादीले पाउने होइन भनी सारवान कानूनले निर्धारण गरेको अंश हक जस्तो नैसर्गिक विषयमा कार्यविधि कानूनको आधार देखाएर प्रतिवादीहरूले प्रतिवाद गर्न कानूनत: मिल्ने देखिन नआउने।

वादी अंशियार रहेको भन्ने कुरा स्वयम् प्रतिवादीहरूले स्वीकार गरिसकेको र अदालतबाट पनि वादीले अंश पाउने भनी फैसला भई त्यो फैसला अन्तिम भई बसेको छ । बुझिएका साक्षी चुल्हाई हरिजनले अदालतमा गरेको बकपत्र र प्रतिवादीहरूको स्वीकारोक्तीसमेतबाट वादीले २ भागको १ भाग अंश जोतभोग गरी आएका छन भनी वादी दाबीलाई पुष्ट्याई गरेको अवस्था छ । यसरी वादीले आफूले पाउने आफ्नो अंशहकमा अरूको खिचोला मेटाई आफ्नो हक कायम गराउन सक्ने नै हुँदा प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन सक्ने अवस्था नदेखिने।

अत: उल्लिखित तथ्यको विश्लेषण र प्रमाणसमेतको आधारमा वादीले आफ्नो अंशहकमा अरूको खिचोला मेटाई आफ्नो हक कायम गराउन सक्ने नै हुँदा यी वादी प्रतिवादीहरूबीच मुद्दा परी अन्तिम भई बसेको अंश मुद्दामा पेस भएको तायदाती फाँटवारीमा उल्लिखित चल अचल सम्पत्तिमध्ये दर्ता स्रेस्ता भिडेको सम्पत्तिबाट वादीलाई २ भागको १ भाग सम्पत्तिमा हक कायम गराई खिचोला मेटाई चलन चलाई दा.खा. नामसारीसमेत गराई पाउने ठहऱ्याई सुरु रूपन्देही जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०६८।२।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञप्रसाद आचार्य
कम्प्युटर : उत्तरमान राई
इति संवत् २०७३ साल भदौ १४ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CR-१५२४, नक्कली शैक्षिक प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको, *राजेन्द्र पासवान वि. नेपाल सरकार*

निज राजेन्द्र पासवानले नेपाल प्रहरीमा सेवा प्रवेश गर्दा पेस गरिएको भनिएको प्रमाण पत्र बारे बुझ्दा अदालतसमक्षको बयानमा इन्कार रहे तापनि अनुसन्धानका क्रममा भने घर परिवारको कमी कमजोरीबाट फेला परेको हो जानीजानी हैन भनी बयान गरेको पाइन्छ । विवादको मिसिल संलग्न एस.एल.सी.परीक्षाको ०२१८६ 'O' को मार्कसिटको फोटोकपीमा समेत निजकै नाम उल्लेख भइरहेको अवस्था छ । व्यक्तिगत विवरणमा समेत निजले एस.एल.सी. पास भनी उल्लेख गरी रहेको अवस्थामा सो प्रमाणपत्र निजको व्यक्तिगत फाइलमा अन्य अरू कसैले राखी दिएका हुन् त्यसमा मेरो केही स्वार्थ थिएन भन्ने जिकिर लिएको कुरालाई विश्वासयोग्य मान्न नसकिने।

कर्मचारी सिटरोल व्यक्तिगत विवरण आफैँले भरी बुझाउने, सोको एकप्रतिसँग साथमा प्रमाणित गरी राख्न सकिने र त्यसमा उल्लिखित व्यहोरा विवरणबारे अन्यथा भए सो फरक पारिएको व्यहोराबारे पुष्ट्याईसहितको प्रमाण पेस नगरेसम्म अन्यथा मान्न सकिने हुँदैन । निजको दस्तखत र हस्ताक्षरसहितको प्रहरीको सिटरोलमा समेत योग्यताको महलमा एस.एल.सी. पास भनी उल्लेख भएको अवस्था र

परिस्थितिबाट यी प्राप्त अभिलेख विवरणबारे निज अनभिज्ञ थिए भन्ने मान्न सकिने अवस्था नदेखिने ।

मिसिल संलग्न निजको वैयक्तिक नोकरी विवरण प्रहरी प्रधान कार्यालयले उपलब्ध गराएको डोसियर फाईल नै निज प्र.ना.नि. राजेन्द्र पासवानको अभिलेख फाइल भएको हुँदा उक्त फाइलसाथ संलग्न शैक्षिक योग्यता एस.एल.सी.को प्रमाणपत्रबाहेक निजले अन्य कुनै पनि शैक्षिक योग्यताको प्रमाणपत्रहरू पेस गरेको नदेखिएको र निज २०४६।०३।१५ मा प्रहरी जवान पदमा भर्ना हुँदा भरेको सिटरोलको योग्यताको महलमा एस.एल.सी. भनी उल्लेख गरेको हुँदा निजको व्यक्तिगत फाईलमा संलग्न उक्त नक्कली प्रमाण-पत्र निजले २०४६ सालमा नै पेस गरेको स्पष्ट हुन आएको देखिनाले उक्त कसुरमा साबिक भ्रष्टाचार निवारण ऐन,२०१७ नै आकर्षित हुने भई सोही ऐनको दफा १२ बमोजिमको कसुर ठहरेकोले निज प्रतिवादी राजेन्द्र पासवानलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ (२) बमोजिम रू.५००।– (पाँच सय) जरिवाना हुने ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट मिति २०७१।११।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: नगेन्द्र केशरी पोखरेल

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल पुस १२ गते रोज ३ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६९-CR-०७३९, ०६९-CR-०७६५ र ०७०-RC-००३८, कर्तव्य ज्यान, *तिलबहादुर बुढाथोकीसमेत वि. नेपाल सरकार, हर्कबहादुर बुढाथोकीसमेत वि. नेपाल सरकार र नेपाल सरकार वि. अजित देवान*

हामीलाई झुट्टा अभियोग मागदाबीबाट सफाइ दिलाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरू डिल्ली सेलिङ र तिलबहादुर बुढाथोकीको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा, निजहरूले अदालतमा बयान गर्दा मिति २०६६।५।१९ गते उक्त वारदातको समयमा वारदातस्थलमा नरहेको भनी एकै मिलान व्यहोरा लेखाएको भए पनि सोको तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि गर्न सकेको पाइँदैन । प्रतिवादी तिल बहादुर मौकामा मृतकलाई बोलाउन गएको र डिल्ली सेलिङ्गले मृतकको कपालमा समाएको र सबै प्रतिवादीहरू मिली मृतकलाई कुटपिट गरेको भनी सह-अभियुक्त हर्कबहादुर बुढाथोकीसमेतले पोली गरेको मौकाको बयान र अन्य प्रत्यक्षदर्शी तथा मौकामा कागज गर्ने व्यक्तिहरूसमेतको मौकाको कागजसमेतले निज प्रतिवादीहरूको घटनास्थलमा उपस्थिति रहेको तथ्यको पुष्टिसम्म गरेको पाइन्छ । मृतकलाई कुटपिट गरेको वा सो गर्न सहयोग गरेको भन्ने पुष्टि हुनसकेको भने देखिँदैन । यस अवस्थामा प्रतिवादीहरूको अदालतको इन्कारी बयानलाई वस्तुगतरूपमा पुष्टि हुने प्रमाण मिसिल संलग्न कागजबाट देखिन नआएकोले प्रतिवादीहरू डिल्ली सेलिङ्ग र तिल बहादुरसमेतको कुटपिटकै कारणबाट मृतकको मृत्यु भएको देखिन आई निज प्रतिवादीहरूले अभियोगपत्र माग दाबीबमोजिमको कसुर गरेको भनी अभियोग दाबीबमोजिम निज प्रतिवादीहरूसमेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं.बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई पुनरावेदन अदालत, इलामले गरेको फैसलामा सो हदसम्म सहमत हुन सकिएन । यस अवस्थामा प्रतिवादीहरूको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३)नं. बमोजिम ठहरेकाले पुनरावेदन अदालत, इलामको उक्त फैसला सो हदसम्म उल्टी भई निज प्रतिवादीहरूलाई ऐ.ऐनको ज्यानसम्बन्धी महलको १७(३) नं.बमोजिम जनही २(दुई) वर्ष ६(छ) महिना कैद हुने ।

प्रतिवादी अजित देवानको मौकाको बयानमा समेत प्रतिवादी रंगलाल बुढाथोकीले समेत कुटपिट गरेको भनी स.ज.७ मा लेखाएको देखिन आएकोमा प्रतिवादीमध्येका हर्क बहादुरले गरेको साबिती

बयानअनुरूपकै मृतकको शरीरका घाउचोटहरू देखिएको अवस्थामा प्रतिवादीहरूको अदालतको इन्कारी बयानलाई वस्तुगत रूपमा पुष्टि हुने प्रमाण मिसिल संलग्न कागजबाट देखिन नआएकोले प्रतिवादीहरूमध्येका हर्कबहादुर बुढाथोकीको मौकाको बयानमा सबै प्रतिवादीहरू भई कुटपिट गरेको भन्ने कुरा र जाहेरवालीको जाहेरी दरखास्त तथा अनुसन्धानको क्रममा भएको निजको बयानसमेतबाट प्रतिवादीहरूको कुटपिटको कारणबाट मृतकको मृत्यु भएको वस्तुगत रूपबाट देखिन आएको हुँदा प्रतिवादीमध्येका हर्कबहादुर बुढाथोकी, रंगलाल बुढाथोकी, बल बहादुर सेलिङ्ग, अजित देवान, डिल्ली सेलिङ्ग तथा तिलबहादुर बुढाथोकीसमेत भई मृतकलाई बोलाई कुटपिट गरेको कारणबाट मृतकको मृत्यु भएको देखिन आई निज प्रतिवादीहरूले अभियोग माग दाबीबमोजिमको कसुर गरेको अवस्थामा अभियोग दाबीबमोजिम प्रतिवादी हर्क बहादुर बुढाथोकी र रंगलाल बुढाथोकीसम्मलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं.बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत, इलामको फैसलालाई अन्यथा भन्न नमिल्ने।

प्रत्यक्षदर्शी तथा मौकामा कागज गर्ने व्यक्तिहरूसमेतको मौकाको कागजसमेतले निज प्रतिवादीहरू वारदातस्थलमा उपस्थित रहेको सम्म पुष्टि भएको देखिन्छ । यी प्रतिवादीहरू बलबहादुर सेलिङ्ग र अजित देवान वारदातस्थलमा उपस्थितसम्म देखिएको, मृतकलाई कुटपिट गरेको वा सहयोग गरेको भन्ने पुष्टि हुनसकेको नदेखिँदा पुनरावेदन अदालत, इलामबाट प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) बमोजिमको कसुर ठहऱ्याई ऐ. ऐनको ज्यानसम्बन्धी महलको १३(३) बमोजिमको सजाय गरेको फैसलामा सहमत हुन सक्ने देखिएन। यस अवस्थामा प्रतिवादीहरूको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम ठहरेकाले पुनरावेदन अदालत, इलामको उक्त फैसला सो हदसम्म उल्टी भई निज प्रतिवादीहरूलाई ऐ. ऐनको ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम जनही २(दुई) वर्ष ६(छ) महिना कैद हुने।

माथि विवेचित तथ्य, प्रमाण, कानून एवम् मिसिल संलग्न कागजातहरूबाट प्रतिवादीहरू हर्कबहादुर बुढाथोकी र रंगलाल बुढाथोकीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम जन्मकैदको सजाय हुने गरी भएको पुनरावेदन अदालत, इलामको मिति २०६९।८।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । तिलबहादुर बुढाथोकी र डिल्ली सेलिङको हकमा पुनरावेदन अदालत, इलामले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) बमोजिम जन्मकैद हुने ठहऱ्याएको फैसला केही उल्टी भई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) बमोजिम जनही २ वर्ष ६ महिना कैद हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरू तिलबहादुर बुढाथोकी, डिल्ली सेलिङ्ग, रंगलाल बुढाथोकी र हर्कबहादुर बुढाथोकीको पुनरावेदन जिकिर पुग्न सक्तैन । त्यस्तै, प्रतिवादीहरू डिल्ली सेलिङ्ग र अजित देवानका हकमा पुनरावेदन नपरी साधकमा दर्ता रहेको हुँदा पुनरावेदन अदालत, इलामको मिति २०६९।८।१९ को फैसला केही उल्टी भई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) बमोजिम जनही २ वर्ष ६ महिना कैद हुने।

इजलास अधिकृत : विमला पौडेल

कम्प्युटर अपरेटर : उत्तरमान राई

इति संवत् २०७३ साल मङ्सिर १९ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६६-CI-१०४९, अंश दर्ता, *कृष्ण बहादुर श्रेष्ठ वि. कलावती देवी*

सुरू महोत्तरी जिल्ला अदालतले गरेको फैसलालाई पुनरावेदन अदालत, जनकपुरले सदर गरी इन्साफ गरेको र पुनरावेदकलाई पत्नी कलावतिको काजक्रिया कर्म गर्न लगाउनु भनी निर्देशनसमेत दिई फैसला भएको अवस्था छ । सुरू अदालतले गरेको फैसलाउपर पुनरावेदन अदालतले पुनरावेदन सुनी फैसला गर्दा जुन फैसलाउपर पुनरावेदन सुनेको छ सो फैसला र पुनरावेदनको फैसलामा मेल नखाई सो

फैसलामा असर पर्न गयो वा पूर्ण वा आंशिक उल्टी हुन गयो भने मात्र तात्विक भिन्नता पर्न गएको मनिने हुन्छ । केबल पुनरावेदन अदालतले पुनरावेदकलाई पत्नी कलावतिको काजक्रिया कर्म गर्न लगाउनु भनी निर्देशन दिँदैमा सुरू महोत्तरी जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, जनकपुरको फैसलामा तात्विक भिन्नता देखिएको भनी मान्न नमिल्ने ।

प्रस्तुत मुद्दाको मूल विवादको विषय भनेको अंश पाउने वा नपाउने हो । अंश पाउने गरी जिल्ला अदालतबाट फैसला भएको र सोलाई पुनरावेदन अदालत, जनकपुरबाट सदर गरेको अवस्था हुँदा जिल्ला अदालत र पुनरावेदन अदालतको फैसला एउटै देखियो । जिल्ला अदालतको फैसला केही वा पूरै उल्टी भएको अवस्था नै नभएकोमा न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) ले पुनरावेदन लाग्ने परिकल्पना गरेको छैन । जिल्ला अदालतको फैसलामा उल्लेख नभएको मिति २०६५।१२।२५ मा मृत्यु भएकी वादीको हकमा क्रियाकर्म गराइदिनु भनी पुनरावेदन अदालतको आफ्नो फैसलामा उल्लेख गरेको आधारमा मूल अंशको विवादमा जिल्ला अदालतबाट भएको फैसला पुनरावेदन अदालतबाट सदर गरिरहेको अवस्थामा पुनरावेदन लाग्छ भन्नु कानूनसम्मत नहुने ।

अत: माथि विवेचित तथ्य, कानून र आधारसमेतबाट सुरू महोत्तरी जिल्ला अदालतको मिति २०६३।२।२० को फैसलालाई सदर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६६।२।५ को फैसला न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) बमोजिम तात्विक अन्तर पर्ने नदेखिएको हुँदा पुनरावेदनको रोहमा दर्ता भएको प्रस्तुत पुनरावेदन पत्र खारेज हुने ।

इजलास अधिकृत: यज्ञप्रसाद भट्टराई

इति संवत् २०७३ साल मङ्सिर ८ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री प्रकाशमान सिंह राउत,** ०६७-CR-५६७, जालसाजी, *राम नारायण थारूसमेत वि. मिना कठरिया थारूसमेत*

मिति २०६४।९।१२ मा वादीहरूले हालैको बकसपत्र लिखतको नक्कल सारी थाहा पाई मुलुकी ऐन, कीर्ते कागजको १८ नं. को हदम्यादभित्र फिराद लिई अदालत प्रवेश गरेको तथ्य फिराद लेखबाट देखिन्छ । सो थाहा पाएको मितिले ६ महिनाभित्र दायर गरेको फिरादवादबीलाई कीर्ते कागजको १८ नं. को हदम्याद भित्रकै मान्नु पर्ने हुन्छ । वादीहरू प्रतिवादी रामनारायण थारूको श्रीमती छोरा छोरी नाताका व्यक्ति भएकोमा विवाद छैन । निजहरूबीच अंशबन्डा भएको अवस्थासमेत छैन । प्रतिवादी रामनारायणका नाउँमा दर्ता स्रेस्ता कायम रहेका सम्पतिमा वादीहरू एकासगोलका अंशियारहरूको समेत हक पुग्ने सम्पति भएको कुरामा वादी प्रतिवादीहरूबीच मुख मिलेको अवस्था हुँदा र प्रतिवादी राम नारायणले घर व्यवहार चलाउन बिक्री व्यवहार गरेको अवस्था नभई रिजगुणबापत आफ्नी बहिनी बसन्ती थारूलाई हालैको बकसपत्र लिखत पारित गरी दिने लिने गरी पुनरावेदक प्रतिवादीहरूले गरेको कार्य घर व्यवहार गर्न गरेको हो भन्न मिल्ने नदेखिई त्यस्तो कार्यले वादीहरूको सम्पतिको अधिकारमा प्रत्यक्ष असर परेको देखिन्छ । सो कार्यलाई कीर्ते कागजको ३ नं. को "लेखिएबाहेक अर्काको हक मेट्ने, हदम्याद तारेख जाने वा कुनै तरहसँग नोक्सान पार्ने इत्यादि जुनसुकै मतलबले होस नगरे नभएको झुठ्ठा कुरा गरे भएको हो भनी वा मिति अङ्क वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागज बनाए वा बनाउन लगाएमा समेत जालसाजी गरेको ठहर्छ ।" भन्ने प्रावधानअनुसार जालसाजपूर्ण मान्नुपर्ने ।

मुलुकी ऐन, दानबकसको १ नम्बरमा आफ्नो हक पुग्ने सम्पत्ति दान वा बकस गरी दिन हुन्छ । सोबमोजिम दान वा बकस गरी दिँदा हकवालालाई बकस भनी र अरूलाई दान वा बकस जुन व्यहोराले दिए पनि हुन्छ । आफ्नो खुस गर्न पाउनेबाहेक अरूमा अंशियार र हक पुग्नेहरूको मन्जुरीको लिखत नलिई वा साक्षी नराखी दान बकस गरिदिन हुँदैन भन्ने कानूनी

व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी व्यवस्थाअनुसार आफूखुश गर्न पाउनेबाहेक अरू सम्पत्ति अंशियारको र हक पुग्नेहरूको मन्जुरी लिएर मात्र दान वा बकस गर्न पाउँछ । अंशियार र हक पुग्नेलाई साक्षी नराखी वा मन्जुरीको लिखत नलिई दान वा बकस गरिदिन पाउँदैन अथवा आफूमा नभएको हक हस्तान्तरण गर्न सक्तैन।

प्रस्तुत मुद्दामा विवादको लिखत पारित हुँदाको अवस्थामा वादीहरू सुखरानी, मिना, महारानी, वैजनाथ, गमोतरी र प्रतिवादी रामनारायण गरी जम्मा ६ जना अंशियार कायम देखिँदा लिखत पारित हुँदा नजन्मेकी हेमकलाको १ भागबाहेक गरी ६ भागको ५ भाग मात्र लिखत जालसाज भई निष्क्रिय हुने देखिएकोले सुरु रूपन्देही जिल्ला अदालतको मिति २०६६/३/२ को फैसला सो हदसम्म केही उल्टी हुने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको फैसलालाई अन्यथा भन्न नमिल्ने सदर हुने।

इजलास अधिकृत: बिमला पौडेल

कम्प्युटर : सबिना अधिकारी

इति संवत् २०७३ साल मङ्सिर १९ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CI-१०४२, अंश, *तुलसी यादव वि. कैची अहिरनी*

प्रस्तुत मुद्दा अंश मुद्दा रहेको र मुलुकी ऐन, अंशबन्डाको ३२ नं.ले अंश मुद्दामा वादीले तारेख गुजारे पनि मुद्दा डिसमिस नगरी ठहरेबमोजिम फैसला गर्नुपर्छ भन्ने व्यवस्था रहेको छ। अंश मुद्दा फिर्ता लिने विभिन्न कारण हुन सक्छ। मिलापत्र गर्ने हिसाबले पनि मुद्दा फिर्ता लिएको हुन सक्छ । मूल कुरा अंश पायो वा पाएन भन्ने मिल्दैन । निजहरूले अंश पाएको भन्ने कतैबाट पनि नदेखिँदा निजहरूलाई अंशबाट बन्चित गर्न नमिल्ने हुँदा पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । तसर्थ पुनरावेदन अदालतबाट ०६७-DP-००५१ को अंश नामसारी मुद्दामा ८ अंशियारमध्ये ७ अंशियार एकासगोलको कायम हुने ठहऱ्याई अंशको निर्धारण गरी फैसला गरेको र सोही मुद्दामा उल्लेख भएको सम्पत्तिबाट ७ भागको आफ्ना पिताहरूको अंश भागमा पर्न आउने सम्पत्तिबाट वादीहरूले हरदेवको भागमा पर्ने सम्पत्तिमा २ भाग गरी १/१ भाग सम्पत्ति वादी तुलसी र राजेन्द्र तथा टाँसेको अंश भागमा पर्ने सम्पत्तिमा ३ भाग गरी आमा कौशिल्याको १ भाग सम्पत्ति परसारी १/१ भाग सम्पत्ति वादी मुराली र जगदीशले प्रतिवादीबाट अंश पाउने ठहऱ्याई गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न नसकिने।

माथि विवेचित तथ्य, प्रमाण र आधारहरूसमेतबाट ५ अंशियार कायम गरी वादीहरूले हरदेवको भागमा पर्ने सम्पत्तिबाट २ भाग गरी १/१ भाग सम्पत्ति तुलसी र राजेन्द्र तथा टाँसेको अंश भागमा पर्ने सम्पत्तिमा ३ भाग गरी आमा कौशिल्याको सम्पत्ति पर सारी १/१ भाग सम्पत्ति वादी मुराली र जगदीशले प्रतिवादीबाट अंश पाउने ठहऱ्याई सुरु नवलपरासी जिल्ला अदालतबाट भएको मिति २०६६।१०।५ को फैसला केही उल्टी हुने ठहऱ्याई ७ अंशियार कायम गरी आफ्ना पिता हरदेवको भागमा पर्न आउने सम्पत्तिबाट २ भाग गरी १/१ भाग सम्पत्ति वादी तुलसी र राजेन्द्र तथा टाँसेको अंश भागमा पर्ने सम्पत्तिमा ३ भाग गरी आमा कौशिल्याको १ भाग सम्पत्ति पर सारी १/१ भाग सम्पत्तिबाट मुराली र जगदीशले प्रतिवादीबाट अंश पाउने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलबाट भएको मिति २०६८।२।८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: यज्ञप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल मंसिर ८ गते रोज ४ शुभम्।

## इजलास नं. ११

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७२-WO-०५९२, उत्प्रेषण,

*निरजकुमार यादव वि. त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान डिनको कार्यालयसमेत*

यस अदालतबाट जारी भएको अन्तरिम आदेश कार्यान्वयन भई रिट निवेदक विपक्षी कलेजमा एमबिबिएस तहमा भर्ना भई नियमितरूपमा अध्ययन गरिरहेको भन्ने विपक्षीहरूको लिखित जवाफ तथा मिसिल संलग्न अन्य कागजातहरूबाट देखिएको हुँदा निवेदकतर्फका विद्वान् अधिवक्ताको बहसका क्रममा व्यक्त गर्नु भएजस्तो अब नियमित अध्ययन गरिरहेका विद्यार्थीहरूको हकहित प्रतिकूलका कार्य विपक्षीहरूबाट हुनसक्ने अवस्थासमेत विद्यमान नभएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु पर्ने अवस्था देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल साउन ३२ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०७२-WO-०५९३, उत्प्रेषण, विवेश कोजु वि. *त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान डिनको कार्यालयसमेत*

## इजलास नं. १२

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६९-WO-०५८९, उत्प्रेषण, *केशवलाल खोसी वि. मनकामना विकास बैंक लिमिटेड*

बैंकबाट कर्जा कारोबार गरेपछि सर्त सम्झौताबमोजिमको ब्याज तथा किस्ता बुझाउनु पर्ने दायित्व ऋणिको हुन्छ । यसरी आफ्नो दायित्व पूरा नगर्ने ऋणिको धितो सुरक्षणमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गरी बैंकले साँवा ब्याज असुलउपर गर्न मिल्ने नै देखियो । यसरी कानूनले तोकेको कार्यविधिको अवलम्बन गरी अधिकारप्राप्त अधिकारीले कानूनबमोजिम गरेको निर्णयलाई अन्यथा भन्न मिल्ने नदेखिने ।

निवेदन दर्ता भइसकेपछि यिनै निवेदकले यही विवादित लिलाम कारबाहीसमेत बदर गरिपाउँ भनी मिति २०७२।६।२४ मा ललितपुर जिल्ला अदालतमा फिराद दायर गरी कारबाहीयुक्त अवस्थामा रहेको भन्ने देखियो । यसरी कानूनबमोजिम निर्णय गर्न बाँकी नै रहेको अवस्थामा रिट निवेदनबमोजिम आदेश जारी गर्न मिल्ने देखिँदैन । साथै यही विवादित लिलाम बदर गरिपाउँ भनी निवेदकका पत्नी जयन्ती खोसीसमेतले दर्ता गरेको लिलाम बदर मुद्दासमेत दाबी नपुग्ने ठहरी सुरू ललिलतपुर जिल्ला अदालत र पुनरावेदन अदालत, पाटनबाट फैसला भएको छ । सो फैसलाउपर मुद्दा दोहोऱ्याई पाउँ भनी दिएको निवेदनमा आज यसै इजलासबाट निस्सा प्रदान गर्न मिलेन भनी आदेश भएको छ । यस्तो अवस्थामा प्रस्तुत रिट निवेदन जिकिरबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिने ।

अतः माथि विवेचित आधार प्रमाणबाट जिल्ला अदालतमा दायर रहेको मुद्दाबाट प्रमाण बुझी कानूनबमोजिम विवादको विषयमा निर्णय हुने नै हुँदा रिट निवेदन क्षेत्रबाट अदालतको विचाराधीन विषयलाई अनुकूल वा प्रतिकूल असर पर्ने गरी रिट क्षेत्रबाट निर्णय गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल माघ २४ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६९-CR-०७३०, कर्तव्य ज्यान, *धनबहादुर भुजेल वि. नेपाल सरकार*

घटनास्थल छेउमा काम गर्ने, प्रतिवादीहरूसँग चिनजान रहेको, जाहेरी र अभियोगपत्रमा उल्लेख गरेको ठेगानालाई अन्यथा नभनी स्वीकार गरिरहेको र सह अभियुक्त अर्जुन बलामीले प्रतिवादी गामा भुजेलसमेत ५ जना भई संजय शाहीलाई तह लगाउनुपर्छ भन्ने

सल्लाह गरी निजलाई गोदाममा रहेको मासु पेल्ने मेसिनको टाउकोले मैले टाउकोमा हानेँ, तिखे राईले फलामको डण्डीले हान्यो, विनोद भन्ने गामा भुजेलले ईटले र लात्तीले हान्यो भनी घटनामा निजको भूमिका उल्लेख गरी पोल गरेको स्थितिमा विनोद भन्ने गोमा भुजेल म होइन भन्ने प्रतिवादीको भनाई विश्वासलायक देखिन नआउने।

अतः पुनरावेदक प्रतिवादी धनबहादुर भुजेललाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुरमा ऐ. १३(३) नं.बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहर गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।१०।२ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।९।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जीवनकुमार भण्डारी
कम्प्युटर : यामप्रसाद रेग्मी
इति संवत् २०७३ साल फागुन ४ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६९-CR-०९१७, कर्तव्य ज्यान, *निरराज दनुवार राई वि. नेपाल सरकार*

मृतककी श्रीमती प्रतिवादी कि सहोदर छोरी पार्वती थापाले प्रतिवादी आफ्नो बाबु नाताको भएको कारणले पनि अन्यथा व्यहोराको बकपत्र गरेपनि उक्त बकपत्र मिसिलको वस्तुस्थितिसँग असङ्गत देखिएकोले उक्त बकपत्र एकातर्फ विश्वासनीय देखिँदैन भने अर्कोतर्फ मृतकको मृत्यु कर्तव्यबाट भएको र सो आफूले गरेको भनी प्रतिवादी स्वयम् मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष साबिती भई जाहेरी, लास जाँच प्रकृति मुचुल्कालाई प्रतिवादीको मौकाको साबितीले समर्थन र पुष्टि गरेको हुँदा उक्त कर्तव्य यीनै प्रतिवादीबाट नै हुन गएको भन्ने पुष्टि हुन आउँछ। त्यसरी नै प्रतिवादीले घटनामा आफू संलग्न थिइन भनी कसुरलाई इन्कार गरी अदालतमा बयान गरेको देखिए तापनि मृतक कोठामा एक्लै रहेको र श्रीमती माइत गएको अवस्था हुँदा यी प्रतिवादीले ज्वाइँलाई दशैँमा नल्याउनु भनी प्रतिवादी बावुले भनेको भनी छोरीले बताएको अवस्थालाई पुष्टि गर्दछ। घटनामा प्रतिवादीले प्रयोग गरेको भनी मौकाको बयानमा उल्लेख गरेको वियरका सीसी, स्टोभ, चक्कु घटनास्थलबाट दशीको रूपमा बरामद भएको प्रत्यक्ष, वस्तुगत एवम् परिस्थितिजन्य प्रमाणसमेतले आरोपित कसुर यिनै प्रतिवादीले गरेको भन्ने पुष्टि हुन आउने।

तसर्थ, सुरू काठमाडौं जिल्ला अदालतले प्रतिवादी कालु प्रताप भन्ने निरराज दनुवार राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहरी भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।१०।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जीवनकुमार भण्डारी
कम्प्युटर : यामप्रसाद रेग्मी
इति संवत् २०७३ साल फागुन ४ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६९-CR-०५३१ र ०७२-RC-००८०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लालमन घर्ती र नेपाल सरकार वि. सेतबहादुर पुन*

प्रतिवादी सेतबहादुर पुन आफूले M-16 राईफलबाट मृतक टेकबहादुर बुढालाई प्रहार गरी मारेको भनी अदालतमा नै भएको साबितीलाई बरामद खोका M-16 राइफलको नै हो भनी विधिविज्ञान प्रयोगशालाबाट भएको परीक्षण प्रतिवेदनलगायत जाहेरवाला अदालतमा उपस्थित भई गरेको किटानी बकपत्रसमेतले समर्थन गरेको देखिँदा प्रतिवादी सेतबहादुर पुनकै गोली प्रहारबाट मृतक टेकबहादुर घर्तीको मृत्यु भएको पुष्टि हुन आउने।

प्रतिवादी लालमन घर्तीसँग हतियार पनि रहेको, निजले हतियार पनि प्रयोग नगरेको र निजको साथमा रहेको भनिएको खुकुरीसमेत वारदातमा प्रयोग नभई यी प्रतिवादी केवल गोली प्रहार गर्ने अर्को

प्रतिवादी सेतबहादुर पुनले गोली प्रहार गर्दा सँगसाथमा रहेको अवस्थासम्म देखिन आए पनि निजले मृतकलाई मार्नमा प्रत्यक्ष कुनै कर्तव्य गरेको नदेखिँदा वारदातको समयमा निज घटनास्थलमा उपस्थितसम्म रहेको अवस्थामा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(१) नं.बमोजिम दश वर्ष कैद गर्ने गरेको सुरू रोल्पा जिल्ला अदालतको फैसलालाई केही उल्टी गरी ऐ. को १७(३) नं.बमोजिम तीन वर्ष कैद गर्ने गरेको पुनरावेदन अदालत, दाङ तुलसीपुरको फैसला मिलेकै देखिन आउने।

तसर्थ उल्लिखित बुँदा प्रमाणबाट प्रतिवादी लालमन घर्ती वारदातस्थलमा उपस्थितसम्म रहेको सह-प्रतिवादी सेते भन्ने सेतबहादुर पुनले मृतकलाई गोली हान्दा हेरिरही रोक्ने प्रयाससम्म गरेको नदेखिँदा निजलाई ज्यानसम्बन्धी महलको १७(१) बमोजिम १० वर्ष कैद गर्ने गरी सुरू रोल्पा जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी ऐ. को १७(३) बमोजिम ३ वर्ष कैद गर्ने गरी र प्रतिवादी सेते भन्ने सेतबहादुरले आरोपित कसुर गरेको प्रमाणित हुँदा ज्यानसम्बन्धी महलको १३(१) बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय गर्ने गरी साधक जाहेर गरेको सुरूको फैसलालाई सदर गरी साधक जाहेर गरेको पुनरावेदन अदालत, दाङको ०६९।३।४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जीवनकुमार भण्डारी
कम्प्युटर : यामप्रसाद रेग्मी
इति संवत् २०७३ साल फागुन ४ गते रोज ४ शुभम्।

## इजलास नं. १३

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६९-WO-०८२८, उत्प्रेषण / परमादेश, *चन्द्रप्रसाद गनगाईसमेत वि. देवेन्द्रबहादुर बस्नेतसमेत*

निवेदक ऋणीले ऋण लिँदा कि.नं. २ र ३ को ०-१०-४-५ जग्गा धितो राखेको र ऋणको साँवा ब्याज नतिरे धितो जमानत राखेको जेथाबाट असुलउपर गर्न मन्जुर गरी ऋण लिएको देखिन्छ । लिएको ऋणको व्यहोर्नु पर्ने दायित्व निज ऋणी साझा सहकारी संस्थाले नब्यहोरे पछि अर्थात् ऋणको साँवा ब्याज बैंकलाई नबुझाए पछि ऋण प्रवाह गर्ने बैंकले दिएको ऋण असुल गरी लिन धितो जमानतमा राखिएको जेथाबाट नै ऋण असुली गर्न सक्ने।

ऋणी संस्थासँग बैकले पटकपटक गरेको पत्राचारसमेतलाई बेवास्ता गर्दै निजले आफ्नो दायित्व पूरा नगरी बैंकको सम्पर्कमा नै नआएपछि विपक्षी बैंकले ऋणको साँवा ब्याजको रकम बुझाउन कानूनबमोजिम विभिन्न मितिमा पत्राचार गर्दै मिति २०५५।७।२६ मा राष्ट्रियस्तरको पत्रिका नेपाल समाचारपत्र दैनिकमा निज ऋणीलाई कर्जा बुझाउन ल्याउनु भनी ३५ दिने सार्वजनिक सूचना गरेको कुरामा प्राकृतिक न्यायको सिद्धान्तविपरीत लिलाम भएको भन्ने निवेदकहरूको भनाईमा कुनै सत्यता देखिँदैन । यति मात्र होइन, सार्वजनिक सूचना प्रकाशित भएपछि बैंकको पत्र सहित उक्त सूचना संस्थाका उपाध्यक्षसमेतले बुझी सो म्यादभित्र ऋणको साँवा ब्याज नबुझाई बसेको देखिन्छ । उक्त राष्ट्रिय पत्रिकामा लिलाम बिक्रीको सूचना प्रकाशित भएपश्चात् सो तोकिएको मितिमा कसैको पनि डाँका लिलाम नपरेपछि बैंकले मूल्याङ्कन गरेबमोजिमको मूल्य रू.१२,००,०००।- मा उक्त धितो राखेको जेथा बैंक आफैँले सकार गरिलिएको देखिन्छ । सोपश्चात् बैंकबाट निवेदक संस्थालाई उक्त १२,००,०००।- बैंकलाई बुझाई उल्लिखित जग्गा फुकुवा गरी संस्थाकै नाममा लैजान र बाँकी साँवा ब्याज रू.२४,४६,२६१।- समेत बुझाई आवश्यक सहयोग गर्नुहुन भनी निवेदक संस्थालाई पत्राचार गरेकोमा सो पत्र बुझी संस्था बैंकमा सम्पर्क गर्न आएको समेत नदेखिने।

लिलामसम्बन्धी कारबाहीको सार्वजनिक सूचना पत्रिकामा प्रकाशित गरी डाँक लिलाम बढाबढद्वारा डाँक बोल्ने प्रनिल सप्लायर्सलाई लिलाम गरेको तथ्यलाई अन्यथा भन्ने अवस्था पनि

देखिँदैन। त्यसमा पनि यस्तो लिलामको डाँक नेपाली नागरिक जो जसले पनि बोली लिन सक्ने हुँदा प्रत्यर्थी प्रनिल सप्लायर्सका प्रो. देवेन्द्रबहादुर बस्नेतले सबैभन्दा बढी डाँक बोली लिलाम जग्गा स्वीकारेकोलाई गैरकानूनी भन्न पनि नहुने।

पहिले आफूले बैंकमा धितो जमानी दिँदा कति मूल्य कायम गरी जेथा दिएको हो सो मूल्यभन्दा कम मूल्याङ्कन भएको भन्ने अवस्था छैन । जहाँसम्म चलनचल्तीको वा रजिष्ट्रेशन प्रयोजनको लागि तोकिएको न्यूनतम् मूल्यभन्दा कम भयो भन्ने जिकिर लिएको छ त्यसतर्फ हेर्दा मूल्याङ्कनको आधारमा मात्र लिलाम गर्नुपर्ने भन्ने बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०५८ तथा बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ मा व्यवस्था गरेको देखिँदैन । त्यसमा पनि विभिन्न मितिमा सार्वजनिकरूपमा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा बोलपत्र आह्वान बढाबढ गरी लिलाम गरिएको अवस्थामा त्यस्तो न्यूनतम् मूल्य कायम गरिएको अङ्कको प्रभावकारी भूमिका पनि रहँदैन। तसर्थ धितो राखिएको जेथा जग्गाको कम मूल्याङ्कन भएको भन्ने नहुँदा अन्यायपूर्ण र गैरकानूनी ढंगले मूल्याङ्कन गरी लिलाम भएको भन्ने जिकिरसँग सहमत हुने अवस्था नरहने।

साथै निवेदकहरूले साधारण अधिकार क्षेत्रअन्तर्गत लिलाम बदरको प्रक्रियासमेत अपनाएको देखिँदैन । यी निवेदकहरू लिलाम बदरको लागि सम्बन्धित जिल्ला अदालतमा उजुर लिई जान सक्ने र सो अदालतबाटै प्रमाणको मूल्याङ्कन गरी विवादको निरूपण हुने वैकल्पिक उपचारको मार्ग हुँदाहुँदै असाधारण अधिकारक्षेत्रबाट बोल्न मिल्ने पनि हुँदैन। साधारण अधिकारक्षेत्रबाट विवाद समाधान गर्न सकिने वैकल्पिक उपचारको विद्यमानता भएसम्म अदालतले असाधारण अधिकारक्षेत्रको माध्यमबाट हस्तक्षेप गर्न मिल्ने पनि नदेखिने।

तसर्थ उल्लिखित विवेचित आधार कारणबाट यी रिट निवेदक साझा संस्था लिमिटेडले कि.नं. २ र ३ को क्रमशः ०-६-० र ०-४-५ का जग्गाहरू धितो दिई विभिन्न मितिमा कृषि विकास बैंक शाखा कार्यालय, रंगेली, मोरङबाट विभिन्न शिर्षकमा ऋण लिएपछि भाखाको अवधिभर सम्पर्कमा नै नआई कुनै खोजखबर नगरी साँवा ब्याज तिर्न नगएको अवस्थामा बैंकले लिएको ऋण बुझाउन ल्याउन पटक-पटक पत्राचार गर्दासमेत बेवास्ता गरेकोले कानूनी प्रक्रिया पुऱ्याई राष्ट्रिय स्तरका पत्रिकामा ऋण बुझाउन आउने भन्ने सूचना प्रकाशित गर्दासमेत ऋणी साझा सहकारी संस्था लिमिटेडका यी निवेदकहरूसमेतले कुनै खोजखबर र चासो नदेखाई बसेपछि मिति २०५५।७।२६ गते नेपाल समाचारपत्र दैनिकमा ३५ दिने सूचना प्रकाशित भएकोमा पुनः मिति २०५९।५।१४ मा हिमालय टाइम्स दैनिकमा धितो लिलाम हुने मिति २०५९।३।३० भनी सार्वजनिक सूचना प्रकाशित गरेको देखिन्छ। सो मितिमा कसैको डाँक बढाबढको बोलपत्र नपरेको हुँदा मूल्याङ्कनबमोजिम बैंकले सकार गरेको र निवेदकलाई पुनः ६ महिनाभित्र बैंकले सकार गरेको मूल्य रकम बुझाउन आह्वान गरी पत्राचार गरेको देखिन्छ । सो सूचनाको समयावधिमा समेत बैंकको ऋणको साँवा तिर्ने बुझाउनेतर्फ रतिभर चासो नदिई यी निवेदकहरू बसेबाट बैंकले गैरबैंकिङ सम्पत्तिको रूपमा सात वर्षपश्चात् मिति २०६६।८।१७ मा नेपाल समाचार पत्रमा सूचना प्रकाशित गर्दासमेत कसैको पनि बोलपत्र परेको देखिँदैन। सोपश्चात् मिति २०६७।५।२४ को नयाँ पत्रिका दैनिकमा धितो लिलाम हुने मिति २०६७।६।१४ भनी सार्वजनिक सूचना प्रकाशित गरेको देखिन्छ। सो सूचनाको समयावधिमा समेत बैंकको ऋणको साँवा ब्याज तिर्ने बुझाउनेतर्फ यी ऋणी निवेदकहरूले कुनै चासो नदिएकाले उक्त धितो राखिएको जग्गा कानूनी प्रक्रिया पुऱ्याई लिलाम बढाबढ हुँदा कानूनी प्रक्रियाबमोजिम विधिसम्मत तबरबाट धितो जग्गा लिलाम बढाबढमा विपक्षीमध्येका प्रनिल सप्लायर्सका प्रोपाइटर देवेन्द्रबहादुर बस्नेतले बढी मोलमा बढाबढ सकार गरेको भई निजका नाममा दा.खा. दर्तासमेत भइसकेपछि हाल आएर यी ऋणी

निवेदकहरूले बैंकको ऋण प्रक्रियालाई निष्प्रभावी र निस्तेज तुल्याउने गरी विलम्ब गरी लामो समयपश्चात् साधारण अधिकारक्षेत्रको नियमित प्रक्रियाबाट विचलित भई असाधारण अधिकारक्षेत्र ग्रहण गरी दिएको निवेदनबाट निवेदकहरूको संवैधानिक हक अधिकारमा आघात पुगेको भन्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल वैशाख १७ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-११२३, प्रतिलिपि अधिकार उल्लङ्घनसम्बन्धी, *नेपाल सरकार वि. श्याम श्रेष्ठ*

बरामदी मुचुल्काको रोहबरमा सही गर्ने साक्षीहरू अदालतबाट झिकाउँदासमेत अदालतमा आई बकपत्र गर्न उपस्थित भएका छैनन्। उक्त बरामदी मुचुल्काको न्यायिक परीक्षण हुन सकेको देखिँदैन। प्रतिवादी श्याम श्रेष्ठले बरामदी मुचुल्का आफू नभएको समयमा गरिएको र सो मुचुल्कामा उल्लिखित डबिङ सि.डि. चक्का आफ्ना नभएको भनेको अवस्थामा सो परीक्षण नभएको बरामदी मुचुल्कालाई प्रतिवादीका विरूद्ध प्रमाण लगाउन मिल्ने अवस्था नदेखिने।

बरामद गरिएका भनिएका सि.डि. चक्का र कम्प्युटर चेक जाँच गर्ने संस्था नवदुर्गा ट्रेड कन्सर्नको आधिकारिकताको बारेमा बुझ्दा सो संस्था आधिकारिक संस्था नभएको भनी वादी पक्ष जिल्ला सरकारी वकिल कार्यालयको च.नं. १०३४ मिति २०६८।२।४ को पत्रबाटै लेखि आएको अवस्थामा अनधिकृत संस्थाबाट जाँच भएको प्रतिवेदनलाई फौजदारी मुद्दामा प्रमाण मानी सजाय गर्नु न्यायोचित देखिँदैन। अन्य मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीको इन्कारी बयानलाई समर्थन गरी रहेको अवस्थामा न्यायिक परीक्षण नगराइएको बरामदी मुचुल्का र अनधिकृत संस्थाबाट जाँच भई आएको प्रतिवेदनलाई मात्र आधार मानी प्रतिवादीलाई प्रतिलिपि अधिकार उल्लङ्घन गरेको भनी दोषी करार गरी सजाय गर्नु न्यायोचित नदेखिँदा अभियोग दाबीअनुसार सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर कानूनसम्मत नदेखिई प्रतिवादी श्याम श्रेष्ठलाई अभियोग दाबीबाट सफाइ दिएको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, दिपायलको फैसला मिलेकै देखिने।

प्रतिवादीले आफू नभएको समयमा बरामदी मुचुल्का गरिएको र सो मुचुल्कामा उल्लिखित डबिङ सि.डि. चक्का आफ्नो नभएको भनी बयान गरेको साथै उक्त बरामदी मुचुल्काको रोहबरमा बस्ने ब्यक्तिको परीक्षणसमेत भएको देखिँदैन। डबिङ सि.डि. चक्काहरू यी प्रतिवादीले नै डबिङ गरी बिक्री वितरण गरेको भन्न आफ्नो अभियोग दाबी वादीले प्रमाणित गर्न सकेको नदेखिँदा प्रतिवादीले CPU आफ्नो भनी स्वीकारेको कारणले मात्र निजलाई दोषी करार गर्न फौज्दारी न्यायको सिद्धान्तले समेत मिल्ने नदेखिने।

अतः उल्लिखित विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादी श्याम श्रेष्ठ निर्दोष देखिँदा निज प्रतिवादीलाई आरोपित कसुरबाट सफाई दिने ठहर्‍याई कैलाली जिल्ला अदालतबाट मिति २०६८।३।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, दिपायलबाट मिति २०६९।३।६ मा भएको फैसला मिलेकै देखिँदा यस अदालतबाट मिति २०७०।७।२० मा प्रदान गरिएको निस्सासँग सहमत हुन सकिएन। पुनरावेदन अदालत, दिपायलको मिति २०६९।३।६ मा भएको फैसला सदर हुने।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

इति संवत् २०७४ साल वैशाख २१ गते रोज ५ शुभम्।

## इजलास नं. १४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६८-CR-१२३७, ०६९-

RC-००१५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कुमार लिम्बू र नेपाल सरकार वि. कुमार लिम्बू*

मृतकको मृत्युको कारण, अवस्था र परिस्थितिलाई समेत विचार गर्दा घटनास्थल प्रकृति मुचुल्का, मौकामा बुझिएका मानिसहरू र शव परीक्षण प्रतिवेदनसमेतका आधारमा निजको मृत्यु यी पुनरावेदक प्रतिवादीको टोकाइका कारण उत्पन्न घाउ चोटमा भएको संक्रमणबाट भएको कुरालाई समर्थन हुने गरी चिकित्सकले सुरू अदालतमा समेत उपस्थित भई बकपत्रसमेत गरिदिएको पाइन्छ। उपर्युक्त कानूनी व्यवस्था र मिसिल संलग्न तथ्य र प्रमाणबाट मृतकको मृत्युको कारण यकिन गर्न नसकिए पनि यी प्रतिवादीका चोट पीडाका कारण मृत्यु भएको होइन भनी भन्न सकिने अवस्था देखिएन। मारेको वा मरेको कारण यकिन नभएको अवस्थामा ज्यान मार्ने व्यक्तिलाई जन्मकैदसम्म हुने कानूनी व्यवस्थालाई मध्यनजर गरी निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.बमोजिम जन्मकैदसम्म मात्र हुने गरी सुरू सुनसरी जिल्ला अदालतको र सोही फैसला सदर हुने गरी पुनरावेदन अदालत, विराटनगरबाट भएको फैसला मनासिब नै देखिएको हुँदा अन्यथा गर्नुपर्ने नदेखिने।

प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं.बमोजिम सजाय गर्दा चर्को पर्ने भनी सुरू सुनसरी जिल्ला अदालत र पुनरावेदन अदालत, विराटनगरले व्यक्त गरेको रायको सन्दर्भमा विचार गर्दा मृतक र प्रतिवादीबीच पूर्वरिसइबी नदेखिएको, मार्ने मनसायसमेतबाट मृतकलाई कुटपिट नगरी मृतकले थप्पड हिर्काएको अवस्थामा प्रतिवादीले टोकेको र सोसमेतको कारणबाट कलेजोको रोग र संक्रमण फैलिएर दुवै कारणले मृतकको मृत्यु भएको अवस्थामा निज प्रतिवादीले कसुरमा इन्कार भई बयान गरे तापनि घटना, परिस्थिति र भएको व्यहोरा खुलाई न्याय सम्पादनमा सहयोग पुऱ्याएको वारदातमा कुनै किसिमको हतियार, लाठा, ढुङ्गा वा अरू ज्यान मार्नेसम्मको गैरकुरा नभएको अवस्था परिस्थितिलाई समेत विचार गर्दा निज प्रतिवादीलाई आरोपित कसुरमा ठहरेबमोजिम जन्मकैदसम्मको सजाय गर्दा चर्को पर्ने देखिएकोले कैद ६ वर्ष १ महिना १४ दिनको कैद सजाय गर्दासमेत न्यायको उद्देश्य पूरा हुने नै देखिँदा अ.बं.१८८ नं.बमोजिम पुनरावेदन अदालत, विराटनगरले कैद वर्ष ७(सात) सजाय हुनुपर्ने प्रस्ताव गरी पेस गरेको राय सो हदसम्म मिलेको नदेखिँदा निज प्रतिवादी कुमार लिम्बूलाई ६ वर्ष १ महिना १४ दिन कैद सजाय हुने।

इजलास अधिकृत : नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ असोज ४ गते रोज ३ शुभम्।

## इजलास नं. १५

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७०-WO-०७००, उत्प्रेषण / परमादेश, *कमला भट्टराई थापा वि. पुनरावेदन अदालत, धनकुटासमेत*

एकै चक्लाभित्रका कि.नं.९४८ र ९४९मा डम्बरबहादुर गिरी मोही कायम भएका र सो कुरामा विवाद नदेखिएको साथै अन्य बाँकी कि.नं.७१५ र ७१६ मा समेत निज मोही डम्बरबहादुर गिरीको मोही हक कायम हुनुनपर्ने कुनै पनि कारण देखिँदैन। अदालतको फैसलाबाट मोही हक बारेमा स्पष्ट बोलिसकेको र सोही फैसलालाई आधार मानी मोही कायम गर्ने निर्णय भएको देखिँदा सो निर्णय गैरकानूनी देखिन नआउने।

भूमिसुधार कार्यालय, तथा मालपोत कार्यालय, जस्ता अर्धन्यायिक निकायले गरेको निर्णयउपर भूमिसम्बन्धी ऐनको दफा ५५ को वैकल्पिक उपचारको बाटो हुँदाहुँदै निवेदक रिट क्षेत्रमा प्रवेश गरेको तथा मिति २०६७।१२।१४ को निर्णय बदर गर्न मिति २०७०।१२।२० मा यस अदालतमा प्रबेश गरेको देखिँदा विलम्बको सिद्धान्तले समेत प्रस्तुत

रिट निवेदन मनासिब देखिन आएन। तसर्थ मालपोत कार्यालयको मिति २०६७।१२।१४ को निर्णयमा त्रुटि नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न उचित र आवश्यक देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सुमन पाण्डे

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल फागुन २२ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७०-WO-०७९७, उत्प्रेषण / परमादेश, *रामकुमार यादव वि. निर्धन उत्थान बैंक लि. के.का. अनामनगरसमेत*

निवेदकलाई हिनामिना गरेको रकम रू. ९१,११४।९४ असुलउपर गरी हदैसम्मको विभागीय सजाय किन नगर्ने भनी मिति २०७०।५।४ मा स्पष्टिकरण सोधिएको समेत देखिएबाट हदैसम्मको सजाय प्रस्ताव गरी स्पष्टिकरण मागिएको देखिँदा विनियमावलीको नियम ९५(१) को त्रुटि देखिन आउन । निज रिट निवेदकले पेस गेरेको लिखित प्रतिउत्तरमा एकपटकका लागी माफी पाउँ अबका दिनमा यस्ता किसिमका गल्ती मबाट हुने छैनन् भनी आफ्नो गल्तीलाई स्वीकारेको देखिन्छ । अर्कोतर्फ निवेदनमा उल्लेख भएअनुसार एउटै कसुरमा अन्य कर्मचारीहरूलाई बर्खास्त नगरी मलाई मात्र बर्खास्त गरियो भन्ने जिकिरमा प्रत्यर्थी बैंकले कसुरको मात्राअनुसार निज कर्मचारीहरूलाई पनि सेवाबाट बरखास्त गरिएको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । बैंकले रकम हिनामिना गरेको भनी अनुसन्धानबाट देखिएको शाखा प्रमुख वृजकुमार यादव र लेखापाल हरिकृष्ण प्रसाद चौरासियालाई पनि रकम असुलउपर गरी सेवाबाट बर्खास्त गर्ने गरी मिति २०७०।७।१० मा भएको निर्णय भेदभावपूर्ण देखिन नआउने।

तसर्थ बैंकको रकम हिनामिना गरी बैंकको विश्वसनीयतामा असर पार्ने गरी प्रतिवादीबाट भएको कार्य गम्भिर प्रकृतिको भएको हुँदा निवेदकलाई सेवाबाट बर्खास्त गर्ने गरी प्रत्यर्थी निर्धन उत्थान बैंकबाट भएको निर्णय गैरकानूनी देखिन नआएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सुमन पाण्डे

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल फागुन २२ गते रोज १ शुभम्।

## इजलास नं. १६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७३-WO-०२१८, उत्प्रेषण, *कृष्णप्रसाद सापकोटा वि. नेपाल सरकार जिल्ला शिक्षा कार्यालय नवलपरासीसमेत*

निवेदकले म २०६४।४।२८ देखि निरन्तररूपमा हाजिर भई अध्यापन गरी आएको हुँदा मेरो उमेरको गणना २०६४।४।२७ बाट गणना गर्दा ४० वर्ष नकाटेको भन्ने दाबी लिएको देखिन्छ। सो दाबीअनुसार निज निरन्तररूपमा शिक्षक पदमा रहेको नदेखिई पहिलो लियन पदमा काम गरेर बीचमा सो सेवा टुट्न गई पुनः मिति २०६५।९।१ बाट दोस्रो पटक नियुक्ति पाएको देखिन्छ। मिसिल संलग्न मिति २०६५।१२।२० को जिल्ला शिक्षा कार्यालय, नवलपरासीको पत्रमा निवेदकलाई पुनस्थापना गरिएको भन्ने उल्लेख भएबाट निवेदकको सेवामा निरन्तरता रहेनछ भन्ने देखिन्छ । पुनः नियुक्ति भएको स्थितिमा निजले प्रत्येक नियुक्तिमा न्यूनतम योग्यता देखाउनु नै पर्दछ । निजले दोस्रो नियुक्तिमा शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम १० ले तोकेबमोजिम शिक्षक पदको लागि चाहिने अधिकतम उमेर ४० वर्ष नाघिसकेको पाइएकोले अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निजको नियुक्ति सच्याउने भनी गरेको मिति २०७३।१।५ को निर्णय कानूनविपरीत रहेको भन्न मिल्ने नदेखिने।

निज कृष्णप्रसाद सापकोटा देवचुली उच्च मा.वि.रजहर नवलपरासीको शिक्षक पदमा दोस्रो पटक मिति २०६५।९।१ मा नियुक्ति हुँदा निजको

नागरिकताको प्रमाणपत्रमा उल्लिखित उमेरको आधारबाट ४० वर्ष नाघिसकेको भन्ने देखिन आएकोले शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम १० अनुसार शिक्षक पदमा नियुक्ति हुन चाहिने न्यूनतम योग्यता नै निवेदकमा रहेको नदेखिएकोले निजको अब शिक्षक सेवा आयोगको परीक्षामा सम्मिलित हुने हक बन्न सक्ने देखिएन । यस स्थितिमा निजको फायल नबुझेको विषयलाई त्रुटिपूर्ण भन्न मिल्ने नदेखिने ।

रिट निवेदकको नियुक्ति कानूनविपरीतको भई सच्याउने भन्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णय मिति २०७३।१।५ मा हुनुपूर्व र पछि पनि अध्यापन गरिरहेको भन्ने देखिँदा शिक्षा नियमावली, २०५९ को नियम १०१ बमोजिम निजले काम गरेको अवधिको तलब भत्ता सुविधा पाउने नै देखिन्छ। तसर्थ रोक्का भएको मितिदेखि कार्यरत रहेको अवधिसम्मको तलब भत्ता र अन्य कानूनले पाउने सुविधा कानूनबमोजिम हिसाब गरी दिनु दिलाउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल फागुन ३० गते रोज २ शुभम् ।

## इजलास नं. १७

**मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-WO-००४६, परमादेश, *जयराम श्रेष्ठ वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

प्रस्तुत रिट निवेदनको विषयवस्तु मूलरूपमा सर्वोच्च अदालत लगायतका संवैधानिक निकायहरूमा रिक्त हुन जाने पदमा संसदीय सुनुवाई समिति नभएको कारण उक्त पदहरू लामो समय रिक्त हुन जाने स्थिति नहोस्, देशमा शान्ति सुरक्षा, अमनचैयन र सुशासन कायम गर्ने कार्य संवैधानिक निकायका पदाधिकारीको अभावमा बाधा नपुगोस् भन्ने देखिन्छ । मिति २०६९।२।१४ मा विघटन भएको संविधान सभाको दोस्रो निर्वाचन मिति २०७०।८।४ मा भई उक्त संविधान सभाले २०७२।६।३ मा नेपालको संविधान जारी गरेको र उक्त मितिबाट संविधान सभा व्यवस्थापिका संसदमा रूपान्तरण हुने कुरा संविधान को धारा २९६ मा उल्लेख भएको र सोहीअनुरूप संविधान सभा व्यवस्थापिका संसदमा रूपान्तरण भएको अवस्था पनि छ। वर्तमान संविधानको धारा २९२ मा रहेको संसदीय सुनुवाइसम्बन्धी व्यवस्थाबमोजिम व्यवस्थापिका संसद नियमावली, २०७३ जारी भई सोहीबमोजिम व्यवस्थापिका संसद मातहत संसदीय सुनुवाई समिति गठन भई संसदीय सुनुवाइसम्बन्धी कार्यविधि निर्माण गरी सुनुवाई समितिबाट सर्वोच्च अदालतका प्रधान न्यायाधीश तथा न्यायाधीशहरू, न्याय परिषद सदस्य, संवैधानिक निकायका प्रमुख र पदाधिकारी तथा राजदुतसमेतको सुनुवाई भइसकेको अवस्था देखिन्छ । परिवर्तित वर्तमान अवस्थामा निवेदकले उल्लेख गरेजस्तो संवैधानिक निकायहरू पदाधिकारी विहीन रहने, संसदीय सुनुवाई समिति गठन हुन नसक्ने अवस्थाको विद्यमानता रहेको नहुँदा निवेदकको निवेदन मागबमोजिम रिट जारी गर्नु नपर्ने ।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल भदौ ८ गते रोज ४ शुभम् ।

## इजलास नं. १८

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-WO-०५८७, उत्प्रेषण, *लिलादेवी श्रेष्ठ, वि. पुरातत्व विभाग, रामशाहपथ काठमाडौंसमेत*

विवादको सत्तलको पूर्ववत् अवस्थाका फोटोहरूसमेत मिसिल संलग्न रहेको देखियो, तर उक्त सत्तल वास्तवमा के कति अवधि पुरानो हो भन्ने सम्बन्धमा पुरातत्व विभागसँग कुनै अभिलेख नभए पनि यस अदालतसमक्ष विवाद प्रस्तुत भई कारण देखाउ आदेश जारी भएपश्चात् आफैँले उक्त

विवादको सत्तलको निरीक्षण गरी त्यसबारे सामान्य अनुसन्धान गरी अदालतलाई सत्यतथ्य जानकारी दिनुपर्नेमा पुरातत्व विभागले त्यस्तो कुनै प्रयास गरेको देखिँदैन । अदालतले दिएको सूचनाको लिखित जवाफ दिने औपचारिकतासम्म पूरा गर्नु तर विवाद आएपछि एकपटक अवलोकनसमेत नगर्नु जिम्मेवार पदाधिकारीहरूको चरम लापरवाही मान्नुपर्दछ। सम्बन्धित गुठीयारहरूले उक्त सत्तलबारे कुनै जानकारी नदिएकै कारण कुनै पनि पुरातात्विक महत्त्वको स्मारकहरू लोप हुने अवस्था सिर्जना हुनु स्वीकार्य नदेखिने।

अदालतबाट जारी भएको कारण देखाउ आदेशको सूचना प्राप्त हुना साथ पुरातत्व विभागले निरीक्षण गरी कारबाही गरेको भए उक्त विवादको स्मारकको पुरातात्विक महत्त्व सम्बन्धमा स्पष्ट हुने अवस्था विद्यमान नै थियो तर हाल गुठीयारहरूले सत्तल भत्काई लगीसकेको भनिएको र भवन निर्माण कर्ताहरूले नयाँ भवन नै निर्माण गरिसकेको अवस्थामा पुरातात्विक महत्त्वको पुराना कलात्मक वस्तुहरूको आधिकारिक पुष्टि हुनसक्ने अवस्था विद्यमान नदेखिने।

पुरानो सत्तल भत्काएपछिका सामानहरू के भयो, कसले लग्यो भन्नेबारे गुठियार तथा भवन निर्माणकर्तासमेत मौन बसेको र घर निर्माण नक्सा स्वीकृत गर्ने ललितपुर उपमहानगरपालिकासमेतबाट त्यहा सत्तल वा पुरातात्विक महत्त्व हुन सक्ने केही संरचना थियो थिएन भन्ने बारे कुनै छानबिन नगरी नक्सा पास गरेबाट यी सबै पक्ष आ-आफ्नो कर्तव्यबाट चुकेको प्रस्टै देखिन्छ। सरसर्ती हेर्दा प्राचीन स्मारकको महत्त्व र प्राचीन सष्कृतिको जगेर्नाका सम्बन्धमा विपक्षी बनाइएका सबै पक्षहरूमा चेतना र सामान्य अग्रसरताको अभाव देखिने।

अब, निवेदकले प्रश्न उठाएको कि.नं. २४ निजी गुठीको रूपमा रहेको र हाल पुरानो भवन भत्काई नयाँ भवन बनिसकेको भन्ने इजलासलाई जानकारी गराएको प्राचीन महत्त्वको मन्दिर हाल यथास्थितिमा नै रहेकोमा लिखित जवाफबाट प्राचीन मन्दिर इत्यादिको संरक्षण गरिने प्रतिबद्धता र निजी गुठीले पनि आफ्नो उदेश्य र कर्तव्यसमेत पूरा गर्ने कुरा व्यक्त भइरहेको देखिएकोले अब उप्रान्त यस्ता प्रकृतिका विवाद उत्पन्न भएमा तत्काल निरीक्षण र अनुगमन गर्ने प्रतिबद्धता गरेको विश्वास गर्न सकिने नै हुँदा रिट जारी गर्नुपर्ने अवस्था देखिएन। प्रस्तुत रिट खारेज हुने।

तर पुरातात्विक महत्त्वको विषय भएको र पुरातत्व विभागले तत्कालै अवलोकन गरी हेर्नसक्ने प्राचीन वस्तुहरूका सम्बन्धमा हलुका तरिकाबाट लिखित जवाफ प्रस्तुत गरेकोदेखिएको हुँदा यस प्रकृतिका विवाद उठेमा वा प्राचीन पुरातात्विक महत्त्वका स्मारकहरूबारे कुनै मुद्दामार्फत वा अन्य तरिकाबाट जानकारी हुन आएमा प्राचीन स्मारक संरक्षण ऐन,२०१३ को दफा ३ग को दायराभित्र पर्ने स्मारक हो होइन, यकिन गर्न तत्काल आवश्यक कदम चाल्नुपर्ने अवस्था हुँदा यस्ता प्रकृतिका मठमन्दिर गुठीहरूको अनुगमन गरी फेहरिस्त तयार गरी पुरातात्विक महत्त्वका स्मारकहरूको संरक्षणका लागि आवश्यक कारबाही गर्नु भनी पुरातत्व विभागका नाममा यो निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

इति संवत् २०७३ साल माघ २ गते रोज १ शुभम्।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"

- सर्वोच्च अदालत, मेलमिलाप समिति